"सुन्दर र समृद्ध दुप्चेश्वरको सार: कृषि, पर्यटन, सम्पदा र जलाधार"

भाग २ :

आवधिक विकास योजना

(आ.व.२०७६/०७६ – २०८०/०८१)



दुप्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

समुन्द्रटार, प्रदेश नं. ३, नुवाकोट

असार, २०७६

दुप्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुप्चेश्वर, नुवाकोट
प्रदेश नं. ३

मन्तव्य

.....
योविन्द्र सिंह तामाङ
अध्यक्ष

दुप्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुप्चेश्वर, नुवाकोट
प्रदेश नं. ३

मेरो भन्नु

.....
अञ्जु आचार्य
उपाध्यक्ष

दुप्चेश्वर गाउँपालिका

प्रथम आवधिक योजना अवधारणा सारांश

दीर्घकालिन सोच	:	सुन्दर, समृद्ध दुप्चेश्वरको सार: कृषि, पर्यटन, सम्पदा र जलाधार
ध्येय		गाउँपालिकाबासीको आम्दानीस्तर उच्च र जीवनस्तर गुणस्तरीय बनाउनु
मार्गदर्शक सिद्धान्त		जनकेन्द्रित विकास तथा विकास प्रक्रियामा सामुदायको अर्थपूर्ण सहभागिता संस्थागत क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि समन्वय, सहकार्य तथा साझेदारी वातावरणमैत्री शासन तथा विपद् प्रतिरोधी पूर्वाधार सामाजिक समावेशीकरण तथा अवसरमा समता व्यवस्थित भू-उपयोग परिणाममुखी दीगो विकास
लक्ष्य	:	सुशासन, स्वच्छता, उत्पादनशीलता तथा उत्थानशीलता वृद्धि गरी स्थानीयस्तरमा रोजगारीका दीगो अवसरहरु सिर्जना गर्नु
उद्देश्य	:	१. स्थानीय स्तरमा आय तथा रोजगारीका अवसरहरूमा वृद्धि गर्नु २. स्थानीय मौलिक संस्कृतिको संरक्षण, प्रवर्द्धन गरी पर्यटन व्यवसायलाई रोजगारीको स्रोतका रुपमा विकास गर्नु ३. स्वस्थ, दक्ष तथा समयानुकूल प्रतिस्पर्धी मानव संशाधनको विकास गर्नु ४. नियमित (वर्षैभरि चल्ने), भरपर्दो र सुरक्षित यातायात सेवा विस्तार गर्नु ५. सबै घरपरिवार र उत्पादनशील क्षेत्रमा ऊर्जाको पहुँचमा सहजता र आपूर्तिमा पर्याप्तता सुनिश्चित गर्नु ६. वनको सञ्चितीका साथसाथै वनमा आधारित जीविकोपार्जनका अवसरमा वृद्धि गर्नु ७. विपद्जन्य घटनाहरूबाट हुने क्षति नोक्सानी न्यूनीकरण गर्नु ८. सेवा प्रवाहको गुणस्तर, विकास व्यवस्थापन तथा सुशासनको स्तरमा अभिवृद्धि गर्नु
समष्टिगत रणनीति	:	१. कृषि तथा पशुपालनको क्षेत्रमा संलग्न ठूलो हिस्साको जनसंख्यालाई घटाइ थोरै जनसंख्याबाट व्यवासायिकरणमार्फत् कृषि तथा पशुपालन क्षेत्रको समग्र उत्पादन तथा उत्पादकत्व बढाउने र बाँकी जनसंख्यालाई पर्यटनलगायत अन्य आयआर्जनका क्षेत्रमा संलग्न गराई समग्र गाउँपालिकाको उत्पादन र आय वृद्धिमा जोड दिने २. वन तथा जलाधार संरक्षणमा सहभागितामूलक तथा वैज्ञानिक पद्धति अवलम्बन गरी वनको सञ्चिती, उत्पादन तथा उत्पादकत्व वृद्धिमार्फत् वन क्षेत्रलाई जीविकोपार्जन तथा आयआर्जनसँग आवद्ध गर्ने ३. वातावरण, वन, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापनकालाई स्थानीय शासन तथा विकास प्रक्रियामा एकीकृत गरी विकासका प्रतिफलमा दिगोपन सुनिश्चित गर्ने । विकासका प्रक्रियालाई वातावरणमैत्री तथा नतिजालाई उत्थानशील र दीगो बनाउने । ४. शिक्षा तथा स्वास्थ्य सेवा र स्वच्छ खानेपानी तथा सरसफाई सुविधामा गुणस्तर वृद्धि गरी स्वस्थ, सभ्य र सक्रिय जनशक्ति तयार गर्ने ५. विकासका प्रक्रिया र प्रतिफलमा कोही नछुटुन् (leave no one behind) भन्ने विषयलाई व्यवहारिक कार्यान्वयन गरी योजनाको प्रतिफल गुणस्तरीय र सहजरुपमा सम्बन्धित सबै लाभग्राहीले प्राप्त गर्ने कुराको सुनिश्चिता गर्ने ६. नियम, पद्धति, प्रविधि तथा अधिकारमा आधारित सेवा प्रवाह प्रणाली स्थापना गरी नागरिकले प्राप्त गर्ने सेवा सुविधा तथा गुणस्तरमा अभिवृद्धि गर्ने ७. समन्वय, सहकार्य, साझेदारी तथा विकास व्यवस्थापनको साझा विषयका रुपमा स्थापित गरी विपद् जोखिम व्यवस्थापनका अवधारणाहरूलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ८. ऊर्जाको सहज र पर्याप्त पहुँच सुनिश्चित गरी स्थानीय स्रोतको परिचालनलाई गति दिने
उद्देश्य १ (आर्थिक विकास क्षेत्र) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल १.१		कृषि प्रणाली व्यवसायिक तथा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने
प्रतिफल १.२		पशुपालन व्यवसायिक तथा उत्पादनमा वृद्धि भएको हुने
प्रतिफल १.३		खेतीयोग्य जमीनमा सिंचाई सुविधा विस्तार भएको हुने

प्रतिफल १.४		स्थानीय उद्योग, व्यापार, व्यवसायमा संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुने
प्रतिफल १.५		बैंक तथा वित्तीय सेवामा सबै नागरिकको पहुँच कायम भएको हुने
उद्देश्य २ (संस्कृति तथा पर्यटन क्षेत्र) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल २.१		स्थानीय मौलिक कला, संस्कृति, भाषाको संरक्षण, संम्वर्द्धन भएको हुने
प्रतिफल २.२		व्यवस्थित पूर्वाधार सहितको आकर्षक पर्यटकीय स्थलहरूको विकास भएको हुनेछ ।
उद्देश्य ३ (सामाजिक विकास क्षेत्र) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल ३.१		प्राविधिक, बालमैत्री र गुणस्तरीय शिक्षामा पहुँच वृद्धि भएको हुनेछ ।
प्रतिफल ३.२		गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँचमा वृद्धि भएको हुनेछ ।
प्रतिफल ३.३		स्वच्छ खानेपानीमा पहुँच वृद्धि तथा सरसफाईको स्तरमा अभिवृद्धी भएको हुनेछ ।
प्रतिफल ३.४		लक्षित वर्गको क्षमता तथा स्वरोजगारीका अवसरमा वृद्धि भएको हुनेछ ।
प्रतिफल ३.५		युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलता एवं उत्पादनशीलतामा वृद्धि भएको हुनेछ ।
उद्देश्य ४ (पूर्वाधार विकास क्षेत्र) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल ४.१		सडकको गुणस्तर, सञ्जालीकरण तथा अन्य यातायात पूर्वाधारमा वृद्धि भएको हुने ।
प्रतिफल ४.२		एकीकृत वस्ती, सुरक्षित आवास, व्यवस्थित बजार तथा सार्वजनिक सुविधामा अभिवृद्धि भएको हुने ।
प्रतिफल ४.३		सूचना तथा संचार प्रविधिको पहुँचमा वृद्धि भएको हुने
उद्देश्य ५ (ऊर्जा क्षेत्र) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल ५.१		विद्युत् सेवाको उपलब्धता र नियमितातामा वृद्धि भएको हुने
प्रतिफल ५.२		स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुने
उद्देश्य ६ (वन तथा वातावरण क्षेत्र) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल ६.१		वनको गुणस्तरमा सुधार, जैविक विविधताको संरक्षण तथा वनबाट हुने आयआर्जनका अवसरमा वृद्धि भएको हुने
प्रतिफल ६.२		जलाधार क्षेत्रको गुणस्तर वृद्धि भई भूक्षय नियन्त्रण भएको हुने
प्रतिफल ६.३		पर्यावरणीय स्वच्छता तथा सुन्दरतामा अभिवृद्धि भएको हुने
उद्देश्य ७ (वन तथा वातावरण क्षेत्र) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल ७.१		विपद् पूर्वतयारी तथा न्यूनीकरण अभ्यामा वृद्धि भएको हुने ।
प्रतिफल ७.२		समुदायमा जलवायु परिवर्तन अनुकूलनमा अभ्यासमा वृद्धि भएको हुने
उद्देश्य ८ (संस्थागत क्षमता विकास तथा सुशासन) सँग सम्बन्धित प्रतिफलहरू		
प्रतिफल ८.१		सेवा प्रवाह तथा कार्य सम्पादन प्रक्रिया सरल, स्पष्ट, सहज र पारदर्शी भएको हुने
प्रतिफल ८.२		गाउँपालिकाको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि भएको हुन
प्रतिफल ८.३		आन्तरिक तथा बाह्य स्रोत परिचालन क्षमतामा अभिवृद्धि भएको हुने
प्रतिफल ८.४		विकास प्रक्रिया व्यवस्थित सूचना तथा प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक भएको हुने

योजना लागि आवश्यक स्रोत अनुमान :

विषय क्षेत्र	अनुमानित स्रोत (रु. हजारमा)	प्रतिशत
आर्थिक विकास	३८१५००	११.१७
संस्कृति तथा पर्यट्न	१५२७५०	४.४७
सामाजिक विकास	७६५९००	२२.४२
पूर्वाधार विकास	१६०६७७९	४७.०४
विद्युत् तथा ऊर्जा विकास	३३३५०	०.९८
वन तथा वातावरण	८१२००	२.३८
विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन	२५४०००	७.४४
संस्थागत विकास तथा सुशासन	१४०२५०	४.११
कुल जम्मा	३४१५७२९	१००.००

दस्तावेजः	दुप्चेश्वर गाउँपालिकाको प्रथम आवधिक विकास योजना, २०७६
प्रकाशकः	दुप्चेश्वर गाउँ कार्यपालिकाको कार्यालय, समुन्द्रटार, नुवाकोट *http://www.dupcheshwormun.gov.np*
सर्वाधिकारः	प्रकाशकमा
प्राविधिक सहयोग :	सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रा.लि. (एसडिआईसी)
सहयोग	पूर्णिमा : भूकम्प पश्चात्को पुनर्लाभमा वेलायती सहयोग नियोगको सहयोग

शब्द सङ्क्षेप

आ.व.	:	आर्थिक वर्ष
कि.मि.	:	किलोमिटर
गा.पा	:	गाउँपालिका
गैसस	:	गैरसरकारी संस्था
ला.रा.नि.		लाङटाङ राष्ट्रिय निकुञ्ज
रु.	:	रुपैंया
हे.	:	हेक्टर
SWOT	:	Strength, Weakness, Opportunity and Threats

विषय सूची

परिच्छेद १ : परिचय ***१***

१.१ पृष्ठभूमि 1

१.२ योजना तर्जुमाको उद्देश्य 2

१.३ कानुनी तथा नीतिगत व्यवस्था 2

१.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया 3

१.४.१ योजना तयारी कार्याशाला गोष्ठी 3

१.४.२ वस्तुस्थिति विवरण तथा आधार सूचना तयारी 3

१.४.३ योजना तर्जुमा कार्यशाला गोष्ठी 3

१.४.५ योजना दस्तावेज तयारी 4

१.४.६ मस्यौदा प्रस्तुती, सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी 4

१.५ सीमा 5

परिच्छेद २ : दीर्घकालीन सोच तथा अवधारणा ***६***

२.१ अवधारणा 6

२.२ दीर्घकालीन सोच 6

२.३ मार्गदर्शक सिद्धान्त 7

२.४ लक्ष्य 7

२.५ उद्देश्य 7

२.६ समष्टिगत रणनीति तथा प्राथमिकता 8

२.७ सम्भाव्य स्रोत अनुमान 8

२.८ नतिजा तालिका 9

परिच्छेद ३ : आर्थिक विकास योजना ***२५***

३.१ पृष्ठभूमि 25

३.२ वर्तमान अवस्था 25

३.२.१ कृषि तथा सिंचाइ 25

क) संभावना, अवसर र विद्यमान अवस्था 25

ख) समस्या तथा चुनौति 26

३.२.३ पशु विकास 26

क) संभावना, अवसर र विद्यमान अवस्था 26

ख) समस्या तथा चुनौति 26

३.२.४ उद्योग, व्यापार तथा व्यवसाय 27

क) संभावना, अवसर र विद्यमान अवस्था 27

ख) समस्या तथा चुनौति 27

३.२.५ बैंक, वित्तीय संस्था एवं सहकारी 27

क) संभावना, अवसर र विद्यमान अवस्था 27

ख) समस्या तथा चूनौति 27

३.३ उद्देश्य 27

३.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना 27

३.२.७ रणनीति तथा कार्यनीति 30

परिच्छेद ४ : संस्कृति तथा पर्यटन विकास योजना ***३३***

४.१ पृष्ठभूमि 33

४.२ संभावना, अवसर 33

क) संभावना, अवसर र विद्यमान अवस्था 33

ख) समस्या तथा चुनौति 33

४.४ उद्देश्य 34

४.७ रणनीति कार्यनीति 34

४.८ प्रमुख रणनीतिक कार्यक्रम आयोजना 34

४.६ रणनीति तथा कार्यनीति 35

परिच्छेद ५ : सामाजिक विकास योजना ***३६***

५.१ पृष्ठभूमि 36

५.२ शिक्षा तथा सीप विकास 36

क) संभावना, अवसर र विद्यमान अवस्था 36
ख) समस्या तथा चुनौती 37
५.३ स्वास्थ्य तथा पोषण 37
क) संभावना, अवसर र विद्यमान अवस्था 37
ख) समस्या तथा चुनौती 37

स्वास्थ्य तथा पोषणको क्षेत्रमा आधारभुत सेवामा के कठिनाइ छ **38**
५.४ खानेपानी तथा सरसफाइ 38
क) संभावना, अवसर र विद्यमान अवस्था 38
ख) समस्या तथा चुनौती 38
५.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण 38
क) संभावना, अवसर र विद्यमान अवस्था 38
ख) समस्या तथा चुनौती 38
५.६ युवा तथा खेलकुद 39
क) संभावना, अवसर र विद्यमान अवस्था 39
ख) समस्या तथा चुनौति 39
५.७ उद्देश्य 39
५.८ रणनीति कार्यनीति 39
५.१० प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना) 39
४.६ रणनीति तथा कार्यनीति 41

परिच्छेद ६ : पूर्वाधार विकास योजना ***४५***
६.१ पृष्ठभूमि 45
६.२ सडक तथा यातायात 45
क) संभावना, अवसर र विद्यमान अवस्था 45
ख) समस्या तथा चुनौती 45
६.३ आवास, भवन तथा शहरी विकास 45
क) संभावना, अवसर र विद्यमान अवस्था 45
ख) समस्या तथा चुनौती 46
६.४ सूचना तथा संचार 46
क) संभावना, अवसर र विद्यमान अवस्था 46
ख) समस्या तथा चुनौती 46
६.५ उद्देश्य 46
६.६ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना) 46
६.७. रणनीति तथा कार्यनीति 48

परिच्छेद ७ : विद्युत् तथा ऊर्जा ***५०***
७.१ पृष्ठभूमि 50
क) संभावना, अवसर र विद्यमान अवस्था 50
ख) समस्या तथा चुनौती 50
७.२ उद्देश्य 50
७.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना) 50
७.४ रणनीति तथा कार्यनीति 51

परिच्छेद ८ : वन तथा वातावरण ***५२***
८.१ पृष्ठभूमि 52
८.२ वन तथा जैविक विविधता 52
क) संभावना, अवसर र विद्यमान अवस्था 52
ख) समस्या तथा चुनौती 53
८.३. भूसंरक्षण तथा जलाधार व्यवस्थापन 53
क) संभावना, अवसर र विद्यमान अवस्था 53
ख) समस्या तथा चुनौती 53
८.४. वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन 54
क) संभावना, अवसर र विद्यमान अवस्था 54
ख) समस्या तथा चुनौती 54
८.५ उद्देश्य 54

८.६ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना) 54
८.७. विषयगत रणनीति तथा कार्यनीति 55

परिच्छेद ५ : विपद् जोखिम व्यवस्थापन ***५७***
५.१ पृष्ठभूमि 57
क) संभावना, अवसर र विद्यमान अवस्था 57
ख) समस्या तथा चुनौती 57
५.२ उद्देश्य 58
५.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना) 58
५.४ विषयगत रणनीति तथा कार्यनीति 59

परिच्छेद १० : संस्थागत विकास तथा सुशासन ***६०***
१०.१ पृष्ठभूमि 60
१०.१.१ विद्यमान स्थिति तथा संभावना तथा अवसर 60
क) सम्भावना तथा अवसर 61
ख) समस्या तथा चुनौती 61
१०.२ उद्देश्य 62
१०.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना) 62
१०.४ विषयगत रणनीति तथा कार्यनीति 64

परिच्छेद ११ : स्रोत व्यवस्थापन ***६७***
१०.१ वित्तीय स्रोत 67
१०.१.१ विषयगत क्षेत्रअनुसार आवश्यक अनुमानित रकम 67
१०.१.२ वित्तीय स्रोत परिचालन 68
१०.१.३ वित्तीय स्रोत परिचालनका उपाय 68
१०.२ मानवीय स्रोत 69
१०.२.१ मानव संशाधनको अवस्था 69
१०.२.२ प्रस्तावित मानव संशाधन 69
१०.३ भौतिक स्रोत 69

परिच्छेद १२ : अनुगमन तथा मूल्याङ्कन विधि ***७०***
१२.१ पृष्ठभूमि 70
११.२ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी 70
११.३ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया 70
११.४ अनुगमन तथा मूल्याकंनका साधन 71

अनुसूची **72**

परिच्छेद १ : परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्था गरेअनुरुप तीन तहकै सरकारको निर्वाचनपश्चात् आम नागरिकको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय तहको निर्वाचन भई स्थानीय सरकारले कार्य सम्हालेको दुई वर्ष पुरा भएको छ । स्थानीय सरकारको अनुभव नेपालको इतिहासमै पहिलो भएको हुँदा संस्थागत पूर्वाधार तयार गर्ने, स्थानीय तहका आवश्यक नीति निर्माण गर्ने तथा केही अलमलबीचमै यस दुई वर्षको अवधि पुरा भएको छ । मुलुकमा राजनीतिक स्थायित्वपश्चात् नागरिकको ठूलो अपेक्षालाई साकार पार्न गाउँपालिकाहरूलाई स्पष्ट सोच, खाका, प्राथमिकता, रणनीति, कार्यनीति तथा आवश्यक कार्यक्रम बजेट सहित नतिजामापनयोग्य योजना तर्जुमा गर्नु आजको आवश्यकता भएको छ । यसका साथै विद्यमान कानुनअनुसार गाउँपालिका र नगरपालिकाले संविधान, कानूनी तथा नीतिगत व्यवस्था बमोजिम स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ । यस परिवेशमा गाउँपालिकामा कार्यरत अन्तर्राष्ट्रिय विकास साझेदार संस्था तथा आवधिक योजना तर्जुमाको लामो अनुभव बोकेको प्राविधिक संस्थाको प्राविधिक सहयोगमा गाउँपालिकाले यो योजना तर्जुमा गरेको छ ।

नेपालको संविधानले मूल संरचनाका रुपमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको परिकल्पना गरेको छ । जसअनुसार आफ्नो अधिकार क्षेत्रको विषयमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी तिनै तहमा रहेको छ ।

स्थानीय तहको योजना तर्जुमाका क्रममा दीगो विकास लक्ष्य र संघीय तथा प्रादेशिक योजनासँग तादम्यता जरुरी हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरको छ । सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारी वृद्धि, जनसहभागिता प्रवर्द्धन, समावेशी, दीगो विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ । नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवम् कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्बन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन् गरी यो योजना तर्जुमा गरिएको छ ।

संघीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय सरकारले समृद्धि र सुशासनको जनआकांक्षालाई दिशानिर्देश गर्न आवधिक योजनाको आवश्यकता रहेको छ । गाउँपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक विकास योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोहोऱ्याउने काम गर्दछ । नेपालको संविधान र कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ ।

स्थानीय तहको विकास प्रयासलाई दिशानिर्देश गर्न विषयक्षेत्रगत गुरुयोजना, आवधिक तथा वार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरू लेखाजोखा गर्न विषयगत सूचना तथा श्रोत नक्सा सहित वस्तुस्थिति विवरण तयार समेत गरिएको छ, जुन आवधिक योजना आधार दस्तावेजको रुपमा रहने छ । वस्तुस्थिति विश्लेषण विवरणको आधारमा गाउँपालिकाको विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी गाउँपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक विकास योजना (२०७६/०७७ - २०८०/८१) तर्जुमा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम गाउँ सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलहरू तथा अन्य सरोकारवालाको सहभागितामा सुनिश्चित गरिएको छ ।

आवधिक विकास योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकास लागि दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ । यस योजनाले गाउँपालिको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा अनुगमनको लागि आधार प्रदान गर्नुका साथै आगामी पाँच वर्षको मार्गचित्र तयार गरी त्यसका लागि स्रोत परिचालनको योजना समेत तय गरिएको छ । आवधिक योजनाको आधारमा वार्षिक योजना र मध्यकालिन खर्च संरचनाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तयार गरी आवधिक योजनाको कार्यान्वयन र निर्धारित ढाँचा अनुसार आवधिक योजना कार्यान्वयन प्रक्रिया, नतिजा अनुगमन तथा मापन, असर र प्रभावको लेखाजोखा गरिनेछ ।

१.२ योजना तर्जुमाको उद्देश्य

स्थानीय तहमा योजनाबद्ध विकासका लागि गाउँपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक गाउँ विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । यो योजना आ.व.२०७६/०७७ – २०८०/०८१ सम्म पाँच वर्षका लागि तर्जुमा गरिएको छ । यो योजना योजना तर्जुमाका निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन् :

- गाउँपालिकाको समग्र विकास तथा स्रोत परिचालनको स्थिति पहिचान तथा विश्लेषण गर्ने ।
- गाउँबासीको चाहनाअनुसारको दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा प्रमुख कार्यक्रम र बजेट सहितको मध्यकालीन योजना तयार गर्ने ।
- गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने नविन तथा प्रमुख कार्यक्रम र कार्यनीति तयार गर्ने ।
- गाउँ विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।
- गाउँ विकासको स्पष्ट मार्गचित्र तयार गर्ने ।

१.३ कानुनी तथा नीतिगत व्यवस्था

स्थानीय तहको आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवम् प्रदेश कानुनसहित स्थानीय कानुन समेतलाई मध्यनजर गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन सञ्चालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने व्यवस्थालाई योजनामा समावेश गरिएको छ ।

- योजनामा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची तयार गरिएको,
- स्थानीय बुद्धिजीवी, विषयविज्ञ, पेशाविद्, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराइएको,
- कार्यक्रम र प्रमुख आयोजनाहरूको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार गरिएको
- योजनामा संघ तथा प्रदेश सरकारबाट संचालन गर्न आवश्यक आयोजना कार्यक्रमलाई अवसरको रुपमा समावेश गरिएको
- आवधिक योजनमा उल्लिखित आयोजना र कार्यक्रमको आधारमा वार्षिक योजना तर्जुमा गर्दा आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको व्यवस्था गरिएको

- योजना तर्जुमा प्रक्रियामा गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले संचालन गर्ने तथा साझेदारिमा संचालन हुने आयोजना, कार्यक्रम तथा लगानी समेत योजनामा समावेश गरिएको
- नेपाल सरकारको पूर्व स्वीकृति बमोजिम विकास साझेदार तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट गाउँपालिकामा हुने कार्यक्रम तथा लगानीलाई योजनामा मध्यनजर गरिएको

संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत व्यवस्थालाई गाउँपालिकाका सन्दर्भमा उपयुक्त हुने विषयलाई स्थानीयकरण गरी आधारको रुपमा अपनाइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरू
- नेपाल सरकारको दीर्घकालिन सोच तथा पन्ध्रौं योजना
- राष्ट्रिय भूउपयोग नीति २०६९ लगायत राष्ट्रिय, प्रादेशिक विषयगत नीति, ऐन तथा नियम
- प्रदेश ३ सरकारको सरकारको पहिलो आवधिक योजना
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषय क्षेत्र गुरुयोजनाहरू

१.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

१.४.१ योजना तयारी कार्याशाला गोष्ठी

गाउँ कार्यपालिकाको आयोजनामा कार्यपालिकाका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवालाबीच आवधिक विकास योजना बारेमा साझा धारणा, बुझाइ, योजना तर्जुमा प्रक्रिया, कार्ययोजना तयारी र स्वीकृत गर्न २०७६ असार १८-२१ गते योजना तर्जुमा कार्याशाला गोष्ठी आयोजना गरियो । गाउँपालिकाका अध्यक्ष तथा प्रशासकीय अधिकृत अकस्मात् गाउँपालिकाबाहिर जानुपरेको हुँदा अध्यक्षको आदेशानुसार गाउँ कार्यपालिकाका उपाध्यक्ष श्रीमती रञ्जु आचार्यको अध्यक्षतामा संचालन भएको उक्त कार्यशालामा वडा अध्यक्षलगायत कार्यपालिकाका सदस्य, गाउँ कार्यपालिका कार्यालयका शाखा प्रमुख, वडा सचिव तथा स्थानीय संघ/ संस्थाका प्रतिनिधि समेत ६७ जनाको उपस्थिति रहेको थियो । कार्याशालामा आवधिक विकास योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती जानकारी, छलफल र कार्ययोजना स्वीकृत गरिएको थियो ।

१.४.२ वस्तुस्थिति विवरण तथा आधार सूचना तयारी

यो आवधिक गाउँ विकास योजना तर्जुमाको कार्य सुरु गर्नुअघि नै गाउँपालिकाले गाउँवस्तुगत विवरण तयारीको काम सुरुआत गरिसकेको थियो । दोहोरोपन हटाउनका लागि उक्त वस्तुस्थिति विवरण तयारी सम्पन्न भई गाउँपालिकाले उक्त वस्तुस्थिति विवरण प्राविधिक टोलीलाई हस्तान्तरण गऱ्यो । यसपश्चात् प्रावधिक टोलीले उक्त वस्तुस्थिति विवरण अध्ययन गरी आवधिक योजना तर्जुमाका लागि आवश्यक सूचनाहरू खासगरी नतिजा खाकामा एकीकृत गऱ्यो । आवधिक योजनाका लागि थुप्रै सूचनाहरू अपुग भएकाले द्वितीय स्रोतबाट थप सूचनाहरू संकलन गरेर तथा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीहरूमा सहभागितामूलक छलफल गरी न्यूनतम सूचनाको अभाव पूर्ति गरियो । वस्तुस्थिति विश्लेषण विवरणमा वस्तुस्थिति विवरणको पहिलो परिच्छेदमा परिचय, दोस्रो परिच्छेदमा गाउँपालिकाको परिचय तथा तेस्रो परिच्छेदमा परिवर्तनको प्रवृत्ति (जनसांख्यिक, आर्थिक, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, पूर्वाधार, विपद् जोखि व्यवस्थापन) प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा पाँच विषयगत क्षेत्रहरू (आर्थिक, सामाजिक, पूर्वाधार/ऊर्जा, वन वातावरण तथा विपद् जोखिम व्यवस्थापन र संस्थागत विकास तथा सुशासन) मा अवसर, बाधा, कमजोरी, शक्तिको विश्लेषण प्रस्तुत गरिएको छ । पाँचौं विषयगत क्षेत्रमा लैंगिकता र गरिबीको विश्लेषण प्रस्तुत गरिएको छ भने छैठौं परिच्छेदमा वित्तीय विश्लेषण प्रस्तुत गरिएको छ ।

१.४.३ योजना तर्जुमा कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमाका लागि २०७६ असार १८ देखि २१ गतेसम्म बृहत् कार्यशाला गोष्ठी आयोजना गरियो । पहिलो दिन उद्घाटन सत्र तथा परिचय तथा औपचारिक कार्यक्रमहरू सम्पन्न गरेपछि गाउँपालिकाको आवधिक योजनाको अवधारणा,

कानुनी व्यवस्था तथा आधाररेखा सूचनाको रुपमा रहेको वस्तुगत विवरणको सारांश प्रस्तुत गरियो । यसपश्चात् खाजा खाने समयपश्चात् वस्तुस्थिति विश्लेषणको बारेमा सहजकर्ताहरूको तर्फबाट प्रस्तुती गरियो अनि उपस्थित सहभागीलाई पाँच समूह (आर्थिक, सामाजिक, पूर्वाधार वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन र संस्थागत विकास तथा सुशासन समूहमा वर्गीकृत गरी गाउँपालिकाको विकासका अवसर, बाधा, कमजोरी तथा शक्ति (SWOT analysis) लाई हामीसँग के छ, के छैन भन्ने ढाँचामा समूह कार्य गराइयो । यसपश्चात् दोस्रो दिन समूह कार्य प्रस्तुतीकरण गरी गाउँपालिकाको दीर्घकालीन सोच तर्जुमा गरियो । दीर्घकालीन सोच तर्जुमा गर्नुअघि आवधिक योजनामा दीर्घकालीन सोचको स्थान, आवश्यकता, महत्व, तथा यसका विशेषताका बारेमा सहजकर्ताबाट प्रस्तुत गरिएको थियो । यसपश्चात् प्रचलित दीर्घकालीन सोचका प्रकार तथा केही उदाहरणहरू प्रस्तुत गरी सहभागीहरूको बुझाइमा एकरुपमा कायम गरियो र मष्तिष्क मन्थन गरी गाउँ विकासका सन्दर्भमा उपलब्ध अवसर, बाधा, कमजोरी तथा शक्तिलगायत समग्र वस्तुस्थितिको आधारमा दीर्घकालीन सोचहरू प्रस्ताव गरिए । प्रस्तावित दीर्घकालीन सोचहरू पुनः समग्र सहभागीहरूबीच प्रस्तुत गरी सर्वसम्मतिका आधारमा एकवटा दीर्घकालीन सोच छनोट गरियो तथा त्यसलाई थप भाषागत परिमार्जन गरी गाउँपालिकाको दीर्घकालीन सोच तर्जुमा गरियो । दीर्घकालीन सोच तर्जुमा पश्चात् सहजकर्ताको प्रस्तुती तथा सहभागितामूलक छलफल गरी गाउँपालिका विकासको ध्येय (:ष्ककष्यल) तर्जुमा गरियो ।

दीर्घकालीन सोच तथा ध्येय निर्धारणपश्चात् आवधिक योजनाको नतिजा खाका तथा प्रमुख रणनीतिक कार्यक्रम र बजेटको बारेमा सहजकर्ताबाट प्रस्तुत गरी समूहकार्यमार्फत् नतिजा श्रृंखला तथा सूचक, आधाररेखा सूचना, भौतिक लक्ष्य, पुष्ट्याइका आधारसहितको खाका तयार गरियो । कार्यान्वयन योजना अन्तर्गत अपेक्षित नतिजा हासिल गर्न आवश्यक प्रमुख रणनीतिक आयोजना/ कार्यक्रम, भौतिक लक्ष्य, आवश्यक स्रोत अनुमान र स्थानगत तथा कार्यक्रमको विवरण तथा विषय क्षेत्रगत अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गरिने रणनीति तथा कार्यनीति समेत तर्जुमा गरियो ।

कार्यशालाको चौथो दिन आवधिक योजनाका लागि आवश्यक अनुमानित बजेट, योजना अवधिमा प्राप्त हुन सक्ने सम्भाव्य बजेट तथा अपुग स्रोत पूर्तिका उपायसम्बन्धमा सहजकर्ताको गृहकार्य प्रस्तुत गरियो । अन्तमा समापन कार्यक्रम सञ्चालन गरी योजना कार्यशाला गोष्ठीको समापन गरिएको थियो ।

यस कार्याशाला गोष्ठीमा कार्यापालिकाका पदाधिकारी, सबै विषय क्षेत्र योजना तर्जुमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषयविज्ञ, समाजसेवी, बुद्धिजीवी, लक्ष्यित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र समुदायिक संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो । कार्यशालामा मस्तिष्क मन्थन, समूह कार्य, बृहत् समूह प्रस्तुती तथा छलफल आदि कार्यशाला विधिको प्रयोग गरिएको थियो ।

१.४.५ योजना दस्तावेज तयारी

गाउँपालिकामा विद्यमान विषयगत समिति, कार्यपालिका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरूसँगको परामर्शबाट प्राप्त विवरण, सूचना तथा निष्कर्षलाई नतिजामूलक योजना तर्जुमाको ढाँचामा लिपिवद्ध गरियो । यसलाई विषय विज्ञहरूको सहयोगमा थप परिमार्जन गरी आवधिक योजना तर्जुमा गरिएको छ ।

आवधिक योजना तर्जुमाको कार्यविवरणलाई मध्यनजर गरी यस योजना दस्तावेजलाई ११ परिच्छेदमा विभाजन गरिएको छ, जसअनुसार परिचय, दीर्घकालीन सोच तथा अवधारणा, विषय क्षेत्रगत योजना (आर्थिक, संस्कृति तथा पर्यटन, सामाजिक, पूर्वाधार, ऊर्जा, विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन, संस्थागत विकास तथा सुशासन), स्रोत व्यवस्थापन तथा अनुगमन, मूल्यांकन रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना साविक जिल्ला तथा स्थानीय निकायका गाविसहरूका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाव लिई योजना तर्जुमा प्राविधिक टोलीद्धारा नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका विषय एवं प्राविधिक पक्षहरूलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

१.४.६ मस्यौदा प्रस्तुती, सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

सहभागितामूलक विधिबाट गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरूबीच बृहत् कार्यशाला गोष्ठी गरी तयार गरिएको यस आवधिक योजनाको मस्यौदामाथि आवश्यक सल्लाह सुझावका लागि गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गरिएको थियो । त्यसपश्चात् गाउँपालिकाले सम्बन्धित सबैसँग यस योजनाको मस्यौदामाथि आवश्यक सल्लाह सुझाव प्राप्त गरिसकेपछि मिति २०७६ भदौ २ गते मस्यौदा प्रस्तुती कार्यशाला गोष्ठी आयोजना गरियो । कार्यशालामा गाउँ कार्यपालिकाका

पदाधिकारी, कर्मचारी, सरोकारवालाहरु तथा दुईजना सहजकर्ता सहित कुल ३० जनाको उपस्थिति रहेको थियो । उक्त कार्यशालामा सहजकर्ताहरुका तर्फबाट तयार भएको मस्यौदा आवधिक योजनाका मुख्य विषयवस्तुका बारेमा प्रस्तुती गरिएको थियो । त्यसपश्चात् आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन/वातावरण/विपद् जोखिम व्यवस्थापन तथा संस्थागत विकास र सुशासन गरी पाँच समूहमा सहभागीहरु वर्गीकृत भई आवधिक योजनाको विस्तृत समूह अध्ययन गरिएको थियो । यसपश्चात् समूहबाट टोली नेताका तर्फबाट सुझावहरु सम्पूर्ण सहभागीका बीचमा प्रस्तुत गरिएको थियो । यसरी प्राप्त गरिएका सल्लाह सुझावका आधारमा यस योजनालाई विषयविज्ञको सुझावसमेतका आधारमा परिमार्जन गरी अन्तिम मस्यौदा गाउँपालिकासमक्ष पेश गरिएको छ ।

१.५ सीमा

यस आवधिक विकास योजना तर्जुमा सीमाहरू देहायअनुसार रहेका छन् ।

- आवधिक योजना तर्जुमा गर्नुभन्दा अगाडि नै तयारी गरिएको वस्तुस्थिति विवरणमा आधारित भएको र सो वस्तुगत विवरणमा आवधिक योजनाका लागि आवश्यक पर्याप्त सूचनाहरु उपलब्ध नभएको परिप्रेक्ष्यमा उपलब्ध न्यूनतम सूचनामा आधारित रही यो योजना तर्जुमा गरिएको छ । थप सूचना/तथ्यांक समूह छलफल तथा अन्य द्वितीय स्रोतबाट संकलन गरी पूर्ति गरिएको छ ।
- प्रदेश नं. ३ मा प्रदेश सरकारले पहिलो प्रादेशिक आवधिक योजना तर्जुमाको क्रममा रहेको हुँदा प्रादेशिक र संघीय सरकारका विषय क्षेत्रभित्रका साझा अधिकारका क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यकिन गर्न सकिने अवस्था भइनसकेको हुँदा यो आवधिक योजनाले समेटेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैरसरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी पूर्ण हुन सकेको छैन र आगामी वर्षमा यसलाई पूर्णता दिइने छ ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा सोही अनुसार स्रोत साधनको अनुमान तथा प्रक्षेपण संभाव्य श्रोत आँकलन गरिएको छ ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन यथार्थ बनाउन सकिएको छैन ।

परिच्छेद २ : दीर्घकालीन सोच तथा अवधारणा

२.१ अवधारणा

स्थानीय तहमा सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई गाउँपालिकाको साझा सोच र लक्ष्यतर्फ उन्मुख गर्न गाउँको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी गाउँ विकासको भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नु यस आवधिक विकास योजनाको मूलभूत अवधारणा हो ।

आवधिक विकास योजना मूलतः स्थानगत विशेषताहरूमा आधारित रहेर समग्र विषयगत क्षेत्रहरू समेट्ने गरी एकीकृत रुपमा तयार गरिएको छ । यसले स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण तयार गर्न सघाउ पुऱ्याउँदछ । यसमा गाउँपालिकाका सेवा प्रदायक निकाय, सेवाग्राही र सहयोगी निकायसहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन, मूल्यांकन, विश्लेषण, परामर्श कायम गरिएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसर्थ, आवधिक योजना समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्ने दस्तावेज मात्र नभई स्थानीय तहहरूको एक कानुनी दायित्व समेत हो । यस परिवेशमा तयार गरिएको यस आवधिक योजनामा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत समुचित मध्यनजर गरिएको हुँदा आवधिक गाउँ विकास योजना सम्बन्धित गाउँपालिकाको सर्वोच्च योजना हो ।

२.२ दीर्घकालीन सोच

आवधिक विकास योजनाले चाहेको अन्तिम गन्तव्य वा परिवर्तन आवधिक योजनाको दीर्घकालीन सोचमा प्रतिविम्बित गरिएको हुन्छ । गाउँपालिकाको समष्टिगत सामाजिक आर्थिक विकासका लागि तयार गरिने आवधिक गाउँ विकास योजनाको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको यसले जिल्ला विकासको लागि विभिन्न तहका उद्देश्यहरू (लक्ष्य, उद्देश्य, उपलब्धी, प्रतिफल) निर्धारण गरी उपरोक्त उद्देश्यहरू निश्चित अवधिभित्र हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्दछ तथा कार्यक्रम र बजेटसहित भविष्यको मार्गचित्रमा सरोकारवालाहरूबीच आमसहमति कायम गरी कार्यान्वयनका लागि आधार तयार गर्दछ । गाउँ विकास योजनामा दीर्घकालीन सोच उपल्लो स्थानमा रहने हुँदा योजनाका समग्र लक्ष्य, उद्देश्य र रणनीतिहरू गाउँको दीर्घकालीन सोच हासिल हुने दिशामा केन्द्रित हुन्छन् ।

दीर्घकालीन सोच गाउँ विकासका लागि मार्गदर्शक सोच भएको हुँदा यो तर्जुमा गर्ने चरणमा गाउँपालिकाको मौजुदा समस्या र सवालहरू (problems and issues) एवम् उपलब्ध अवसर र सम्भावनाहरू (opportunities and potentials) का आधारमा विगतको विकासको प्रवृत्तिसमेतलाई ध्यानमा राखी आगामी करिब २५-३० वर्षको अवधिमा गाउँपालिकालाई कस्तो अवस्थामा पुऱ्याउने भन्ने कुरामा मस्तिष्क मन्थन गरी सहभागितामूलक ढंगले दीर्घकालीन सोच निर्धारण गरिएको छ । यस प्रक्रियामा निर्धारण गरिएको दीर्घकालीन सोच निम्नअनुसार रहेको छ :

"सुन्दर, समृद्ध दुप्चेश्वरको सारः कृषि, पर्यटन, सम्पदा र जलाधार"

यस दीर्घकालीन सोचमा दुप्चेश्वर गाउँपालिकामा संचालन गरिने सबै विकासका प्रयासहरूबाट अन्तिम गन्तव्यका रुपमा सुन्दर र समृद्ध गाउँपालिका बनाउने दीर्घकालीन सोच परिकल्पना गरिएको छ । यस दीर्घकालीन सोचले गाउँपालिकालाई स्वच्छ, सफा, मनमोहक, सुन्दर तथा गरिबीमुक्त र समृद्ध गाउँपालिकाको रुपमा देख्न चाहेको छ । यस दीर्घकालीन सोच हासिल गर्न गाउँपालिकामा कृषि, पर्यटन, सम्पदा र जलाधारलाई अग्रणी क्षेत्रका रुपमा लिइएको छ ।

२.३ ध्येय

यस आवधिक योजनाको ध्येय देहायअनुसार रहेको छ :

गाउँपालिकाबासीको आम्दानीस्तर उच्च र जीवनस्तर गुणस्तरीय बनाउनु

२.४ मार्गदर्शक सिद्धान्त

गाउँपालिकाको माथि उल्लिखित दीर्घकालीन सोचको दिशातर्फ अघि बढ्न यो योजना कार्यान्वयन गर्ने दिशामा अघि बढ्न निम्नअनुसार मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

१. **जनकेन्द्रित विकास तथा विकास प्रक्रियामा सामुदायको अर्थपूर्ण सहभागिता :** समुदायको प्रत्यक्ष माग र आवश्यकतामा आधारित, धेरै जनसंख्यालाई लाभान्वित गर्ने, समुदायलाई प्रत्यक्ष र छिटो फाइदा पुऱ्याउने योजनाहरूलाई प्राथमिकता दिई जनकेन्द्रित विकासलाई प्रवर्द्धन गरिनेछ तथा जनकेन्द्रित विकासमार्फत् विकास गतिविधिमा समुदायको अर्थपूर्ण सहभागिता कायम गरी समग्र विकासको गतिलाई तिव्रता दिइनेछ ।

२. **संस्थागत क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि :** गाउँपालिकाको संस्थागत क्षमता विकास गरी विकास गतिविधिको कार्यान्वयनलाई प्रभावकारी बनाइने छ । साथै पदाधिकारीलगायत कर्मचारी सबैमा जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

३. **समन्वय, सहकार्य तथा साझेदारी :** गाउँमा गाउँपालिकाबाट सञ्चालन हुने सबै विकास गतिविधिहरूमा सम्बन्धित सबै सरोकारवालाहरूसँग समन्वय गरिनेछ गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्ने अन्य सबै निकाय/संस्थालाई पनि गाउँपालिकासँग नियमित समन्वय गर्न लगाइने छ । साथै उपयुक्त स्थान/विषयमा सहकार्य तथा साझेदारी समेत गरी विकास गतिविधिलाई किफायती तथा प्रभावकारी बनाइनेछ ।

४. **वातावरणमैत्री शासन तथा विपद् प्रतिरोधी पूर्वाधार :** सम्पूर्ण विकास गतिविधि कार्यान्वयन गर्दाका बखतमा वातावरणीय संवेदशीलता, उत्थानशीलता उक्त गतिविधिको दीगोपनलाई विशेष ध्यान दिइनेछ । साथै बहुविपद् प्रतिरोधी पूर्वाधार निर्माण गरी विकास आयोजनाको दीगोपन सुनिश्चित गरिनेछ ।

५. **सामाजिक समावेशीकरण तथा अवसरमा समता :** सबै विकास गतिविधि तथा विकासका प्रतिफल हासिल गर्ने प्रयासमा समानुपातिक सामाजिक समावेशीकरणको ख्याल गरिनेछ । साथै, सिमान्तीकृत तथा अल्पसंख्यक समुदायलाई अवसरमा विशेष प्राथमिकता दिई मूलप्रवाहीकरण गरिनेछ ।

६. **व्यवस्थित भू-उपयोग :** ग्रामीण परिवेशमा उत्पादनको प्रमुख साधनको रुपमा रहने हुँदा व्यवस्थित भूउपयोगमार्फत् जमिनबाट प्राप्त हुन सक्ने अधिकतम लाभ सुनिश्चित गर्ने तथा विकासका परिणामहरू सुन्दर र दीगो बनाउन विशेष ध्यान दिइनेछ । यसका लागि जमिनको प्रकृति, विद्यमान उपभोगको अवस्था तथा जमिनबाट प्राप्त हुन सक्ने अधिकतम लाभका आधारमा भूमिको वर्गीकरण गरिनेछ ।

७. **परिणाममुखी दीगो विकास :** गाउँपालिकामा सञ्चालन हुने हरेक विकास प्रयासलाई परिणाममुखी र दीगो बनाउने प्रयास गरिनेछ । तथ्यांकमा आधारित योजना तथा नतिजामा आधारित योजना अनुगमन प्रणाली स्थापना गरी विकासको प्रतिफल/परिणामलाई मापनयोग्य बनाइनेछ । गाउँपालिकामा तथ्यांक प्रणाली स्थापना तथा नियमित अद्यावधिकरण गरी तथ्यांकमा आधारित योजना तर्जुमा गर्न सहज वातावरण सिर्जना गरिनेछ तथा आधाररेखापश्चात्को नतिजा मापन गरी योजनाको अनुगमन र सुझावहरूको कार्यान्वयनमार्फत् योजनाका लक्ष्य उद्देश्यको प्राप्ती सुनिश्चित गरिनेछ ।

२.५ लक्ष्य

यस आवधिक योजनाको समग्र लक्ष्य देहायअनुसार रहेको छ :

सुशासन, स्वच्छता, उत्पादनशीलता तथा उत्थानशीलता वृद्धि गरी स्थानीयस्तरमा रोजगारीका दीगो अवसरहरु सिर्जना गर्नु

सुशासित, वातावरणीय रुपमा स्वच्छ, आयातभन्दा निर्यात बढी भएको आत्मनिर्भर अर्थतन्त्र, रोजगारीका अवसरयुक्त, उत्थानशील तथा स्थानीयस्तरमा रोजगारीका दीगो अवसरयुक्त गाउँपालिका निर्माण गर्नु यस आवधिक योजनाको लक्ष्य रहेको छ ।

२.६ उद्देश्य

यस योजनाका सात वटा विषयगत क्षेत्रहरूका योजनाहरूको कार्यान्वयनबाट देहायअनुसार उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

- उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दीगो वृद्धि गर्नु
- स्थानीयस्तरको संरक्षित मौलिक संस्कृति र पर्यटन प्रवर्द्धनलाई आयआर्जनको एक प्रमुख स्रोतको रुपमा स्थापित गर्नु
- स्वस्थ, दक्ष तथा समयानुकूल प्रतिस्पर्धी मानव संशाधनको विकास गर्नु
- नियमित (वर्षैभरि चल्ने), भरपर्दो र सुरक्षित यातायात सेवा विस्तार गर्नु
- सबै घरपरिवार र क्षेत्रमा ऊर्जाको सहज र पर्याप्त पहुँच सुनिश्चित गर्नु
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउनु

- विपद्जन्य घटनाहरूबाट हुने क्षति नोक्सानी कम गर्नु
- सेवा सुविधा, कार्यसम्पादन र जवाफदेहिता तथा गुणस्तरमा अभिवृद्धि गर्नु

२.६ समष्टिगत रणनीति तथा प्राथमिकता

प्रथम आवधिक विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ :

१. कृषि तथा पशुपालनको क्षेत्रमा संलग्न ठूलो हिस्साको जनसंख्यालाई घटाइ थोरै जनसंख्याबाट व्यवासायिकरणमार्फत् कृषि तथा पशुपालन क्षेत्रको समग्र उत्पादन तथा उत्पादकत्व बढाउने र बाँकी जनसंख्यालाई पर्यटनलगायत अन्य आयआर्जनका क्षेत्रमा संलग्न गराई समग्र गाउँपालिकाको उत्पादन र आय वृद्धिमा जोड दिने

२. वन तथा जलाधार संरक्षणमा सहभागितामूलक तथा वैज्ञानिक पद्धति अवलम्बन गरी वनको सञ्चिती, उत्पादन तथा उत्पादकत्व वृद्धिमार्फत् वन क्षेत्रलाई जीविकोपार्जन तथा आयआर्जनसँग आवद्ध गर्ने

३. वातावरण, वन, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापनकालाई स्थानीय शासन तथा विकास प्रक्रियामा एकीकृत गरी विकासका प्रतिफलमा दिगोपन सुनिश्चित गर्ने । विकासका प्रक्रियालाई वातावरणमैत्री तथा नतिजालाई उत्थानशील र दीगो बनाउने ।

४. शिक्षा तथा स्वास्थ्य सेवा र स्वच्छ खानेपानी तथा सरसफाई सुविधामा गुणस्तर वृद्धि गरी स्वस्थ, सभ्य र सक्रिय जनशक्ति तयार गर्ने

५. विकासका प्रक्रिया र प्रतिफलमा कोही नछुटुन् (leave no one behind) भन्ने विषयलाई व्यवहारिक कार्यान्वयन गरी योजनाको प्रतिफल गुणस्तरीय र सहजरुपमा सम्बन्धित सबै लाभग्राहीले प्राप्त गर्ने कुराको सुनिश्चिता गर्ने

६. नियम, पद्धति, प्रविधि तथा अधिकारमा आधारित सेवा प्रवाह प्रणाली स्थापना गरी नागरिकले प्राप्त गर्ने सेवा सुविधा तथा गुणस्तरमा अभिवृद्धि गर्ने

७. समन्वय, सहकार्य, साझेदारी तथा विकास व्यवस्थापनको साझा विषयका रुपमा स्थापित गरी विपद् जोखिम व्यवस्थापनका अवधारणाहरूलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने

८. ऊर्जाको सहज र पर्याप्त पहुँच सुनिश्चित गरी स्थानीय स्रोतको परिचालनलाई गति दिने

यस आवधिक योजनाका प्राथमिकताप्राप्त क्षेत्रहरु देहायअनुसार हुनेछ :

यस आवधिक योजनाले तयार गरेको दीर्घकालीन सोचले कृषि, पर्यटन, सम्पदा र जलाधार क्षेत्रलाई गाउँपालिकाको दीर्घकालीन सोच प्राप्तीका दिशामा उन्मुख गराउन प्रमुख अग्रणी क्षेत्रका रुपमा लिएको छ । यी अग्रणी क्षेत्रहरु गाउँपालिकामा उपलब्ध अवसर, सबल पक्ष/सम्भावना तथा बाधा र कमजोरीसमेतलाई विश्लेषण गरी पहिचान गरिएको हो । उल्लिखित यिनै अग्रणी क्षेत्रहरु गाउँपालिकाको प्राथमिकताप्राप्त क्षेत्रका रुपमा रहने छन् । उपरोक्त विश्लेषणका आधारमा कृषि तथा पशुपालनको व्यवसायीकरण, पर्यटन प्रवर्द्धन, भूमि तथा जलस्रोतको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय स्तरमा आयवृद्धि र रोजगारीका अवसरहरु सिर्जना गर्ने तथा यसका लागि आवश्यक पूर्वाधार तयार गर्ने क्रियाकलाप गाउँपालिकाको आगामी योजनाहरु तर्जुमाका क्रममा लगानीका प्रमुख प्राथमिकता प्राप्त क्षेत्रहरुका रुपमा रहनेछन् ।

२.७ सम्भाव्य स्रोत अनुमान

विद्यमान संवैधानिक तथा कानुनी व्यवस्था, प्रचलन र गाउँपालिकाको संस्थागत क्षमता तथा स्थानीय तहको सामाजिक तथा आर्थिक अवस्था समेतका आधारमा गाउँपालिकाको यो पाँच वर्षीय योजना कार्यान्वयन गर्न चालु मूल्यमा कुल रु. दुई अर्ब ७४ करोड चार लाख ३९ हजार प्राप्त हुन सक्ने अनुमान गरिएको छ । पहिलो वर्षको बजेटमा दोस्रो वर्षदेखि सामान्यतया १० प्रतिशतका दरले वृद्धि गरिएको छ । यससम्बन्धी थप विवरण निम्न अनुसार रहेको छ :

(रु. ००० मा)

बजेटका स्रोतहरु	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	जम्मा
आन्तरिक आय रकम	५०००	६०००	७२००	८६४०	१०३६८	३७२०८
संघ सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम	७३४००	८४४१०	९७०७२	१११६३२	१२८३७७	४९४८९१
प्रदेश सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम	१४५२४	१६७०३	१९२०८	२२०८९	२५४०३	९७९२६
रोयल्टीबाट प्राप्त रकम	१२८०	१५३६	१८४३	२२१२	२६५४	९५२५

बजेटका स्रोतहरु	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	जम्मा
संघ सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान	८५४००	९८२१०	११२९४२	१२९८८३	१४९३६५	५७५७९९
संघ सरकारबाट प्राप्त सशर्त अनुदान	१३४३००	१५४४४५	१७७६१२	२०४२५४	२३४८९२	९०५५०२
संघ सरकारबाट प्राप्त विशेष अनुदान रकम	०	०	०	०	०	०
संघ सरकारबाट प्राप्त समपुरक अनुदान रकम	०	२००००	२२०००	२४२००	२६६२०	९२८२०
प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान	९९३१	११४२१	१३१३४	१५१०४	१७३६९	६६९५९
प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान	२२९६	२६४०	३०३६	३४९२	४०१६	१५४८१
प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान	०	०	०	०	०	०
प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान	०	१००००	११०००	१२१००	१३३१०	४६४१०
गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी रकम	१००००	११०००	१२१००	१३३१०	१४६४१	६१०५१
समुदायको लगानी तथा योगदान रकम	३५१७८	३८६९६	४२५६५	४६८२२	५१५०४	२१४७६५
निजी क्षेत्रको अनुमानित लगानी	२००००	२२०००	२४२००	२६६२०	२९२८२	१२२१०२
कुल वार्षिक स्रोत अनुमान	३९१३०९	४७७०६१	५४३९१२	६२०३५८	७०७८०१	२७४०४३९

२.८ नतिजा तालिका

गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध रुपमा दीर्घकालिन सोच तथा लक्ष्यतर्फ उन्मुख गराउन र तोकिएका उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न नतिजामूलक योजनाको ढाँचामा आवधिक विकास योजना तर्जुमा गरिएको छ। नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ। योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई यो योजना तर्जुमाको कार्यविवरणमा सामञ्जस्यता कायम गर्ने उद्देश्यले वातावरण व्यवस्थापन, सामाजिक विकास, संस्कृति तथा पर्यटन विकास, आर्थिक विकास, संस्थागत विकास, विपद् जोखिम व्यवस्थापन र ऊर्जा विकास गरी सात वटा विषयगत क्षेत्रहरूमा एकीकृत गरिएको छ। परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका देहायअनुसार रहेको छ।

आवधिक योजनाको एकीकृत नतिजा तालिका

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
प्रभाव : गाउँपालिकामा सुशासन तथा जीवनस्तरमा वृद्धि भएको हुनेछ	मानव विकास सूचकांङ्क (Local Level Status Paper, Province 3 Report, 2019)	मान	०.४२५	०.४५०	०.५७७	०.६०५	–संघ तथा प्रदेश सरकारका प्रतिवेदन –विकास साझेदारका अध्ययन प्रतिवेदन	
	रोजगारी दर (Local Level Status Paper, Province 3 Report, 2019)	प्रतिशत	६८.२२	६९	७०	७२		
	आय सूचक (Local Level Status Paper, Province 3 Report, 2019)	मन	०.५०५	०.५२५	०.५५०	०.६००		
	गाउँपालिकाको नीति, कानुन, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही	प्रतिशत	६०	६५	७५	८५		
असर) १ **(आर्थिक विकास) :** स्थानीय स्तरमा आय तथा रोजगारीका अवसरहरूमा वृद्धि भएको हुने	आफ्नो उत्पादनबाट बाह्रै महिना खान पुग्ने परिवार	प्रतिशत	२३	२५	३०	३५	–गाउँपालिका कृषि विकास शाखाको प्रगति प्रतिवेदन –कृषि सर्भेक्षण	गाउँपालिकाको संस्थागत क्षमता सुदृढ भएको हुनेछ । व्यवसायिक कृषिप्रति युवा आकर्षण वृद्धि भएको हुनेछ ।
	प्रति परिवार वार्षिक आय	रु. हजारमा	६०२	६५०	७५०	८५०		
	वार्षिक आम्दानीको दुई तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या	प्रतिशत	६०	५०	४०	३०		
	रोजगारीमा उत्पादन वृद्धि कृषि, पशु उद्योग	जना	१५००	१४००	१२००	१०००		
	जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औसत कुल कृषि उत्पादन)	रु. हजार/ हेक्टर	२४०	३००	३५०	४००		
प्रतिफल १.१ **(कृषि विकास):**	कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार	प्रतिशत	९०	८८	८५	८०	–गाउँपालिका कृषि विकास	व्यवसायिक कृषिप्रति युवा आकर्षण वृद्धि भएको हुनेछ ।
	साना किसान तथा उत्पादकको औसत वार्षिक प्रतिव्यक्ति आय	रु. हजारमा	९८	१००	११५	१३०		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
कृषि प्रणाली व्यवसायिक तथा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने	उन्नत विउ, जैविक मल, तोकिएअनुसारको विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार	प्रतिशत	१०	२०	४०	५०	शाखाको प्रगति प्रतिवेदन –कृषि सर्भेक्षण	सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। किसानहरुमा जलवायु परिर्वतन अनुकूलन सम्बन्धी ज्ञान, सीप र अभ्यास वृद्धि भएको हुनेछ।
	सक्रिय व्यवसायिक कृषक सूमह	संख्या	२५	४०	५०	६०		
	व्यवसायिक उत्पादनमा संलग्न कृषक	संख्या	५०	७५	१५०	२००		
	अन्नबाली उत्पादन							
	धानबालीको उत्पादन	टन	१७८७१.५२	१९६५९	२२३३९	२४१२७		
	कोदोबालीको उत्पादन	टन	१५३१८.४४	१६८५०	१९१४८	२०६८०		
	मकैबालीको उत्पादन	टन	२९१३.९७७	३२०५	३६४२	३९३४		
	आलुबालीको उत्पादन	टन	७३५१.४८	८०८७	९१८९	९९२४		
	कोल्ड स्टोर	संख्या (मेट)	०	१ (५०)	२ (१००)	४ (२००)		
	सेलार स्टोर	संख्या	०	०	१	१		
<u>प्रतिफल १.२</u> **(पशु विकास):** पशुपालन व्यवसायिक तथा उत्पादनमा वृद्धि भएको हुने	कुखुरा तथा पंक्षीको वार्षिक मासु उत्पादन	मे.टन	९०	१२५	१५०	२५०	–गाउँपालिका पशु विकास शाखाको प्रगति प्रतिवेदन –कृषि सर्भेक्षण	व्यवसायिक पशुपालनप्रति युवा आकर्षण वृद्धि भएको हुनेछ।
	सुँगुर वा बंगुरको वार्षिक मासु उत्पादन	मे.टन	१२०	१५०	२००	२५०		
	खसी, बोका, भेडाको वार्षिक मासु उत्पादन	मे.टन	१२५	१३०	१५०	२००		
	राँगाको वार्षिक मासु उत्पादन	मे.टन	३२	५०	६०	७५		
	वार्षिक दूध उत्पादन	लाख लिटर	२५०	३००	३५०	४००		
	व्यवसायिक पशुपालन व्यवसायमा संलग्न परिवार	संख्या	५००	७५०	१०००	१२००		
<u>प्रतिफल १.३</u> **(सिंचाई) :**	१२ ह्रै महिना सिंचाई हुने क्षेत्र	रोपनी	२०००	२२००	२५००	३०००	–गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) –सर्वेक्षण प्रतिवेदन	स्थानीय कला तथा संस्कृति संरक्षणमा जनस्तरमा
	नयाँ प्रविधिमा आधारित सुचारु सिंचाई आयोजना (पोखरी, ड्रिप, लिफ्ट आदि)	संख्या	०	१	२	२		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
खेतीयोग्य जमीनमा सिंचाई सुविधा विस्तार भएको हुने	सुचारु कुलो तथा नहर आयोजना	प्रतिशत	८०	८५	९०	९९	– प्रगति/अनुगमन प्रतिवेदन	अग्रसरता बढेको हुनेछ ।
प्रतिफल १.४ (उद्योग, व्यापार) : स्थानीय उद्योग, व्यापार, व्यवसायमा संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुने	उद्योग तथा व्यवसायमा संलग्न परिवार	संख्या	२०६९	२५००	३०००	३५००	– गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	संघीय संरचना दीगो भई स्थानीय तहहरुको संस्थागत विकास भएको हुनेछ ।
	सुचारु व्यापार व्यवसाय	संख्या	७६१	८००	९००	१०००		
	चालु लघु उद्योग	संख्या	१	३	५	१०		
	चालु घरेलु उद्योग	संख्या	०	५	८	१०		
	चालु साना उद्योग	संख्या	०	५	८	१०		
	उत्पादन र बजारीकरण सहकारी संस्था	संख्या	०	२	५	१०		
प्रतिफल १.५ (बैंक, सहकारी तथा वित्तीय सेवा) : बैंक तथा वित्तीय सेवामा सबै नागरिकको पहुँच कायम भएको हुने	सहकारी तथा वित्तीय संस्थामा आवद्ध घरपरिवार	प्रतिशत	५०	६०	८०	९०	– गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ । – वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ ।
	सेवा सुचारु बैक शाखा र वित्तीय सेवा प्रदायक	संख्या	७	९	१०	१२		
	बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम	रु. लाखमा	–	५०००	७५००	१००००		
	बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार	प्रतिशत	५०	६०	८०	९०		
असर २ (संस्कृति तथा पर्यटन विकास) : स्थानीय मौलिक संस्कृतिको संरक्षण, प्रवर्द्धन गरी पर्यटन व्यवसाय रोजगारीको स्रोतका रुपमा विकास भएको हुने	संरक्षित कला, सँस्कृति र सम्पदा	संख्या	५	६	८	१०	– गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– पर्यटन क्षेत्रमा आवश्यक न्यूनतम रकम लगानी भएको हुनेछ
	भमण गर्ने बाह्य पर्यटक (वार्षिक)	संख्या	१०००	१५००	२०००	२५००		
	भ्रमण गर्ने आन्तरिक पर्यटक (वार्षिक)	संख्या (हजारमा)	५००	६००	८००	१०००		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
प्रतिफल २.१ (संस्कृति): स्थानीय मौलिक कला, संस्कृति, भाषाको संरक्षण, संवर्द्धन भएको हुने	स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य संबन्धी अध्ययन तथा अनुसन्धान	संख्या	०	०	१	१	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – प्रगति/अनुगमन प्रतिवेदन	स्थानीय कला तथा संस्कृति संरक्षणमा जनस्तरमा अग्रसरता बढेको हुनेछ ।
	स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन	संख्या	०	०	१	१		
	मातृभाषा पढाइ हुने आधारभूत विद्यालय	प्रतिशत	–	१५	२५	५०		
प्रतिफल २.२ (पर्यटन): व्यवस्थित पूर्वाधार सहितको आकर्षक पर्यटकीय स्थलहरूको विकास भएको हुनेछ ।	पर्यटन र सेवामूलक व्यवसायमा संलग्न जनसंख्या	जना	२००	३००	५००	१०००	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – प्रगति/अनुगमन प्रतिवेदन	– संघीय संरचना अनुसार पर्यटन प्रर्वधन संबन्धी संघीय कानून तथा नीति तर्जुमा हुनेछ । – स्थानीय कला तथा संस्कृति संरक्षणमा जनस्तरमा अग्रसरता बढेको हुनेछ ।
	गापामा कार्यरत तालिम प्राप्त टुर गाइड	संख्या	२०	३०	५०	८०		
	व्यवस्थित पर्यटकीय स्थल	संख्या	१	५	१०	१५		
	व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ	स्थान	५	६	८	१०		
	पर्यटकीय स्तरका होटेल तथा रेष्टुरेण्ट	संख्या	१०	२०	४०	५०		
	स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा	संख्या	१	५	१०	१५		
	संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई	कि.मि.	१०	२०	५०	८९		
असर ३ (सामाजिक विकास) : स्वस्थ, दक्ष तथा समयानुकूल प्रतिस्पर्धी मानव संशाधनको विकास भएको हुने ।	जन्मदा २५०० ग्रामभन्दा कम तौल भएका शिशु	प्रतिशत	३.९	३	१	०.५	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ । – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानुन तर्जुमा हुनेछ ।
	कम जन्म तौल भएको बच्चाहरु	प्रतिशत	३.९	३	१	०		
	साक्षर जनसंख्या	प्रतिशत	५५	५८	७०	८५		
	सरकारी, गैरसरकारी र निजी क्षेत्रमा रोजगार	जना	२९००	३०००	३३९९	३६००		
	उच्च शिक्षामा अध्ययनरत विद्यार्थी	जना						
	अपाङ्गता भएकामध्ये स्वरोजगार भएकाको हिस्सा	प्रतिशत	–	१५	२५	४०		
	महिला शिक्षकको अनुपात	संख्या	१:५	१:५	१:४	१:३		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
	घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार	प्रतिशत	५५	५७	६५	७५		– सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ ।
	सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग (वार्षिक)	संख्या	६७१	८००	१०००	१२००		
	संरक्षण प्राप्त अनाथ बालवालिका	संख्या	१२०	११५	७०	५०		
	जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडी	संख्या	२	३	८	१०		
<u>प्रतिफल ३.१</u> **(शिक्षा):** प्राविधिक, र गुणस्तरीय शिक्षाको पहुँचमा वृद्धि भएको हुने ।	बालमैत्री पूर्वाधार (पर्खाल, कक्षा कोठा, र खेल मैदान) कम्प्युटर, इन्टरनेट सुविधा तथा छुट्टै छात्रा शौचालय समेत भएका विद्यालय	प्रतिशत	५०	६५	७५	८५	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ । – सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ ।
	बालमैत्री, विपद्मैत्री र लैंगिकमैत्री शैक्षिक पूर्वाधार	प्रतिशत	२०	३०	४०	५०		
	प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्षका बालबालिका	जना	२१३	२२०	२४०	२६०		
	कक्षा ८ को उत्तिर्ण दर	प्रतिशत	९८	९८	९९	९९		
	कक्षा ८ को निरन्तरता दर	प्रतिशत	९४	९३	९७	९८		
	कक्षा १० को निरन्तरता दर	प्रतिशत	९३	९४	९५	९७		
	प्राविधिक विद्यालय	संख्या	०	०	१	१		
<u>प्रतिफल ३.२</u> **(स्वास्थ्य):** गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भएको हुने ।	झाडा पखला संक्रमण दर (प्रतिहजारमा)	जना	३६५	३५०	२५०	१५०	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन – विद्यालय सुधार योजना प्रतिवेदन	– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । – अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र
	स्वास प्रश्वास संक्रमण दर (प्रतिहजारमा)	जना	१६६	१५५	१२०	८०		
	पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती	प्रतिशत	३०.४	३२	७०	९०		
	प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराउने सुत्केरी महिलाहरु	प्रतिशत	२.१	१०	३०	५०		
	बि.सि.जी. खोप पाएका १ वर्ष मुनिका बालबालिका	प्रतिशत	८४	८५	९५	९९		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
	बि.सि.जी. खोप पाएका तर दादुरा रुबेला दोस्रो खोप लगाउन छुट दर	प्रतिशत	२७	२०	७	०		सहभागितामा अभिबृद्धि हुनेछ । – सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ – गाउँपालिकाबाट सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रम तर्जुमा र पालना हुनेछ ।
	स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला	प्रतिशत	१९.१	३०	६०	९५		
	परिवार नियोजनका साधनको प्रयोग दर	प्रतिशत	२०.२	२५	३५	५०		
	स्थानीय स्वास्थ्य संस्था	संख्या	८	९	१०	११		
	जे.ई खोप पाएका १२ देखी २३ महिनाको बालबालीका	प्रतिशत	५६	६०	८५	९९		
	टि.टि. दोस्रो र दोस्रो भन्दा बढि पटक खोप लगाएका गर्भवती महिलाहरु	प्रतिशत	४९	५०	६०	७०		
	जन्मने बित्तिकै नाभी मलम लगाएको नवजात शिशु	प्रतिशत	१९.१	३०	६०	९५		
	स्वास्थ्य विमा गर्ने परिवार	प्रतिशत	०.५	१	३५	५०		
<u>प्रतिफल ३.३</u> **(खानेपानी तथा सरसफाइ) :** स्वच्छ खानेपानीमा पहुँच तथा सरसफाईको स्तरमा अभिवृद्धि भएको हुने ।	निजी धाराबाट नियमित खानेपानी उपभोग गर्ने जनसंख्या	प्रतिशत	१८.७४	२२	५५	७५	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । – स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।
	पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी	प्रतिशत	४०.१४	४५	८०	१००		
	उपचार गरिएको/सुरक्षित खानेपानी सुविधा उपयोग गर्ने जनसंख्या	प्रतिशत	०	५	८०	१००		
	स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी	प्रतिशत	७५	७६	९०	१००		
	सार्वजनिक शौचालय	संख्या	०	१	७	८		
	जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने जनसंख्या	प्रतिशत	४०	४५	७०	९०		
	फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने परिवार	प्रतिशत	०	०	३०	५०		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
प्रतिफल ३.४ (लक्ष्यित वर्ग– लैंगिक सशक्तिकरण तथा समाजिक समावेशीकरण) : लक्ष्यित वर्गको क्षमता विकास तथा स्वरोजगारीका अवसरमा वृद्धि भएको हुनेछ ।	नेतृत्वदायी पदमा महिला र अन्य लक्ष्यित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना	संख्या	१४	१५	१८	२०	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । – सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ ।
	समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) प्रतिनिधित्व भएका समिति, संयन्त्र तथा संजाल	संख्या	९	१०	१४	१४		
	सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति	संख्या	५०	७०१	१२०	१५०		
	व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला	संख्या	५००	५५०	९००	१५००		
	असहाय जेष्ठ नागरिक आश्रय केन्द्रबाट लाभान्वित	संख्या	०	०	१	१		
	उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसा पिडित	संख्या	१७	३३	४८	५८		
	होटेल, यातायात र घरेलु कामदार बालश्रमिक	संख्या	३००	५८०	७३०	७८०		
	लैङ्गिक हिंसा र छुवाछुतसम्बन्धी घटना (वार्षिक)	संख्या	४४	७९	९९	१०९		
	महिला शिक्षक अनुपात	संख्या	१:५	१.५	१.४	१.३		
प्रतिफल ३.५ (युवा तथा खेलकुद) : युवा वर्गमा सिर्जनशिलता, उद्यमशिलता एवं उत्पादनशिलतामा वृद्धि भएको हुने ।	क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा	संख्या	२४०	२६०	३७०	५००	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– स्थानीय सरोकारवाला बीचको सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । – युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ ।
	उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा	प्रतिशत	१०	२०	४०	६०		
	जिल्लास्तरीय खेलकुद मैदान	संख्या	५	६	९	१३		
	अभियन्ता वा स्वयंसेवक युवा	संख्या	०	०	८	१०		
	वैदेशिक रोजगारीमा गएका युवा	संख्या	१२००	११५०	१०००	८००		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
असर ४ **(पूर्वाधार विकास) :** यातायात सेवा नियमित (वर्षैभरि चल्ने), भरपर्दो र सुरक्षित भएको हुने ।	सडक घनत्व (कालोपत्रे र ग्राभेल)	कि.मी/व.कि.मी.	०.०९१	०.१२६	०.२२	०.३३	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– पूर्वाधार क्षेत्रमा आवश्यक न्यूनतम लगानी सुरक्षित भएको हुनेछ । – मध्यकालीन खर्च संरचना लागू भएको हुनेछ ।
	वर्षैभरि नियमितरुपमा सार्वजनिक यातायात सञ्चालन हुने वडा	संख्या			५	७		
	स्वच्छ ऊर्जा उपभोग गर्ने जनसंख्या	प्रतिशत	७१	७३	७५	८०		
	एकीकृत, व्यवस्थित वस्तीमा बसोवास गर्ने घरपरिवार	संख्या	०	१००	२००	२००		
प्रतिफल ४.१ **(सडक तथा यातायात) :** सडकको गुणस्तर, सञ्जालीकरण तथा अन्य यातायात पूर्वाधारमा वृद्धि भएको हुने ।	कालोपत्रे सडक	कि.मी.	०.५	१	५	१२	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– पूर्वाधार क्षेत्रमा आवश्यक न्यूनतम लगानी सुरक्षित भएको हुनेछ । – मध्यकालीन खर्च संरचना लागू भएको हुनेछ ।
	ग्राभेल सडक	कि.मी.	११.५	१५.५	२४.५	३१.५		
	पक्की पुल	वटा	४		६	८		
	आर.सी.सी. ढलान	मी.	०.५	१००	४००	७००		
	सोलिङ्ग गरिएको सडक	मी.	०.५	१००	४००	७००		
	झोलुङ्गे पुल नयाँ निर्माण	संख्या	०	२	५	७		
	कज्वे निर्माण	संख्या	१	६	१३	२१		
	बस पार्क	संख्या	०	०	१	२		
	प्रतिक्षालय	संख्या	०	२	४	७		
	सी.सी. क्यामेरा जडान	संख्या	०		८	१९		
	बायोइन्जिनियरिङ्ग सडक	कि.मी.	०.५	४.५	११.५	११.५		
प्रतिफल ४.२ **(आवास, भवन तथा शहरी विकास) :** एकीकृत वस्ती, सुरक्षित आवास, व्यवस्थित बजार तथा सार्वजनिक सुविधामा अभिवृद्धि भएको हुने ।	सार्वजानिक शौचालय	संख्या	२	४	७	९	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– कार्ययोजना अनुसार आवश्यक न्यूनतम बजेट सुनिश्चित भएको हुनेछ ।
	एकिकृत व्यवस्थित वस्ती	संख्या	१	१		२		
	व्यवस्थित बजार *(कृषि सामग्री, कृषि उपज तथा पशुजन्य उत्पादनको संकलन वा बिक्री केन्द्र आदिका लागि तोकिएको स्थान भएको र ढल तथा सडकबत्ती जस्ता पूर्वाधारयुक्त व्यवस्थित बजार)*	संख्या	०		२	४		
प्रतिफल ४.३ **(सूचना तथा संचार) :**	ल्याण्डलाइन टेलिफोन विस्तार भएका वडा	संख्या	०	१	४	८		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
सूचना तथा संचार प्रविधिको पहुँचमा वृद्धि भएको हुने	फ्री वाइफाई क्षेत्र निर्धारण भएको वडा	स्थान	०	२	५	७	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– कार्ययोजना अनुसार आवश्यक न्यूनतम बजेट सुनिश्चित भएको हुनेछ।
	एफ. एम रेडियो स्थापना	संख्या	०	०	०	१		
असर ५ **(विद्युत् तथा ऊर्जा) :** सबै घरपरिवार र उत्पादनशील क्षेत्रमा ऊर्जाको पहुँच सहज र आपूर्ति पर्याप्त भएको हुने	विद्युत् सुविधा उपलब्ध जनसंख्या	प्रतिशत	७३	८०	९०	९५	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– स्वच्छ ऊर्जाका क्षेत्रमा विकास साझेदारको लगानी र कार्यक्रममा बृद्धि हुनेछ
	परम्परागत ऊर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी	प्रतिशत	९०	८०	६५	५०		
	वैकल्पिक (सौर्य) प्रणालीबाट सेवा प्राप्त वडा	प्रतिशत		१	३	३		
प्रतिफल ५.१ **(विद्युत्) :** विद्युत् सेवाको उपलब्धता र नियमितातामा वृद्धि भएको हुने।	विद्युत् सेवा उपलब्ध घरधुरी	प्रतिशत	७३	८०	९०	९५	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– संघ, प्रदेश सरकारको लगानीमा वृद्धि भएको हुनेछ
	विद्युत् लाइन विस्तार कार्यक्रम	कि.मी.		१	७	१५		
	स्थानीय विद्युत् वितरण केन्द्र	संख्या	०		१	१		
प्रतिफल ५.२ **(स्वच्छ ऊर्जा) :** स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुने।	जडान भएका सुचारु सौर्य ऊर्जा प्रणाली संख्या	संख्या	०	०	१५०	१५०	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– स्वच्छ ऊर्जाका क्षेत्रमा विकास साझेदारको लगानी र कार्यक्रममा बृद्धि हुनेछ
	सोलार जडान वडा कार्यालय	स्थान	०	१	३	३		
	सौर्यऊर्जा प्रयोग गर्ने घरपरिवार	प्रतिशत	४०	५०	६०	७०		
असर ६ **(वन, वातावरण) :** वनको सञ्चिती तथा वनमा आधारित	काठदाउरा बिक्रीबाट प्राप्त भएको आम्दानी	रु. हजारमा	०	२००	५००	१०००	वन समूहहरूको वार्षिक प्रगति प्रतिवेदन	ला.रा.नि., डिभिजन वन तथा वन उपभोक्ता समूहहरूसँग
	वनमा आधारित उद्योग तथा व्यवसाय	संख्या	३५	६०	११०	१३५		
	उत्पादित गैह्रकाष्ठ वन पैदावर	क्विन्टल	३०	१३०	३३०	४३०		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुने ।	उत्पादित काठ	क्यूफिट	०	१०००	२०००	२८००		गा.पा.को सहकार्य प्रभावकारी भएको हुनेछ ।
<u>प्रतिफल ६.१</u> **(वन तथा जैविक विविधता) :** वनको गुणस्तरमा सुधार, जैविक विविधताको संरक्षण तथा वनबाट हुने आयआर्जनका अवसरमा वृद्धि भएको हुने ।	वैज्ञानिक वन व्यवस्थापन गरिएको वन क्षेत्र	हेक्टर	०	१००	४००	५००	लारानि तथा डिभिजन वन कार्यालयको अध्ययन प्रतिवेदन वन समूहहरूको वार्षिक प्रगति प्रतिवेदन	साझेदार निकायहरूले आवश्यक साझेदारी गरेका हुनेछन् ।
	गुणस्तरीय के हो वन क्षेत्र	हेक्टर	७००	२७००	५७००	७७००		
	संरक्षित खर्क क्षेत्र	संख्या	१५			१५		
	दर्ता निजी वन	वटा	१	३	८	१०		
	कबुलियती वन समूह गठन	हेक्टर	०	२०	७०	१००		
	आयमूलक कार्य संचालित वन समूह	संख्या	१	६	१६	२३		
	वृक्षारोपण गरिएको क्षेत्रफल	हेक्टर	२	२२	७२	१०२		
	गैरकाष्ठ वन पैदावारहरूको व्यवसायिक खेती क्षेत्र	रोपनी	२०	१७०	२७०	४२०		
<u>प्रतिफल ६.२</u> **(भू तथा जलाधार संरक्षण) :** जलाधार क्षेत्रको गुणस्तर वृद्धि भई भूक्षय नियन्त्रण भएको हुने ।	संरक्षित खेतबारीको क्षेत्रफल	रोपनी	६००	११००	२१००	२७००	लारानि तथा डिभिजन वन कार्यालयको अध्ययन प्रतिवेदन	जलाधार व्यवस्थापन सम्बन्धित निकायहरूको प्राथमिकतामा परेको हुनेछ ।
	नियन्त्रित गल्छी	संख्या	०	५	१५	२०		
	संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र	संख्या	५	२५	५५	७५		
	संरक्षित पानी मुहान	संख्या	५०	१५०	३००	३५०		
<u>प्रतिफल ६.३</u> **(वातावरण तथा वातावरणीय स्वच्छता) :** पर्यावरणीय स्वच्छता तथा सुन्दरतामा अभिवृद्धि भएको हुने ।	बहुउपयोगी तथा शोभा दिने (ornamental plant) वृक्षको वृक्षारोपण भएका कार्यालय/स्थान	कार्यालय संख्या	०	५	५	५	गाउँ पालिकाको अध्ययन प्रतिवेदन लारानिको प्रतिवेदन	समुदायमा जिम्मेवारीबोधको भावना वृद्धि भएको हुनेछ ।
	खुला तथा सार्वजनिक ठाउँमा प्लाष्टिक तथा बोतललगायतका फोहोरमुक्त टोल (कम्तीमा २० घरधुरी भएका)	संख्या	२	१४	५६	१००		
	फोहोर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार	प्रतिशत	१०	२५	५०	६०		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
	स्थानीय विपद् जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा	भए/ नभएको	०	४	७	७		
असर ७ **(विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन) :** विपद्जन्य क्षति नोक्सानी निरन्तर कम भएको हुने ।	विपद्बाट प्रभावित र विस्थापित घरपरिवार	संख्या	२५	२०	१५	५	गाउँपालिका तथा साझेदार संस्थाका प्रगति प्रतिवेदन	विकास साझेदारको लगानी र कार्यक्रममा बृद्धि हुनेछ
	विपदबाट भएको वार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती)	रु. लाखमा	५५	५०	४०	३०		
	पहिरो, नदी वा खोलाले काटेको, बगाएको, क्षति पुगेको खेतीयोग्य जमिन (गत वर्षको)	रोपनी	१००	८०	६०	५०		
	सुरक्षित, एकीकृत र व्यवस्थित आवास क्षेत्र/वस्ती	संख्या	१	२	३	२		
प्रतिफल ७.१ **(विपद् व्यवस्थापन) :** विपद् पूर्वतयारी तथा न्यूनीकरण अभ्यासमा वृद्धि भएको हुने ।	तालिमप्राप्त स्थानीय खोज, उद्दार कार्यकर्ता	संख्या	३५	२०	५०	०	गाउँपालिकाको प्रगति प्रतिवेदन रेडक्रस सोसाइटीको अध्ययन प्रतिवेदन	आवश्यक बजेट उपलब्ध भएको हुनेछ ।
	प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति	संख्या	१०	२०	५०	०		
	आपत्कालीन सामुहिक आश्रयस्थल	संख्या	७	२	४	१		
	विपद् व्यवस्थापन स्थानीय कोष रकम (वार्षिक)	लाखमा	१५	३०	४५	६०		
प्रतिफल ७.२ **(जलवायु परिवर्तन अनुकूलन) :** जलवायु परिवर्तनको प्रवृत्ति अनुरुप सामुदायिक अभ्यास परिमार्जन भएको हुने	जलवायु परिवर्तन अनुकूलनका बारेमा सचेत घरपरिवार	प्रतिशत	१५	२०	५०	७०	-गाउँपालिकाको प्रगति प्रतिवेदन -रेडक्रस सोसाइटीको अध्ययन प्रतिवेदन	विकास साझेदारको लगानी र कार्यक्रममा बृद्धि हुनेछ
	खडेरी घरपरिवार सहन सक्ने प्रजातिका कृषि बाली लगाउने घरपरिवार	प्रतिशत	१०	१५	२०	२५		
	कुल वार्षिक बजेटमा वृद्धि	रु. हजारमा	३९१३०९	३८९५८५	४२८२९४	४७२३२३	–सर्वेक्षण प्रतिवेदन प्रगति/ अनुगमन	संगठन संरचना र कर्मचारी दरबन्दी

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
असर ८ (संस्थागत क्षमता विकास र सुशासन) : सेवा प्रवाहको गुणस्तर, विकास व्यवस्थापन तथा सुशासनको स्तरमा अभिवृद्धि भएको हुने	बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) बढेको	प्रतिशत	८०	८५	९०	९५	प्रतिवेदन	स्वीकृत भई कर्मचारीको पदपूर्ती हुनेछ ।
	औसत वार्षिक बेरुजु रकम घटेको	रु. हजारमा	२८४२०	२५०००	२००००	१७०००		
	प्रतिव्यक्ति वार्षिक बजेट लगानी (रु. हजारमा) बढेको	रु.	१४.५	१५	१६	१८		
प्रतिफल ८.१ (कानून तथा नीति नियम निर्माण र पालना) : सेवा प्रवाह तथा कार्य सम्पादन प्रक्रिया सरल, स्पष्ट, सहज र पारदर्शी भएको हुने	गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीति	संख्या					– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन	– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ – स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।
	• ऐन		८	१२	१६	२२		
	• नीति (लैंगिक हिंसा विरुद्ध, सामाजिक कुरुती)		०	१	२	४		
	• नियम तथा विनियम		४	५	६	८		
	• कार्यविधि, निर्देशिका, आदेश, दिग्दर्शन		१०	१२	१५	१८		
	क्रियाशिल नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, न्यायिक, लेखा, राजस्व, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, शिक्षा, विपद, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि)	संख्या	१६	१९	२१	२३		
	अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजार (क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदि)	संख्या	१	२	३	४		
	स्थानीय नीति, ऐन तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण	संख्या	२	३	४	५		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
	तथा सुझाव लिने माध्यमहरू (संचार माध्यम, सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुझाव पेटिका, सामाजिक सञ्जाल आदि)							
	गाउँपालिकामा पेश भई सम्बोधन भएका सेवा प्रवाह र विकास निर्माण सम्बन्धी गुनासो	प्रतिशत	८०	८२	८६	९०		
<u>प्रतिफल ८.२</u> (संस्थागत विकास) : गाउँपालिकाको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि भएको हुने	गाउँपालिकामा कार्यरत जम्मा कर्मचारी	संख्या	९०	९९	११०	१२०	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन – वित्तीय प्रतिवेदन	– संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ । – संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ ।
	गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारी	संख्या	४९	५५	६०	६५		
	उपलब्ध कार्यालय भवन (केन्द्र, वडा, शाखा, स्रोत तथा सेवा केन्द्र अन्य आदि)	संख्या	०	३	५	८		
	क्षमता विकास कार्यक्रमबाट लाभन्वित जनप्रतिनिधि, कर्मचारी र नागरिक समाज	ज्ना	२१७१	२४००	२८००	३२००		
	संगठन विकास सम्बन्धी अध्यधान/सर्भेक्षण र कार्यान्वयन	पटक	०	३	६	१२		
	विभिन्न सेवा प्राप्त गर्ने सेवाग्राही (बार्षिक)	संख्या	३००००	३०५००	३१०००	३२०००		
	गाउँपालिकाबाट संचालित आयोजनाबाट लाभान्वित जनसंख्या (बार्षिक)	संख्या	१४०००	१५०००	१८०००	२००००		
<u>प्रतिफल ८.३</u> (राजस्व तथा स्रोत परिचालन) :	वार्षिक आन्तरिक आय रकम	रु. लाखमा	१४	१५	१८	२०	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन	– संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा
	संघ तथा प्रदेश सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम	रु. हजारमा	७३२५५	८७९२४	११६२८०	१५३७८०		
	रोयल्टीबाट प्राप्त रकम	रु. हजारमा	१२८०	१५३६	१८४३	२६५४		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
आन्तरिक तथा बाह्य स्रोत परिचालन क्षमतामा अभिवृद्धि भएको हुने ।	संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान (समानीकरण, सशर्त र विशेष)	रु. हजारमा	२२१९३३	२३४३५७	३१२५१५	३७६१२३	– प्रगति/अनुगमन प्रतिवेदन – वित्तीय प्रतिवेदन	स्थानीय कानून तर्जुमा हुनेछ । – गाउँपालिकाले स्थानीय सरकार संचालन ऐनअनुसार अख्तियारप्राप्त क्षेत्रमा कर प्रणाली संस्थागत गरेको हुनेछ ।
	गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी रकम	रु. हजारमा	६००००	१००००	१२१००	१४६४१०		
	समुदायको लगानी तथा योगदान रकम	रु. हजारमा	२००८९	३५१७८	४२५६५	५१५०४०		
	निजी क्षेत्रको लगानी रकम	रु. हजारमा	०	२००००	२४२००	२९२८२		
<u>प्रतिफल ८.४</u> **(विकास व्यवस्थापन) :** विकास प्रक्रिया व्यवस्थित सूचना तथा प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक भएको हुने ।	गाउँपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदार संस्था	संख्या	१२	१५	१८	२२	– गाउँ वस्तुगत विवरण (प्रोफाइल) – सर्वेक्षण प्रतिवेदन – प्रगति/अनुगमन प्रतिवेदन – वित्तीय प्रतिवेदन	– संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ । – संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ ।
	खण्डीकृत विषय क्षेत्र र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक	भए/न भएको	नभएको	हुने	हुने	अद्यावधिक हुने		
	स्थानीय गौरवका आयोजनाको सूची	संख्या	६	७	८	१०		
	तर्जुमा भएका रणनीतिक योजनाको विषय क्षेत्र (पर्यटन, यातायात, भूउपयोग, जलश्रोत, स्वास्थ्य र शिक्षा आदि)	विषय क्षेत्र संख्या	२	३	५	८		
	नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा	भए/न भएको	नभएको	हुने	हुने	हुने		
	नतिजामूलक अनुगमन ढाँचामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना	भए/ नभएको	नभएको	हुने	हुने	हुने		
	कूल मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात	प्रतिशत	७५	६०	६५	६०		
	आयोजनाको सम्पन्न तथा भौतिक प्रगति	प्रतिशत	८०	८५	९०	९५		

नतिजा श्रृङ्खला	आधार सूचकहरू	इकाई	आधाररेखा (आ.व. ०७४/७५ को अवस्था)	आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण)			पुष्ट्याईका आधारहरू	पूर्वानुमान तथा जोखिम पक्ष
				पहिलो वर्ष	तेस्रो वर्ष	पाँचौं वर्ष		
	आयोजना/कार्यक्रम अनुगमनमा अभ्यास गरिएका विधि (स्थलगत अवलोकन, प्रगति विवरण समीक्षा, नतिजा अनुगमन, प्रभाव मूल्याङ्कन, सामाजिक परीक्षण आदी)	संख्या	३	४	५	५		

परिच्छेद ३ : आर्थिक विकास योजना

३.१ पृष्ठभूमि

खाद्य सुरक्षा, मर्यादित रोजगारी र आय सम्बन्धी संवैधानिक अधिकार सुनिश्चित गर्न संघ, प्रदेश सरकार लगायत स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहेको छ । उपरोक्त अधिकार सुनिश्चित गर्न स्थानीय सरकारले संघ तथा प्रदेशको नीति, योजना तथा लक्ष्य समेतमा आधारित भई योजनाबद्ध ढंगले कार्य गर्नुपर्ने आवश्यकता रहेको छ । यसै तथ्यलाई मध्यनजर गर्दै दुप्चेश्वर गाउँपालिकाले पनि उपरोक्त पक्षमा कार्य गर्न स्थानीय संभावना तथा अवसरलाई विशिष्टिकृत गर्नुपर्ने आवश्यकता रहेको छ । समग्र विकासको अग्रणी क्षेत्र पहिल्याउनु पर्ने अवस्थालाई दृष्टिगत गर्दा कृषि तथा पर्यटनको विकास एवं वनजन्य उत्पादन वृद्धि मार्फत् रोजगारी र आय वृद्धि गर्न सकिने अवस्था विद्यमान देखिन्छ । विकासका विभिन्न विषय क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन गाउँपालिकामा विद्यमान संभावना र अवसर, समस्या तथा चुनौति एवं चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

३.२ वर्तमान अवस्था

स्थानीय अर्थतन्त्रको प्रमुख पाटोको रुपमा रहेको कृषि तथा पर्यटन क्षेत्र प्रमुख रुपमा देखिएको छ । कृषिजन्य उत्पादनतर्फ धान, मकै, तथा गहुँ उत्पादन हुने गरेको छ । कृषि उत्पादन मूलतः निर्वाहमुखी देखिन्छ । व्यवसायिक रुपमा तरकारी खेती कार्य सुरु भएको देखिएतापनि यसको विस्तार हुन सकिरहेको छैन । उच्च भेगमा उत्पादन गरिने आलु, व्यवसायिक रुपमा गरिएको बाखापालन एवं अर्थतन्त्रमा उल्लेख्य योगदान दिनसक्ने धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेको दुप्चेश्वर महादेवको मन्दिरमा भ्रमण गर्ने पर्यटकहरूको आवागमन तथा सो सम्बन्धी सेवामूलक व्यवसायले प्रदान गर्ने रोजगारीले स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिने सक्ने देखिएको छ । उल्लेख्य रुपमा उत्पादन हुने आलु, बाँस, विशिष्ट जातको धान (समुन्द्रफिनी), खसीबोका आदि लाई व्यवसायिक तवरले उत्पादन हुन सकेमा यस क्षेत्रको समुचित विकास हुन सक्ने अवस्था रहेको देखिन्छ ।

यस गाउँपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तीय सेवा सुविधा लगायत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

३.२.१ कृषि तथा सिंचाइ

क) संभावना, अवसर र विद्यमान अवस्था

नेपालको संविधानले खाद्यान्नलाई मौलिक हकका रुपमा स्थापित गरेको छ । दीगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य राखेको छ । संघीय सरकारले वि.सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको छ । यसै परिवेशमा संघीय सरकारले पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता समेत जनाएको छ । कृषि क्षेत्रको योगदानलाई अर्थपूर्ण गराउन तथा उपरोक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्य हासील गर्न कृषि कार्यमा यान्त्रीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ ।

गाउँपालिका क्षेत्रको अर्थतन्त्रको आधारको रुपमा रहेको कृषि क्षेत्रको योगदान उल्लेखनीय रुपमा रहेको छ । गाउँपालिकामा कुल भूभागको १५ प्रतिशत जमिन खेतीयोग्य रहेको छ । खेतीयोग्य जमीनमध्ये ९० प्रतिशतमा हाल खेती भैरहेको छ । गाउँपालिकाका ६० प्रतिशत परिवार कृषि कार्यमा संलग्न रहेका छन् । गाउँपालिकाको अवस्था हेर्दा अन्नबाली, तरकारी तथा फलफूल खेतीका उपयुक्त हावापानी रहको छ । हालको खेती प्रणाली मूलतः निर्वाहमुखी रहेको छ । छिटपुट रुपमा व्यवसायिक उत्पादन सुरु भए पनि व्यवसायिक पकेट उत्पादन क्षेत्रहरु विकास हुन सकेको छैन । स्थानीय समुन्द्रफिनी जातको धानको उत्पादन भैरहनु पनि लोप हुनबाट जोगाउन गरिएको प्रयासको रुपमा लिन सकिन्छ । बजार पूर्वाधारतर्फ १ वटा संकलन केन्द्र स्थापना भएको, व्यवसायिक खेतीको अभ्यास सुरु भएको (टनेल खेतीको समेत सुरुवात भएको), कृषि उत्पादनका लागि यान्त्रिकीकरणको अभ्यास भएको एवं संस्थागत क्षमतातर्फ कृषि कार्यमा करिब २५ वटा कुषक समूह, व्यवसायिक कृषि फर्म १० वटा रहेको तथा ६ वटा कृषि सहकारी क्रियाशील रहनु पनि यो क्षेत्रको विकासका लागि संभावना रहेको मान्न सकिन्छ । खाद्य सुरक्षातर्फ आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार ३५ प्रतिशत रहेको छ ।

गाउँपालिकामा अन्नबाली, तरकारी बाली तथा फलफूलबाली उत्पादनको राम्रो सम्भावना रहेको छ । अन्नबालीतर्फ धान, कोदो, मकै, आलु मुख्य बालीका रुपमा रहेका छन् भने तरकारी बालीतर्फ मूला, टमाटर, भिण्डी, तीते करेला, भ्याण्टा, बोडी, काँक्रो,

बन्दाकोभी, काउली, प्याज, लसुन, रायोको साग, फसीको साग मुख्य छन् । यसबाहेक दलहनतर्फ केही मात्रामा मास, भटमास तथा खेसरी र तेलहनबालीतर्फ तोरी र आलसको सम्भावना रहेको छ ।

गाउँपालिकामा फलफूलको खेतीतर्फ सुन्तलाखेतीको क्षेत्रफल तथा उत्पादन उल्लेखनीय रहेको देखिन्छ । व्यवसायिकतातर्फ कृषकहरूको संलग्नता बढिरहेको संदर्भमा आवश्यक जनशक्तिको विकास, बजार पूर्वाधारहरूको विकास तथा बजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्ने सकिने संभावना रहेको देखिन्छ ।

गाउँपालिका क्षेत्रको कुल खेतीयोग्य जमीनमध्ये करीव २००० रोपनी जमीनमा बाह्रै महिना सिंचाई सुविधा उपलव्ध रहेको छ । यस क्षेत्रमा करीव ५० वटा साना तथा २ वटा मझौलास्तरका सिंचाई योजनाहरू संचालनमा रहेको छ । सिंचाईका लागि प्रमुख स्रोतको रुपमा रहेका खोलानालाहरूमा सूर्यमती, चन्द्रमती, हाँडीखोला, साँधी खोला, पुरानो छेपार खोला, ठाडो खोला, कटुञ्जे खोला, सरमथली खोला, नागी खोलाजस्ता स्रोतहरू रहेका छन् । सिंचाईका स्रोतहरूको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा

ख) समस्या तथा चुनौति

गाउँपालिकाको अर्थतन्त्रमा योगदान दिन सक्ने अवस्था विद्यमान हुँदाहुदै पनि कृषि क्षेत्रको विकासका निमित्त केही समस्या तथा चुनौतीहरू रहेका छन् । करीव १० प्रतिशत कृषियोग्य जमिन बाँझो रहनु, खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनुजस्ता समस्याले यस क्षेत्रको व्यवसायिकताका लागि मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ । स्थानीय समुन्द्रफिनी जातको धानको संरक्षण हुन नसक्नु, व्यवसायिक तवरले खेती नहुनु, पकेट खेती विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, गुणस्तरहीन वीउवीजनका कारण उत्पादकत्वमा ह्रास हुँदै जानुजस्ता समस्या विद्यमान देखिन्छ ।

कृषि उपजको व्यवसायिकरणका लागि हाट बजारको प्रचलन नहुनु, उत्पादित वस्तुको संचय गर्ने सुविधा नहुनु, कृषि तथा पशुपालनसम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट विरुवा प्राप्त सकेका छैन । बीउ विजन तथा मल एवं आवश्यक औजार उपकरणहरू समेत समयमा उपलब्ध हुन नसक्नु, प्रकोपका कारण बालीनाली नष्ट हुनु तथा रोग किराहरूको प्रकोपका कारण पनि उत्पादनमा असर गरिरहेको छ ।

नियमित र भरपर्दो सिंचाई कुलो नहुनु, सिंचाईका स्रोतहरूको यथोचित संरक्षण हुन नसक्नु, सिंचाईको आवश्यकता तथा हालको क्षमताबारे अध्ययन नहुनु जस्ता समस्या रहेका छन् । साथै संचालित सबै सिंचाई योजनाको नियमित स्थाई ढंगले मर्मत सम्भार हुन नसक्नु एवं सिंचाई सुविधा नपुगेका ठाउँका लागि वैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा देखिन्छ ।

३.२.३ पशु विकास

क) संभावना, अवसर र विद्यमान अवस्था

पशुपालनका लागि गाउँपालिका क्षेत्र पर्याप्त संभावना बोकेको क्षेत्रको रुपमा रहेको छ । पर्याप्त चरण क्षेत्र रहेको हुँदा व्यवसायिक रुपमा बाख्रापालन, गाईभैंसीपालन गर्न सकिने अवस्था रहेको छ । गाउँपालिका केन्द्र लगायत स्थानीय वजार तथा संघीय राजधानी काठमाडौं निकट रहेको कारणबाट पनि पशुजन्य उपजको विक्री वितरणमा सहज हुने अवस्था समेत रहेको छ ।

गाउँपालिकामा करीव ४० प्रतिशत घरपरिवारसंग पशु चौपाया रहेको, व्यवसायिक वाख्रापालन कार्यमा करीव ४ वटा फर्म संलग्न रहेको, वार्षिक औसत २००० खसीबोका निर्यात हुने गरेको देखिन्छ । गाउँपालिकाभर करीव ५० वटा कुखुरापालन फर्म संचालनमा रहेको छ । पशुस्वास्थ्य सेवाका लागि पशु सेवा प्राविधिक ६ जना क्रियाशील रहेको छ । गाउँपालिका भरी सरदर वार्षिक २५०००० लिटर दूध उत्पादन हुने गरेको छ ।

पशुजन्य उत्पादनको बजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक बनाउन सकिने देखिन्छ ।

ख) समस्या तथा चुनौति

हाल गाउँपालिकाभित्र पशुपालन कार्य निर्वाहमुखी रहेको, व्यवसायिक उत्पादन कार्यमा उन्नत जातको कमी, पशु सेवा प्राविधिकको कमीका कारण सेवा विस्तारमा कठिनाई, चरणक्षेत्र व्यवस्थित नहुनु तथा उन्नत घाँस खेतीको विकास नहुनु, व्यवसायिक

उत्पादनमा अनुदान तथा प्रोत्साहनको अभाव, दूग्ध उपज प्रशोधन तथा वजारीकरणमा कठिनाई एवं पशु उपचार तथा पशुधन विमा कार्यमा किसानहरूको रुची तथा चेतनामा कमी हुनु व्यवसायिक पशुजन्य उत्पादनमा समस्याको रुपमा रहेको छ ।

३.२.४ उद्योग, व्यापार तथा व्यवसाय

क) संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकाका ४ वटा प्रमुख बजार केन्द्रहरूमा आर्थिक कारोवार गर्ने व्यापार व्यवसायको संख्या करीव ७६१ रहेको छ । संचालित व्यापार व्यवसायमा २०६९ जना संलग्न रहेको देखिन्छ, जसमध्ये महिला ४४ प्रतिशत र पुरुष ५६ प्रतिशत रहेका छन् । बजारउन्मुख हुँदै गईरहेको परिवेशमा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना, दक्ष जनशक्तिको उत्पादनमार्फत लघु तथा घरेलु उद्योगहरूको स्थापना गर्न सकिने अवस्था रहेको छ । यसैगरी वैदेशिक रोजगारबाट रेमिट्यान्सलाई व्यवसायमा लगाउनुका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ । सामान्यतया कृषिमा आधारित उद्योग र पसललगायतका व्यवसायको आधिक्यता रहेको छ ।

ख) समस्या तथा चुनौति

उद्योग संचालन सम्बन्धी पर्याप्त सीप तथा जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालीम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु तथा दक्ष जनशक्तिको उपलव्धता स्थानीयस्तरमा नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ । स्थानीय न्यूरो, सिस्नुजस्ता उपजको संरक्षण तथा यथोचित संकलन नहुनुले पनि सीमान्तकृत वर्गको आय आर्जनमा टेवा पुग्न नसकेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सूचना केन्द्रको कमिजस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

३.२.५ बैंक, वित्तीय संस्था एवं सहकारी

क) संभावना, अवसर र विद्यमान अवस्था

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिकामा हाल १ वटा बैंक शाखा, १ विकास बैंक, ५ वटा वचत तथा ऋण सहकारीबाट वित्तिय सेवा उपलब्ध भैरहेको छ । गाउँपालिकाका करीव ५० प्रतिशत घरपरिवार बैंक तथा वित्तीय संस्थासंग आवद्ध रहेको देखिन्छ । लगानीका क्षेत्र, पुँजीको उपलब्धता र पहुँच

ख) समस्या तथा चूनौति

गाउँपालिकामा व्यवसायिक गतिविधि संचालनमा उद्यमशील सोचको कमी रहनु, वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु, कम आय हुने, सीमान्तकृत एवं पिछडिएको परिवारको वित्तीय संस्थासँगको पहुँचमा कमी हुनु, बैकिङ सेवा विस्तार हुन नसक्दा जेष्ठ नागरिक तथा अशक्तको पहुँच असहज हुनु मुख्य समस्याको रुपमा रहेको छ । यसैगरी सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरूको क्षमतामा कमी, सहकारीको आफनै भवन नहुनु, सहकारीहरूको नियमित एवं प्रभावकारी अनुगमन नहुनु तथा स्थानीयहरूमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ ।

३.३ उद्देश्य

आर्थिक विकास क्षेत्रको उद्देश्य निम्नअनुसार हुनेछ :

उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दीगो वृद्धि गर्नु

३.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको आन्तरिक स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र तथा प्रदेश र संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ :

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	एकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/७६	कुल लक्ष्य २०८१/८२		
१.१ कृषि विकास कार्यक्रम				**१३६५००**	
१.१.१ व्यवसायिक उत्पादन पकेट विकास कार्यक्रम (तरकारी, अलैंची लगायत मसलाबाली, समुन्द्रफिनी जातको धान र फलफूल केन्द्रित)	रोपनी	१००	१५००	३००००	प्रत्येक वडामा २-२
१.१.२ बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन	संख्या	१	७	१४०००	कम्तिमा १ वडामा १ वटा स्थानीय आवश्यकता अनुसार विउ विरुवा उत्पादन गर्ने
१.१.३ कृषि पूर्वाधार विकास कार्यक्रम	स्थान	०	४	३००००	संकलन केन्द्र ४ वटा, खाद्यान्न तथा वीउ भण्डारण गृह ४ वटा, शीतभण्डार गृह (साना क्षमताका) ४ वटा सेलार स्टोर २ वटा
१.१.४ एकीकृत प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम (गोठ सुधार, गँड्यौले मल उपयोग समेत गापास्तरमा उपयुक्त स्थानको पहिचान गरी गर्ने)	रोपनी	०	२५०	७५००	५० जना व्यवसायिक उत्पादनमा संलग्न किसान लक्षित
१.१.५ कृषि प्राविधिक प्रशक्षिणशिक्षालय स्थापना	संख्या	०	२	३००००	उपयुक्त स्थानको छनौट गरी स्थापना गर्ने
१.१.६ कृषि सम्बन्धी सालबसाली कार्यक्रम	पटक	१	५	२५०००	मागको आधारमा
१.२ सिंचाई				**१०००००	
१.२.१ सिंचाई कुलो निर्माण	किमि	०	१०	४००००	स्थान पहिचान गर्ने
१.२.२ वैकल्पिक सिंचाई सुविधा विस्तार	स्थान	०	३०	२००००	स्थान पहिचान गर्ने
१.२.३ सिंचाई योजना पुनर्निमाण	किमि	०	१०	१००००	स्थान पहिचान गर्ने
१.२.४ सिंचाई सम्बन्धी सालवसाली कार्यक्रम	संख्या	१	५	३००००	नियमित कार्यक्रम
१.३ पशु विकास				**१०१५००**	
१.३.१ उन्नत घाँसेबाली विस्तार कार्यक्रम	रोपनी	०	२००	२५००	
१.३.२ व्यवसायिक पशुपालन कार्यक्रम	संख्या	०	१२८	३२०००	उन्नत गाईभैंसी, वाखा, बंगुरपालन (पकेट क्षेत्रमा कृषक

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	एकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/७६	कुल लक्ष्य २०८१/८२		
					समूह/सहकारी मार्फत् संचालन गर्न आंशिक अनुदान)
१.३.२ व्यवसायिक पंक्षी विकास कार्यक्रम	संख्या	०	५०	१५०००	सवै वडामा
१.३.३ पशुपालन स्रोत केन्द्र स्थापना गर्ने	संख्या	०	१	६०००	वोयर वाख्रा लगायतका अन्य जातका पशुपन्छीको विकास गर्ने (कृषक समहू/सहकारी मार्फत संचालन गर्ने)
१.३.४ नश्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना	संख्या	०	४	६०००	४ प्रमुख स्थानमा
१.३.५ पशुपालन पूर्वाधार विकास कार्यक्रम दुग्ध चिस्यान केन्द्र स्थापना (४ प्रमुख स्थानमा), गापास्तरमा पशु वधशाला तथा मासु वजार विकास कार्यक्रम	संख्या	०	४	३००००	
१.३.६ पशुसेवा सालवसाली कार्यक्रम	पटक	१	५	१००००	गापास्तरमा
१.४ उद्योग र व्यापार				**२९५००**	
१.५.१ उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम	पटक	०	१	२०००	गापास्तरमा उद्योगको संभाव्यता अध्ययन; जनशक्ति विकास; उत्पादन, प्रशोधन र बजारीकरणका लागि वित्तीय व्यवस्थापनमा आंशिक सहयोग
१.५.२ कृषि, जडिबुटी र पशुपंक्षी प्रशोधन उद्योग स्थापना र संचालनमा आंशिक अनुदान	संख्या	०	५	२५०००	कृषि उपजमा आधारित २, जडिबुटीमा आधारित १, पशुपंक्षी उपजमा आधारित १ र बाँस, निगालोमा आधारित १ गरी ५ वटा उपयुक्त पाँच स्थानमा संचालन गर्ने
१.५.३ दक्ष जनशक्ति उत्पादन कार्यक्रम	संख्या	०	१००	२५००	स्थानीयस्तरमा काम गर्ने गरी युवा लक्ष्यित
१.५ बैंक, सहकारी तथा वित्तीय सेवा				**१००००**	
१.६.१ उत्पादन, प्रसोधन र बजारीकरणका लागि वित्तीय व्यवस्थापन सहयोग कार्यक्रम	वटा	०	२०	५०००	तरकारी, पर्यटन र पशुपालनमा केन्द्रित गर्ने
१.६.२ व्यवसायिक योजना तथा वित्तीय साक्षरता कार्यक्रम	पटक	०	५	५०००	प्रत्येक वडामा
१.६ श्रम, आय र रोजगारी				**४०००**	
१.७.१ वैदेशिक रोजगारीबाट फर्केका वा परिवारका लागि रोजगारीमूलक कार्यक्रम	जना	०	१००	१०००	

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	एकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/७६	कुल लक्ष्य २०८१/८२		
१.७.२ उद्यमशिलता विकास कार्यक्रम	जना	०	३००	३०००	उद्यम सुरुवात वा विकासका लागि आंशिक अनुदान
कुल जम्मा				**३८१५००**	

३.२.७ रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

रणनीति	कार्यनीति
क. कृषि तथा पशु विकास	
१. फलफूल तथा तरकारी खेतीको व्यवसायीकरण तथा विस्तार गरी कृषि व्यवसायलाई औद्योगिकरण गर्ने	१. फलफूल र तरकारीका लागि उत्कृष्ट क्षेत्रहरु पहिचान गरी पकेट क्षेत्रका रुपमा विकास गरिनेछ । २. पकेट क्षेत्रमा फलफूल तथा तरकारी खेती गर्ने कृषकलाई उत्पादनको आधारमा अनुदानको समेत व्यवस्था गरिनेछ । ३. कृषकको कृषिबालीमा हुने जोखिम बहनका लागि कृषि वीमा लागू गर्न सहजीकरण गरिनेछ । ४. कृषि क्षेत्रको व्यवसायीकरणका लागि संकलन, प्रशोधन केन्द्रको विकास, विस्तार गरिनेछ । ५. एक घर एक फलफूल बिरुवा वितरण गरी फलफूल खेती प्रवर्द्धन गरिनेछ । ६. बाँझो जमीन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ । ७. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, पशु बधशाला, दाना उद्योग, चिज र छुर्पी उत्पादन उद्योग स्थापनामा सम्भाव्यता अध्ययनका आधारमा जोड दिइनेछ । ८. खाद्य तथा तरकारी उत्पादन वृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ । ९. संचालित सिंचाई योजनाको नियमित मर्मत सम्भार गरी नियमित सिंचाइको सुनिश्चितता गरिनेछ ।
२. व्यवसायिक पशुपालनका लागि आवश्यक पूर्वाधार तथा सेवा विस्तार गरिनेछ ।	१. वडागत रुपमा पशुपन्छीको पकेट क्षेत्रहरू पहिचान तथा निर्धारण गरिनेछ । २. पशुपालन पकेट क्षेत्रहरूमा कृषि तथा पशुजन्य उत्पादन संकलन, प्रशोधन केन्द्रको विकास गरिनेछ । ३. घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइनेछ । ४. सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ । ५. एक घर चार भैंसी कार्यक्रम सञ्चालनमा ल्याई गोठ सुधार लगायत प्रवर्द्धनात्मक कार्यक्रमलाई समेत समानान्तररुपमा सञ्चालन गरिनेछ ।
३. पशुपंक्षीजन्य उपजको विशिष्टिकरण तथा उत्पादकत्व वृद्धि गरी उत्पादन वृद्धि गरिनेछ ।	१. प्राङगारिक उत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम संचालनको व्यवस्था गरिनेछ । साथै फूल, कफि, टिमुर, अलैची, मसलाजन्य बाली, किवी, स्ट्रावेरी, सिस्नु आदिको पकेट क्षेत्र पहिचान गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । २. उत्पादित प्रांगारिक वस्तुहरुको खरिदका लागि गाउँपालिकाबाट आवश्यक बजार व्यवस्थाका लागि सहजीकरण गरिनेछ । ३. स्थानीय कृषकको माग, विशिष्टकृत स्थानीय जातमा आधारित एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइनेछ । ४. एक परिवार पाँच फलफूलको बिरुवा रोपण तथा संरक्षण कार्यक्रम संचालन गरिने छ । ५. कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्द्धन गरिनेछ ।

रणनीति	कार्यनीति
क. कृषि तथा पशु विकास	
	६. कृषि र पशुपालन सम्बन्धी तरकारी, कफी, मसलाबाली, गाईभैसी र वाखापालनमा केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ । ७. एक परिवार चार भैंसी (गाई) कार्यक्रम संचालन गरिने छ । ८. तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ । ९. सार्वजनिक र निजी जग्गामा कृषि सहकारी मार्फत उन्नत घाँसेबाली विस्तार गरिनेछ । १०. पकेट क्षेत्रमा कृषक समूह /सहकारी मार्फत् उन्नत गाईभैंसी, वाखा, बंगूरपालन गरी पशुपालन व्यवसायमा व्यवसायिकता प्रवर्द्धन गरिनेछ ।
४. व्यवसायिक उत्पादनका लागि दक्ष जनशक्ति विकास तथा कृषि यान्त्रिकीकरणमा सहयोग गरिएको हुनेछ ।	१. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ । २. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र संचालन गरिनेछ । ३. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरूको उपलब्ध गराउने व्यवस्था गरिनेछ । ४. कृषकहरूको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ । ५. कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिबृद्धि गरिनेछ ।
५. कृषिमा व्यवसायिकरण प्रवर्द्धन गर्न आवश्यक वातावरण सिर्जना गरिनेछ ।	६. कृषिमा व्यवसायिकरणका लागि आवश्यक लगानीमा आंशिक अनुदान, ऋण, सामग्रीमा सहयोग गरिनेछ । ७. कृषि उपजको भण्डारण तथा बजार पहुँचका लागि गाउँपालिकाले ८. लगानी, सामाग्री, ऋण, भण्डार र बजार सुनिश्चितताका बिषय थप गर्ने । ९. वडालाई सेवा केन्द्रको रुपमा विकास गरी आवश्यक सहयोगहरू एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
ख. पर्यटन विकास	
१. पर्यटकीय सम्पदाको पहिचान, नक्शाङ्कन एवं प्रवर्द्धन गरिएको हुनेछ ।	१. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धि लगायतका कार्यहरू चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ । २. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ । ३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरू संचालन गरिनेछ ।
२. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गरिएको हुनेछ ।	१. स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम संचालन गरिने छ । २. कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ । ३. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ । ४. पर्यटन विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण सम्बर्धनसँग एकीकृत गरी संचालन गरिनेछ । ५. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरूमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधा सहित पर्यटन विकास गरिनेछ ।
ग. उद्योग र व्यापार	
१. स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा	१. कृषि, पशु र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालनकालागि ~~~~ गरिनेछ । २. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गर्ने ३. स्थानीय उत्पादनको संकलन र प्रसोधनका आधारित उद्योगको स्थापनामा जोड दिने

रणनीति	कार्यनीति
क. कृषि तथा पशु विकास	
साना उद्योगको विकास र विस्तार गरिएको हुनेछ ।	
२. औद्योगिक विकासको पूर्वाधार तयार गरी लगानीकर्ता आकर्षित गरिनेछ ।	१. उद्योग संचालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारी सम्पर्क र संचार गरिनेछ । २. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ ।
घ. बैक, सहकारी तथा वित्तीय सेवा	
१. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गरिएको हुनेछ ।	१. बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ । २. वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ । ३. आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ । ४. सहकारीहरूको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गरिने छ । ५. सबै वडामा सूपथ मुल्य सहकारी पसल खोल्न प्रोसाहन गरिनेछ ।
२. बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम गरिएको हुनेछ ।	१. वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरूको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ ।
ङ. रोजगारी	
१. युवालक्षित व्यवसायिक उत्पादन तथा सेवामूलक क्षेमा रोजगारी बृद्धि गरिएको हुनेछ ।	१. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजना संचालनका लागि ऋण गरिएको हुनेछ । । २. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन र पर्यटनमा आधारित उत्पादन तथा सेवामूलक उद्योग व्यवसाय संचालनको लागि उद्यमशीलता तथा सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिनेछ । ३. शीपमुलक, व्यवसायमुलक, तालिम, ऋण आदि। पन्ध्रौ योजना पनि हौ।

परिच्छेद ४ : संस्कृति तथा पर्यटन विकास योजना

४.१ पृष्ठभूमि

नेपालको पर्यटन नीति २०६५ ले राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रमा बृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखेको छ। उपरोक्त संवैधानिक अधिकार क्षेत्र र राष्ट्रिय नीतिलाई मध्यनजर गरी गाउँपालिकाको समग्र विकासको एक अग्रणी क्षेत्रको रुपमा पर्यटन विकास तथा प्रवर्द्धनलाई उत्पादन, रोजगारी र आयवृद्धि तर्फ डोऱ्याउन पर्यटन र साँस्कृति सम्पदा सम्बन्धी क्षेत्रको संभावना, अवसर र विद्यमान अवस्था समेत समस्या तथा चुनौति र चाल्नु पर्ने कदमबारे संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

४.२ संभावना, अवसर

क) संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकामा विविध पर्यटकीय क्रियाकलापहरूको सम्भावना रहेको देखिन्छ छ। पर्यटकीय महत्वको दृष्टिकोणले १५ वटा पर्यटन स्थान पहिचान भई संचालनमा रहेको छ। यसैगरी गाउँपालिका अन्तर्गत पर्ने दुप्चेश्वर महादेव धार्मिक पर्यटनका हिसावले प्रख्यात रहेको छ। वार्षिक रुपमा सवै पर्यटकीय स्थलहरूमा सरदर १० लाख पर्यटक आउने गरेको देखिएको छ। यस क्षेत्रमा दुर्लभ प्रजातीको रेडपाण्डा पाइने गरेको छ। यस क्षेत्र भएर लाङ्गटाङ राष्ट्रिय निकुञ्ज तथा गोसाईकुण्ड भ्रमणका पदयात्रीहरू जाने गरेको, पर्यटन सेवामा स्थानीय व्यवसायीहरू आकर्षित हुँदै गरेको, होमस्टे संचालनमा रहेको तथा ३ तारे होटल निर्माणाधीन रहनुले स्थानीय अर्थतन्त्रमा पर्यटन क्षेत्रले विशेष योगदान दिनसक्ने देखिन्छ।

बौद्ध तथा हिन्दु धर्मालम्वीहरूको पवित्र तिर्थका रुपमा रहेको दोस्रो पशुपतिनाथ भनेर चिनिने दुप्चेश्वर क्षेत्र रहेका यस क्षेत्रमा तामाङ्ग, क्षेत्री, ब्रामहण, गुरुङ्ग, मगर, शेर्पा र दलित समुदायको सहिष्णुतायुक्त बसोवास रहेको छ। घाङ्कीमाई देवी, बोलोम्चे गुम्बा, याङ्री गुम्बा, शिखा देवि मन्दिर, कालिका मन्दिर, क्षेपारदुप्चे मेला, कौकेश्वरी मन्दिर, थुम्काको जात्रा सहित वडा नं. ७ को बच्छला देवि मन्दिर र सागरकुण्ड जस्ता स्थल सांस्कृतिक सम्पदाका रुपमा रहेका छन्। दुप्चेश्वर तथा याङ्री मेला यस क्षेत्रका मुख्य मेला हुन्। यस्ता विशिष्ठ साँस्कृतिक विशेषतालाई आधारमानेर साँकृतिक क्षेत्रको बारेमा डकुमेन्ट्री बनिसकेको छ। यस क्षेत्रमा तामाङ्गसेलो, झाँक्री नाच, शेर्पानाचको मौलिक अभ्यास रहेको छ। चाडवाडहरूमा दशैं तिहार, ल्होसार, कृष्णाष्टमी, जनै पूर्णिमा, रामनवमी, माघे संक्रान्ती प्रमुख चाडका रुपमा रहेका छन्। केही नयाँ बैकल्पिक पर्यटकीय क्रियाकलापहरूको सम्भावना के छ

ख) समस्या तथा चुनौति

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटन विकासका पूर्वाधारहरू सडक, विद्युत्, खानेपानी, सञ्चार, स्वास्थ्य र सुरक्षाको व्यवस्थामा कमी, पर्यटन सूचना केन्द्र नभएको, पर्यटकस्तरका होटल तथा रेष्टुराँहरू संचालनमा कमी, आधुनिक तथा आयातित संस्कृतिको बढ्दो प्रभाव, जथाभावी सडक निर्माणले मनोरम प्राकृतिक दृष्यहरू हराउँदै तथा प्रदूषित हुँदै जानु तथा पहिचान गरिएका पर्यटकीय स्थानको गुरु योजना योजना तयार नहुनु आदि प्रमुख समस्याको रुपमा रहेको छ।

विदेशी संस्कृतिको प्रभावका कारण मौलिक भेषभूषा, भाषा तथा संस्कृतिको ह्रास हुँदै जानुका साथै ऐतिहासिक सम्पदाको संरक्षण र सम्बर्द्धनमा कमी रहेको छ। दुप्चेश्वर मन्दिर, बोलोम्चे गुम्बा, याङ्री गुम्बा लागायतका गुम्बाहरू प्रचार प्रसार रर पर्यटकिय पुर्वाधारको कमी देखिन्छ। नयाँ पुस्तामा पश्चिमी संस्कृतिको प्रभाव बढनुले मौलिक साँस्कृतिक अभ्यासमा कमी रहेको छ भने मातृभाषामा कक्षा सञ्चालन हुन सकेको छैन। तामाङ्गसेलो, झाँक्री नाच, शेर्पानाचको मौलिक अभ्यास संरक्षण र नियमित अभ्यासमा कमीका कारण नयाँपुस्तामा हस्तान्तरण हुन सकेको छैन।

४.४ उद्देश्य

स्थानीय मौलिक संस्कृतिको संरक्षण, प्रवर्द्धन गर्ने तथा पर्यटकीय पूर्वाधारहरु विकास गरी पर्यटन क्षेत्रमा आयआर्जनका अवसरहरुमा वृद्धि गर्ने

४.७ रणनीति कार्यनीति

४.८ प्रमुख रणनीतिक कार्यक्रम आयोजना

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रम विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य (२०८१/८२)		
४.५.१ पर्यटन गुरुयोजना तयारी	संख्या	०	१	२५००	गापास्तरमा
४.५.२ पर्यटन पूर्वाधार विकास कार्यक्रम	स्थान	०	१५	५००००	सूचना केन्द्र लगायत सवै पर्यटकीय स्थानमा रहेको पूर्वाधार
४.५.३ कृषि पर्यटन कार्यक्रम	स्थान	०	७	२००००	कृषि पकेट क्षेत्र अनुसार कृषि व्यवसायसँग आवद्ध गर्ने तथा एक गाउँ एक उत्पादनसंग आवद्ध गरी संचालन गर्ने
४.५.४ पर्यटकीय पदमार्ग मार्ग विकास कार्यक्रम	कि.मि.	३	८९	५०००	१. शिखरवेशी-उदिनदुङ्गा-राउचुली पदमार्ग १५ किमि २. नाडाङ्ग भञ्ज्याङ - कुटुमसाङ -ठाडेपाटी पदमार्ग १० किमि ३. कुटुमसाङ - माङयाङ - ठाडेपाटी - गोसाईकुण्ड १५ किमि ४. समुन्द्रटार-बाघमारा-सागरकुण्ड -राउचुली-गोसाईकुण्ड पदमार्ग २५ किमि ५. घ्याडफेदी-फेदी-गोसाईकुण्ड पदमार्ग १२ किमि ६. दुप्चेश्वर-करेजुङ-कँडेनी माङयाङ गोठ पदमार्ग १२ किमि
४.५.५ पर्यटकीय सेवा सम्बन्धी क्षमता विकास कार्यक्रम	पटक	०	५	५०००	अतिथि सत्कार, होमस्टे संचालन, टुर गाईड, कुक तालिम आदि
४.५.५ दुप्चेश्वर मन्दिर - गोसाइँकुण्ड केवुल कार निर्माण	वटा	०	१	५००००	निजी क्षेत्रको सहकार्यमा निर्माण गरिने । गाउँपालिकाको आंशिक आर्थिक सहभागिता रहने ।
४.५.६ पर्यटन पूर्वाधार र सुविधा सम्बन्धी सालबसाली कार्यक्रम	पटक	१	५	१००००	नेपाल सरकार र प्रदेश सरकाको सशर्त अनुदान र
४.५.७ मौलिक कला तथा सम्पदा संरक्षण	पटक	०	१	८५००	साँस्कृतिक संग्राहलय स्थापना ऐतिहासिक तथा धार्मिक क्षेत्रको मर्मत सम्मार
४.५.९ स्थानीय मौलिक गीत, नृत्य प्रतियोगिता तथा अन्य सांस्कृतिक कार्यक्रम	पटक	०	१०	७५०	विद्यायलस्तरीय मौलिक गीत तथा नृत्य प्रतियोगिता वार्षिक लोक गीत तथा सेलो गीत प्रतियोगिता
नियमित कार्यक्रम				१०००	
कुल बजेट				**१५२७५०**	

४.६ रणनीति तथा कार्यनीति

योजनाको संस्कृति तथा पर्यटन विकास क्षेत्रको उद्देश्य हासिल गर्न अपाइने रणनीति कार्यनीति देहायअनुसार अवलम्बन रहेको छ :

रणनीति	कार्यनीति
१. प्राथमिकताका आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायतका कार्यहरू चरणबद्ध रुपमा कार्यान्वयन गर्ने	१. पर्यटन पूर्वाधारको विस्तारसँगै पर्यटनसँग सम्बन्धित राष्ट्रियस्तरका पेशागत संघसंस्थासँग समन्वय गरी पर्यटकहरु आकर्षिक गर्न विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ । २. विभिन्न शैक्षिक संस्थाहरुसँग समन्वय गरी विद्यार्थीहरुको अध्ययन भ्रमणको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ । ३. पर्यटकीय सम्पदाको पहिचान, नक्साङ्कन एवं प्रवर्द्धन गरिनेछ । ४. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरी पर्यटकीय आकर्षणमा वृद्धि गरिनेछ । ५. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरू संचालन गरिनेछ । ६. नयाँ पर्यटकीय क्षेत्रहरु पहिचान, विकास र प्रचार प्रसार गरी गाउँपालिकामा भित्रिने पर्यटकहरुको संख्या वृद्धि गरिनेछ । ७. दुप्चेश्वर महादेव मन्दिर तथा अन्य पर्यटकीय स्थलहरुबीच सम्बन्धन तथा पूर्वाधार विकास गरी गाउँमा भित्रिएका पर्यटहरुको बसाइ लामो र रोचक बनाउने प्रयास गरिनेछ ।
२. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने	१. स्थानीय संस्कृति एवम् रीतिरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम संचालन गरिनेछ । २. कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ । ३. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ । ४. पर्यटन विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण सम्बर्धनसँग एकीकृत गरी संचालन गरिनेछ । ५. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरूमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधा सहित पर्यटन विकास गरिनेछ ।
३. पर्यटनको विकासको माध्यमद्धारा रोजगारी तथा आय वृद्धि गर्ने	१. दुप्चेश्वर मन्दिरबाट गोसाइँकुण्डसम्म केबुलकार निर्माण निर्माणका लागि निजी क्षेत्रसँग सहकार्य गरी सम्भाव्यता अध्ययन गरिनेछ । केबुलकार निर्माणको लगानीमा गाउँपालिकाले निजी क्षेत्रसँग आंशिक आर्थिक सहभागिता जनाउनेछ । २. युवा, महिला र लक्षित वर्गमा रोजगारी सिर्जना र आय वृद्धि गरिनेछ । ३. एकीकृत पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ । ४. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकास विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई संचालन गरिनेछ ।
४. मौलिक सम्पदा तथा संस्कतिको संरक्षण तथा सम्मर्द्धन गर्ने ।	१. सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न पालिकास्तरमा साँस्कृतिक प्रतिस्ठान गठन गरिनेछ । २. दुप्चेश्वर मन्दिर, बोलोम्चे गुम्बा, याङ्री गुम्बा लागायतका गुम्बाहरु प्रचार प्रसार र पर्यटकीय पुर्वाधारको निर्माण गरिनेछ । ३. तामाङ्ग जातिको बाहुल्य क्षेत्रमा मातृभाषामा कक्षा सञ्चालनको व्यवस्था गरिनेछ । ४. गाउँपालिकास्तरमा साँस्कृतिक संग्राहलय स्थापना गरिनेछ ।

परिच्छेद ५ : सामाजिक विकास योजना

५.१ पृष्ठभूमि

शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र साँस्कृतिक संरक्षणका सवालहरूलाई नेपालको संविधानले मौलिक हक र राज्य निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा उच्च महत्वका साथ समावेश गरेको छ । वर्तमान संविधानले आधारभूत र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रअन्तरगत राख्दै आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क रुपमा पाउने कुरालाई मौलिक हकअन्तरगत राखेको छ । स्वास्थ्य क्षेत्रमा वर्तमान संविधानले आधारभूत स्वास्थ्य सेवा निःशुल्क तथा आकास्मिक स्वास्थ्य सेवामा सहज पहुँचको सुनिश्चितता गरेको छ । लक्ष्यत वर्गको हकमा सबै खाले भेदभाव, हिंसा र शोषण अन्य गर्दै दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, लोपोन्मुख जाति तथा विपन्न वर्गको हितका लागि आरक्षण तथा विशेष व्यवस्था गरिएको देखिन्छ । मौलिक हक अन्तरगत भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन समेत समाविष्ट गरिएको छ ।

वर्तमान १५ औं राष्ट्रिय योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधारका रुपमा प्रस्तुत गरेको छ । योजनाको आधारपत्रमा समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरा उल्लेख गरिएको छ ।

दुप्चेश्वर गाउँपालिकाले रोजगारमुखी समावेशी विकास, पिछडिएको जातीय समुदाय तथा भौगोलिक क्षेत्रको विकासलाई नीति तथा कार्यक्रममार्फत् विशेष प्राथमिकता दिँदै आएको छ । महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न तथा असहाय वर्गको हितलाई नीति तथा कार्यक्रमअन्तरगत समावेश गरेको देखिन्छ । गाउँपालिकाले सुरक्षित मातृत्व, आधारभूत स्वास्थ्य सेवामा पहुँच, पोषणको अवस्थामा सुधार, सफा टोल, गुणस्तरीय आधारभूत शिक्षा तथा स्वास्थ्य सेवा, दण्डरहित शिक्षा, र लक्षित वर्गको हितलाई समृद्ध दुप्चेश्वरको आधारका रुपमा लिएको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पताको संरक्षण, संवर्द्धन र विकास गर्ने दिशामा स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारीका रुपमा लिई दोस्रो पशुपतिका रुपमा चिनिने दुप्चेश्वर क्षेत्र लगायतका सम्पदाको चौतर्फी विकास र प्रचार प्रसारमार्फत् स्थानीय संस्कृतिलाई जीवन्त राख्दै पर्यटनको विकासमा टेवा पुऱ्याउन पहल गरिएको छ ।

गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न जरुरी देखिन्छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरका मुलभूत मान्यतालाई आत्मसात् गरी यथोचित अवसर, सामाजिक न्याय तथा सामाजिक सुरक्षामार्फत् समावेशी र समृद्ध दुप्चेश्वरको आधार तयार गर्नु आवश्यक रहेको छ । सामाजिक क्षेत्रको विकासमा संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ । दुप्चेश्वर गाउँपालिकाको समृद्धिका लागि शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चुनौती पहिचान गरिएको छ ।

५.२ शिक्षा तथा सीप विकास

क) संभावना, अवसर र विद्यमान अवस्था

नेपालको संविधानले व्यवस्था गरे बमोजिमको माध्यामिक तहको निःशुल्क शिक्षाको सुनिश्चिता र नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा गाउँपालिकाको शैक्षिक विकासको मार्ग निर्देशकका रुपमा लिई प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सिर्जना गर्ने कुरालाई गाउँपालिकाले महत्व दिएको छ ।

कुल ५० वटा विद्यालय रहेको यस गाउँपालिकामा ३४ वटा बाल विकास केन्द्र, ११ माध्यमिक र ३९ वटा आधारभूत तहका विद्यालयहरू सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त ५ वटा सामुदायिक अध्ययन केन्द्र समेत संचालनमा रहेको देखिन्छ । विद्यालय वाहिर रहेका वालवालिकालाई विद्यालय शिक्षामा समाहित गर्ने अभियान निरन्तर रहेको यस क्षेत्रमा विद्यालय भवन

लगायतका पूर्वाधार निर्माणको कार्य पूर्णता उन्मुख रहेको छ । विद्यालयमा बालमैत्री सिकाइ विधि अवलम्बन गरिएको छ भने १५ वटा विद्यालयमा कम्प्युटर तथा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । विद्यालयमा उपलब्ध पूर्वाधार, संरचना तथा सुविधाको अवस्था हेर्दा बालमैत्री पूर्वाधार भएका विद्यालय संख्या २५, छात्रामैत्री विद्यालय संख्या १५, बालक्लब गठन भएका विद्यालय संख्या १५, विज्ञान तथा कम्प्युटर प्रयोगशाला भएका विद्यालय संख्या १ र पानी तथा सरसफाइ सुविधा सहितको छात्र तथा छात्रा शौचालय निर्माण भएका विद्यालय ३० वटा रहेको देखिन्छ । उच्च शिक्षाको अध्ययनका लागि स्नातक तहको क्याम्पस २ वटा सञ्चालनमा रहेका छन् । यस क्षेत्रको समग्र शैक्षिकस्तर र गुणस्तरीय शिक्षामा पहुँच क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । पालिकास्तरमा राष्ट्रपति रनिङ्ग शिल्ड संचालन सुरु भएको हुँदा यसले खेलकुदको विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

ख) समस्या तथा चुनौती

विद्यालय शिक्षामा पूर्वाधार निर्माण र पहुँच विस्तारको दिशामा पछिल्ला दिनहरूमा व्यापक सुधार भएतापनि मूलरुपमा गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशमा समस्या र चूनौतिहरू रहेका छन् । कुनै पनि विद्यालयमा अपांग स्रोत कक्षा, ऋद्यभन्च्छ कार्यान्वयन र छुट्टै प्रधानाध्यापकको व्यवस्था रहेको छैन । प्राविधिक शिक्षामा माग भएपनि पठन पाठनको लागि विद्यालयमा प्राविधिक धार सञ्चालनमा आउन सकेको छैन । विद्यार्थी संख्या २० भन्दा कम रहेका विद्यालय ५ वटा रहेता पनि दरवन्दी मिलान तथा मर्ज हुन सकेको छैन । पालिकास्तरमा स्थानीय पाठ्यक्रम तर्जुमा हुन सकेको छैन । विद्यालयमा शिक्षक संख्याको कमीका कारण बहुकक्षा शिक्षण गर्नुपर्ने अवस्था समेत रहेको छ । घ्याङफेदी, शिखरबेसीलगायत यसभन्दा उपल्लो माथिल्लो भेगका बालबालिका भौगोलिक दूरीका कारण माध्यमिक शिक्षाको पहुँचबाट बञ्चित रहेका छन् । विद्यालयमा स्वच्छ खानेपानी तथा सरसफाई, छात्रामैत्री शौचालय, अपाङ्ग तथा बालमैत्री पूर्वाधार, कम्प्युटर तथा इन्टरनेट सुविधा, पुस्तकालय, विज्ञान प्रयोगशालाको कमी र कमजोर व्यवस्थापन रहेको देखिन्छ । बाल कक्षामा सामग्री, बालमैत्री पूर्वाधार र सहजकर्ताको व्यवस्थापनमा कमी रहेको छ । विद्यालय छोड्ने विद्यार्थीको संख्या पूर्ण रुपमा नियन्त्रणमा आउन सकेको छैन र विद्यार्थी तथा शिक्षकको नियमिततामा पनि सुधार गर्नुपर्ने अवस्था रहेको छ । विद्यालयमा नियमित अनुगमन तथा पृष्ठपोषण हुन नसक्दा गुणस्तरीय शिक्षाको क्षेत्रमा आशातीत उपलब्धी हासिल हुन सकेको छैन ।

५.३ स्वास्थ्य तथा पोषण

क) संभावना, अवसर र विद्यमान अवस्था

दुप्चेश्वर गाउँपालिका क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने पूर्वाधारहरू मात्र रहेका छन् । जसअन्तरगत ७ वटा स्वास्थ्य चौकी, ग्रामीण सामुदायिक स्वास्थ्य एकाइ एउटा, पुरुगाउँ स्वास्थ्य एकाई र गाउँघर क्लिनिक तथा खोप केन्द्र २१ वटा रहेको छ । स्वास्थ्य संस्थामा उपलब्ध सेवामा ल्याव सेवा २ वटा स्वास्थ्य चौकीमा, सुरक्षित गर्भपतन सेवा २ वटामा, प्रसूति सेवा ४ वटा स्वास्थ्य संस्थामा, इम्प्लान्ट सेवा २ वटा स्वास्थ्य संस्था रहेको छ । स्वास्थ्य सेवा उपलब्ध गराउने जनशक्तिका रुपमा एचए ५ जना, अहेव १५ जना, अनमि ११ जना, ल्याव असिस्टेन्ट २ जना र महिला स्वास्थ्य स्वयम्सेविका ९१ जना रहेको देखिन्छ । पूर्ण खोप गाउँपालिका घोषणा भएको यस गाउँपालिका स्वास्थ्य संस्थामा भवन तथा पूर्वाधारको पर्याप्तताउन्मुख रहेको छ । स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतना वृद्धि तथा अवस्थामा सुधार हुँदै गएको यस क्षेत्रमा कुपोषणको दर न्यून रहेको छ । पूर्ण संस्थागत सुत्केरी कार्यक्रम, सुरक्षित मातृत्व तथा पोषणका लागि घरमा झण्डा हातमा अण्डा कार्यक्रम र सुनौला हजार दिन कार्यक्रम संचालनमा रहेको देखिन्छ । स्वास्थ्य तथा पोषणका क्षेत्रमा पछिल्ला दिनमा जनचेतना अभिवृद्धिका साथै सकारात्मक परिवर्तन हुँदै गएको देखिन्छ ।

ख) समस्या तथा चुनौती

चिकित्सकीय सेवाको लागि जिल्ला सदरमुकाम तथा राजधानीका अस्पतालमा भर पर्नुपर्ने यस क्षेत्रका स्वास्थ्य संस्थामा सेवा, जनशक्ति र पूर्वाधारको कमी रहेको छ । स्वास्थ्य संस्थामा उपलब्ध सेवाको प्रकार न्यून रहेको यस क्षेत्रमा स्वास्थ्य संस्थासँगको भौगोलिक दुरी उच्च रहेको देखिन्छ । गाउँपालिकाका ४ वटा वडामा मात्र वर्थिङ्ग सेण्टर संचालनमा रहेको छ भने १९ वटा गाउँघर क्लिनिक र खोप केन्द्रको आफ्नै भवन रहेको छैन । करिव १९ प्रतिशत मात्र स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या रहेको छ भने प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गराउने गर्भवती महिलाको संख्या करिव ३० प्रतिशत र तीन पटक सुत्केरी जाँच गराउनेको संख्या अत्यन्त न्यून रहेको (करिव २ प्रतिशत) मात्र रहेको छ । यस क्षेत्रमा वालवालिकामा कुपोषण कायमै रहेको छ भने खानपान र स्वास्थ्य चेतनाको कमी रहेको छ । एम्बुलेस र स्वास्थ्य संस्थामा स्टेचरका कमीका कारण

आपतकालिन स्वास्थ्य सेवा कठिन बनेको छ । अन्धविश्वास, खानपीनमा पौष्टिकताको ख्याल गर्ने आनीबानी र धुम्रपान र मद्यमानको कुलतका कारण स्वास्थ्यमा प्रभाव परेको देखिन्छ । यसक्षेत्रमा स्वास्थ्य विमाको अभ्यास रहेको छैन ।

स्वास्थ्य तथा पोषणको क्षेत्रमा आधारभुत सेवामा के कठिनाइ छ

५.४ खानेपानी तथा सरसफाइ

क) संभावना, अवसर र विद्यमान अवस्था

खुला दिशामुक्त क्षेत्रका रुपमा घोषणा भइसकेको यस गाउँपालिकामा पछिल्ला दिनमा खानेपानी तथा सरसफाई क्षेत्रमा सकारात्मक सुधारहरू हुँदै गएका छन् । खानेपानी तथा सरसफाई गुरु योजना तर्जुमाका क्रममा रहेको यस क्षेत्रमा व्यक्तिगत तथा सामुदायिक सफाइको क्षेत्रमा चेतना वृद्धि हुँदै गएको छ । खानेपानी र सरसफाइका गतिविधिलाई पालिकास्तरमा प्राविधिक शाखाअन्तरगत राखेर खानेपानी सुविधा विस्तार र मर्मतका गतिविधि सञ्चालनमा रहेका छन् । गाउँपालिकाको वडा नं. ४ मा फोहरमैलाको दीर्घकालिन व्यवस्थापनका लागि निर्माण गर्न लागिएको डम्पिङ्ग साइट निर्माणका क्रममा रहेको छ । पाइपलाइनबाट खानेपानी विस्तार भएको घरपरिवार संख्या ४०.१४ प्रतिशत रहेको छ भने निजी धारा रहेका घरपरिवार संख्या १८.७४ प्रतिशत रहेको छ । खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था ३ वटा रहेको छ । गाउँपालिकाले खानेपानी तथा सरसफाइसम्बन्धी १० वर्षे गुरुयोजना समेत तयार गररहेको छ ।

ख) समस्या तथा चुनौती

संघीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैरसरकारी र निजी क्षेत्रबाट समेत प्रयास भएता पनि खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइजन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन । खानेपानी आयोजनाको दिगोपनामा कमी रहेको छ भने कतिपय स्थानमा खानेपानी मुलको विवाद कायम रहेको छ । खानेपानीको गुणस्तर परिक्षणमा कमीका कारण स्वच्छताको सुनिश्चितता हुन सकेको छैन । उपभोक्ता समितिको खानेपानी आयोजना निर्माण तथा व्यवस्थापनमा क्रियाशिलता र लागत सहभागिताको कमीका कारण व्यवस्थित खानेपानी प्रणालीको अभाव देखिएको छ । खुला दिशामुक्त क्षेत्र घोषण भएता पनि शौचालय निर्माण तथा व्यवहार परिवर्तन हुन नसक्दा पुर्ण कार्यान्वयनमा कमी रहेको छ । सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको निर्माणमा कमी रहेको छ । घरपरिवार तथा वस्ती तहमा फोहोर व्यवस्थापनको कमी रहेको छ भने शहर उन्मुख क्षेत्रमा ढल व्यवस्थापनको कमी रहेको देखिन्छ । प्लास्टिकजन्य तथा शिशाजन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदुर्सण बढ्दै गएको देखिन्छ ।

५.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

क) संभावना, अवसर र विद्यमान अवस्था

लैससास राष्ट्रिय तथा स्थानीय नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस गाउँपालिकामा लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखिएको छ । गाउँपालिकास्तरीय तथा वडास्तरीय महिला संजाल गठन भएका, पालिकास्तरीय अपाङ्ग तथा बाल सञ्जाल रहेको र अन्य लक्षित वर्गका संजाल गठन प्रक्रियामा रहेका छन् । लक्ष्यित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरी अपाङ्गता भएका व्यक्ति, महिला तथा अन्य लक्षित वर्गका लागि तालिम लगायत प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा रहेका छन् । लैससासलाई हेर्ने गरी गाउँ कार्यपालिका कार्यालयमा महिला तथा बालवालिका शाखा रहेको छ । कुल १४ संख्या वालक्लव गठन भई क्रियाशील रहेका छन् भने अपाङ्गता भएका व्यक्तिको समुह हरेक वडामा रहेको छ । पालिकाभरीका कुल १२० जना अनाथ बालवालिकालाई संरक्षण प्रदान गरिएको छ । पूर्ण अपाङ्गता भएका ४२ जना र अन्य किसिमको अपाङ्गता भएका व्यक्ति १७६ जना पहिचान गरिएको छ । जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ भने सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई बैंक खाताबाट सञ्चालन गरिएको छ । हिंसाजन्य घटना पिडितको लागि गाउँपालिकास्तरबाट सहयोगको व्यवस्था भइरहेको छ ।

ख) समस्या तथा चुनौती

लैससासको क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालवालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेको छैन । सबै लक्षित वर्गका सञ्जाल गठन हुन सकेका छैनन भने लक्षित वर्गमा अधिकार र कानुनी व्यवस्थाको सम्बन्धमा जानकारी कमी रहेको छ । निर्णायक तहमा लक्षित वर्गको अर्थपुर्ण सहभागितामा कमी कायमै रहेको छन् भने

लक्षित वर्गका कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैनन् । चेलिवेटी बेचविखन संम्बन्धी घटना देखिने गरेको यस क्षेत्रमा लैङ्गिक हिंसाका घटना पिडितका लागि सुरक्षित आप्रवासन गृहको कमी रहेको छ । दलितमा हुने छुवाछुत लगायतका भेदभाव कायमै रहेको छ । जेष्ठ नागरिकको दैनिक जीवन यापन कठिन रहेको छ । बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा प्राप्त गर्ने व्यक्तिलाई कठिनाई भई रहेको छ । बालश्रम तथा बालविवाहको अभ्यास कायम रहेको छ भने हालसम्म पनि विद्यालय बाहिर वालवालिकाहरू रहेका छन् ।

५.६ युवा तथा खेलकुद

क) संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिका क्षेत्रमा ५ वटाभन्दा बढी युवा क्लव रहेका छन् । खेलकुदको क्षेत्रमा राष्ट्रियस्तरको भलिवल प्रतियोगिता नियमित हुने गरेको छ । राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा युवाको सकृयता र संलग्नता बढ्दो रहेको छ । गाउँपालिकाको प्रतिनिधित्व गर्ने अन्तराष्ट्रियस्तरका खेलाडी रहेका छन् । वैदेशिक रोजगारीमा गएका युवाहरूको संख्या उच्च रहेको छ जस्को आम्दानीमा धेरै परिवारको जीवनस्तरमा उल्लेख्य सुधार भएको छ । बेरोजगार युवालाई रोजगार दिने राष्ट्रिय कार्यक्रम संचालनले युवामा उत्साह बढेको छ ।

ख) समस्या तथा चुनौति

खेल क्षेत्रको विकासका लागि खेल मैदान, खेल प्रशिक्षण तथा खेलकुदको नियमित आयोजनामा कमी रहेको छ । देशकै अन्य क्षेत्र तथा विदेशमा रोजगारी, अध्ययन तथा अवसरको खोजीमा युवाहरू जाने प्रवृति रहेको छ । भौगोलिक विकटता तथा उपयुक्त स्थलको अभावमा खेल मैदानको निर्माणमा कठिनाई रहेको छ । स्थानीयस्तरमा खेल तथा खेलाडी प्रति हेर्ने दृष्टिकोण सकारात्मक हुन सकेको छैन । युवा स्वरोजगारी तथा आत्मविश्वासको कमी रहेको छ ।

५.७ उद्देश्य

- शैक्षिक पूर्वाधारलाई बालमैत्री, विपद्मैत्री, लैंगिकमैत्री बनाउने तथा प्राविधिक, र गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्ने
- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्ने
- स्वच्छ खानेपानीमा पहुँच तथा सरसफाईको स्तरमा अभिवृद्धि गर्ने
- लक्ष्यित वर्गको क्षमता विकास तथा स्वरोजगारीका अवसरमा वृद्धि गर्ने
- युवा वर्गमा सिर्जनशिलता, उद्यमशिलता एवं उत्पादनशिलतामा वृद्धि गर्ने

५.९ रणनीति कार्यनीति

५.१० प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८०/८१		
२.१ शिक्षा तथा सीप विकास				**४७८०००**	
२.२.१. विद्यालय पूर्वाधार सुधार कार्यक्रम	संख्या	०	१	४१५०००	- स्वच्छ खानेपानी व्यवस्थापन (५० विद्यालयमा) - १४ वटा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना - ३५ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा विस्तार - अपाङ्ग तथा छात्रामैत्री शौचालय निर्माण (५० विद्यालयमा) - अपाङ्गमैत्री भवन (११ माविमा) - पुस्तकालय सुधार तथा व्यवस्थापन (५० विद्यालयमा) - खेल मैदान निर्माण/सुधार (५० विद्यालय - विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन
२.२.२. शैक्षिक गुणस्तर सुधार कार्यक्रम	संख्या	०	१	४३०००	- विद्युतीय हाजिरी मेसिन स्थापना (५० विद्यालयमा) - उकृष्ठ शिक्षक तथा विद्यालय सम्मान (हेरक वर्ष) - विद्यालय अनुगमन (वडातहमा जनप्रतिनिधि, विव्यस र अविभावक सहितको अनुगमन समितिले नियमित अनुगमन तथा कारवाही) - विद्युतिय सूचना प्रविधिमा आधारित सिकाईका लागि शिक्षक तालिम (२५० जना)

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८०/८१		
					- विद्युतिय सामाग्री वितरण (ओभरहेड प्रोजेक्टर, ल्यापटप ४९ विद्यालयमा) - वाल विकास केन्द्रमा सिकाई सामाग्री व्यवस्थापन
२.२.३. नियमित वा सालवसाली कार्यक्रम	पटक	१	५	२००००	- पूर्वाधार मर्मत, नियमित तालिम, विद्यालय अनुदान
२.२ स्वास्थ्य तथा पोषण				**६३५००**	
२.२.४. स्वास्थ्य सेवा विस्तार कार्यक्रम	संख्या	४	६	३००००	- वडा नं. १, २, ४ र ५ मा रहेको स्वास्थ्य चौकीमा वर्थिङ्ग सेण्टर सञ्चालन; - वडा नं. १, २, ४, ५ र ७ मा रहेको स्वास्थ्य चौकीमा ल्याव सेवा विस्तार; - शिखर वेसी, समुन्द्रटार र राउत वेसी स्वास्थ्य चौकीमा भिडियो एक्स रे तथा एक्स रे मेसिन जडान; - वर्थिङ्ग सेण्टरको स्तरोन्नती (शिखर वेसी, समुन्द्रटार र राउत वेसी); - एम्बुलेन्स व्यवस्थापन (शिखर वेसी, समुन्द्रटार र राउत वेसी)
२.२.५. स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	पटक	०	१	२३५००	- बर्थिङ्ग सेण्टरमा कुरुवा भवन निर्माण (७ वटा) - स्वास्थ्य चौकी भवन निर्माण (वडा नं. ३) - स्वास्थ्य संस्थामा अजैविक फोहोर मैला व्यवस्थापन - गाउँघर क्लिनिक तथा खोप. केन्द्रको भवन १९ वटा - स्वास्थ्य संस्थामा वैकल्पिक उर्जा व्यवस्थापन (९ संस्थामा)
२.२.६. स्वास्थ्य गुणस्तर सुधार कार्यक्रम	संख्या	०	१	५०००	- स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी स्थापना - घरमै सुत्केरी जाँच (महिला स्वास्थ्य स्वयम सेविकाद्वारा) - क्षमता सुदृढीकरण (औजार तथा उपकरण) - स्वास्थ्य कर्मचारी तथा महिला स्वास्थ्य स्वयम सेविका पुरस्कार (हरेक वर्ष १ पटक) - जनसांख्यिक स्वास्थ्य सर्भेक्षण - जनप्रतिनिधिसँग स्वास्थ्य सम्वाद (महिनामा एक पटक)
२.२.७. सालवसाली कार्यक्रम	पटक	१	५	५०००	- नियमित तालिम, मर्मत सम्मार, उपकरण व्यवस्थापन, आपतकालिन उद्दार, महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन तथा तालिम
२.३ खानेपानी तथा सरसफाई				**१५९५००**	
२.३.१ एक घर एक धारा कार्यक्रम	पटक	०	१	१५००००	- सबै वडाका बाँकी २२४० घरपरिवारमा
२.३.२ टोल सफाई कार्यक्रम	पटक	०	१	२५००	- समुन्द्रटार, रामती, रावतवेसी, घ्याङ्फेदी, गोल्फु भञ्जाङ्ग, कुटुमसाङ्ग बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण - डपिङ्ग साइट निर्माण तथा व्यवस्थापन
२.३.३ खानेपानी गुणस्तर सुधार	खा.पा. प्रणाली	०	१००	२०००	- सबै खानेपानी प्रणालीको गुणस्तर परिक्षण - खानेपानी उपभोक्ता समितिलाई खानेपानी सुद्धिकरण सचेतना
२.३.४ नियमित तथा सालवसाली कार्यक्रम	पटक	१	५	५०००	- तालिम, मर्मत
२.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण				**४९१००**	
२.४.१ लक्ष्यित वर्ग क्षमता विकास कार्यक्रम	पटक	०	५	७५००	- महिला नेतृत्व तथा संस्थागत विकास तालिम ५ दिने (३०० जना) - दलित महिला कानुनी तथा नीतिगत व्यवस्थाको सम्वन्धमा सचेतना तालिम (१०० जना) - महिला समुह सदस्यलाई अनुशिक्षण तालिम (४५ समुह)

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८०/८१		
२.४.२ लक्षित वर्ग स्वरोजगार कार्यक्रम	पटक	०	५	२१६००	- दलितका लागि आरन सुधार, सिस्नु प्रसोधन र मौरीपालन तालिम (२०० जना) - महिलाका लागि फलफुल खेती, टनेल खेती, सस तयारी तालिम र आलु चिप्स तयारी तालिम तथा सामाग्री वितरण (५०० जना) - अपाङ्गता भएका व्यक्तिका लागि च्याउ खेती, कुखुरापालन तथा काष्ठजन्य सामाग्री निर्माण तालिम तथा सामाग्री वितरण (१०० जना) - आदिवासी जनजाति कुखुरा पालन, बंगुरपालन र होमस्टे सञ्चालन सम्बन्धी तालिम तथा सामाग्री वितरण ५०० जना)
२.४.३ लक्षित वर्ग हित प्रवर्द्धन कार्यक्रम	पटक	०	५	२००००	- असहाय जेष्ठ नागरिकका लागि आवासिय व्यवस्था (सातवटै वडामा) - सुरक्षित आप्रवासन गृहको संचालन (समुन्द्रटारमा)
२.५ युवा तथा खेलकुद				**१५८००**	
२.५.१ खेलकुद विकास कार्यक्रम				१००००	- गाउँपालिका स्तरीय एउटा र एक वडा एक खेल मैदान (८ वटा) - खेल प्रशिक्षण (भलिवल, मार्सल आर्ट, ब्याडमिण्टन, टेवल टेनिस) - राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल खेलेका स्थानीय खेलाडीलाई प्रोत्साहन तथा सम्मान - गाउँपालिका स्तरीय नियमित खेल प्रतियोगिता सञ्चालन (भलिवल, व्याडमिण्टन, मार्सल आर्ट)
२.५.२ युवा स्वरोजगार कार्यक्रम	पटक	०	१	५०००	- युवा ड्राइभिङ्ग तालिम (५० जना) - युवा मोवाइल तथा कम्प्युटर मर्मत तालिम (१००) - वेल्डिङ्ग, इलेक्ट्रिक र पलम्विङ्ग तालिम (१००)
२.५.३ सालबसाली कार्यक्रम				८००	
कुल जम्मा				**७६५९००**	

४.६ रणनीति तथा कार्यनीति

आवधिक योजनाको सामाजिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा कार्यनीति देहायअनुसारका हुनेछन् :

रणनीति	कार्यनीति
२.१ शिक्षा तथा सीप विकास	
२.१.१ प्राविधिक तथा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्ने	१. शैक्षिक गुणस्तर वृद्धि गर्न निरन्तर अनुगमन र सुधारलाई प्रभावकारी गराउन विद्यालय अनुगमन कार्यविधि तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । ३. प्राविधिक शिक्षामा पहँच वृद्धि गर्न विद्यालयमा प्रविधिक विषयमा कक्षा सञ्चालन गरिनेछ । ४. सबै विद्यालयमा विद्युतिय सूचना प्रविधिको उपलब्धता र सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको अभ्यास हुने वातावरण तयार गरिएको हनेछ । ५. विद्यालयमा शिक्षक तथा कर्मचारीको नियमितताका लागि विद्युतीय हाजिरी र सीसी क्यामराको जडान र उपयोग गरिनेछ । ६. बालमैत्री सिकाइ विधि र सिकाइ विधिलाई व्यवहारिक गराइने छ । ७. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा ल्याउने प्रयासलाई निरन्तरता दिइनेछ । ८. आधारभूत विद्यालयमा पढाइ सकिएपछि भौगोलिक दूरीका कारण माध्यमिक शिक्षाको पहुँच नभएका विद्यार्थीलाई छात्रावासको व्यवस्था गरी अध्ययनको अवसर उपलब्ध गराइने छ । ९. सबै विद्यालयमा बालक्लव गठन गरी क्रियाशीलतालाई नियमित गरिनेछ ।
२.१.२ बालमैत्री, छात्रामैत्री तथा अपाङ्गमैत्री शैक्षिक पूर्वाधार, सामग्री र उपकरणको व्यवस्था	१. सबै माध्यमिक विद्यालयमा अपाङ्गमैत्री भवन निर्माणलाई प्राथमिकता दिइने छ । २. विद्यालयमा उपलब्ध सेनेटरी प्याडको उपयोगलाई दुरुपयोग हुन नदिने गरी व्यवस्थित गराइने छ ।

रणनीति	कार्यनीति
गरी शिक्षा प्रणालीमा समावेशिता प्रवर्द्धन गर्ने	३. विद्यालयमा स्वच्छ खानेपानी उपलब्धता सुनिश्चित गरी र छात्रामैत्री शौचालय निर्माण गरिनेछ । ४. राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिताको नियमित आयोजनाको व्यवस्था मिलाइने छ । ५. बाल विकास केन्द्रामा शैक्षिक सामाग्री र वालमैत्री पूर्वाधारको उचित व्यवस्था गर्दै कार्यरत सहजकर्ताको सेवा सुविधामा यथोचित सुधार गरिनेछ ।
२.१.३ विद्यालय र वालविकास केन्द्रमा आवश्यक जनशक्तिको व्यवस्था गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने	१. भौगोलिक दूरी र विद्यार्थी संख्याका आधारमा न्यून विद्यार्थी रहेका विद्यालयलाई गाभिनेछ । २. उत्कृष्ट विद्यालय तथा शिक्षक र बालविकास सहजकर्तालाई हरेक वर्ष पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ । ३. शिक्षक संख्या कम भएका विद्यालयमा आवश्यक शिक्षकको व्यवस्थापनका लागि पहल गरिनेछ ।
२.२ स्वास्थ्य तथा पोषण	
१.२.१ गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने ।	१. सबै वडामा वर्थिङ्ग सेण्टर स्थापना गरिनेछ । २. १५ शैयाको अस्पताल स्थापनाको लागि यथोचित समन्वय र पहल गरिनेछ । ३. पूर्ण संस्थागत सुत्केरी कार्यक्रमलाई थप प्रभावकारीरुपमा निरन्तरता दिई सुरक्षित मातृत्व तथा पोषणका लागि घरमा झण्डा हातमा अण्डा कार्यक्रम अझ बढी प्रभावकारी गराइने छ । तथा स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालन तथा वर्थिङ्ग सेण्टरमा स्तरीय प्रसुति सेवा उपलब्ध गराउन आवश्यक प्रबन्ध गरिनेछ । ५. ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरी सुरक्षित मातृत्व सेवा तथा अन्य स्वास्थ्य सेवालाई गुणस्तरीय र सहज गराइने छ । ६. एम्वुलेन्स सेवा विस्तार गरी धेरै जनसंख्याको पहुँच कायम गरिनेछ । ७. महिला स्वास्थ्य स्वयम सेविका मार्फत् घरमै सुत्केरी जाँचको व्यवस्था मिलाइने छ । ८. स्वास्थ्य जनचेतना तथा गुणस्तरीय स्वास्थ्य सेवाका लागि महिला स्वास्थ्य स्वयम् सेविका र स्वस्थ आमा समुह ससक्तिकरण गठन र सशक्तिकरण गरिनेछ । ९. नागरिकको स्वास्थ्य अवस्थाको जानकारी लिन जनसांख्यिकी स्वास्थ्य सर्भेक्षण सम्पन्न गरिनेछ । १० घुम्र्ति स्वस्त्य शिवरि ।
२.२.२ स्वास्थ्य पूर्वाधार तथा उपकरणको उचित व्यवस्था गर्ने	१. स्वास्थ्य संस्थामा आवश्यक भवन, शौचालय, खानेपानी तथा फोहोर व्यवस्थापनको उचित व्यवस्था गरिनेछ । २. गुणस्तरीय स्वास्थ्य सेवाको विस्तारका लागि एक्स रे मेसिन तथा भिडियो एक्स रे को व्यवस्था तथा उपयोगलाई प्रभावकारी गराइने छ । ३. स्वास्थ्य संस्थामा आवश्यक औषधी, औजार र उपकरणलाई समयमै उपलब्ध गराइने छ । ४. स्वास्थ्यकर्मीको नियमितताका वढाउन स्वास्थ्य संस्थामा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।
२.२.३ स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने	१. स्वीकृत दरवन्दीअनुसार सबै स्वास्थ्य संस्थामा जनशक्ति पदपूर्तीका लागि आवश्यक पहल गरीनेछ । २. उत्कृष्ट सेवा प्रदायक स्वास्थ्य र स्वास्थ्यकर्मीलाई वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गरिनेछ । ३. स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार क्षमता विकासको अवसर प्रदान गरिनेछ । ४. महिला स्वास्थ्य स्वयमसेविका लागि थप प्रोत्साहनको अवसर उपलब्ध गराइने छ ।
२.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	
लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणालाई विकासमा मूल प्रवाहीकरण गरिनेछ ।	१. नीति, नियम, कार्यविधि आदि बनाउँदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा सम्बोधन गरिनेछ । २. तथ्यांक व्यवस्थापन प्रणालीमा सबै लिंग तथा सामाजिक समूहहरुको खण्डीकृत तथ्यांक राख्ने व्यवस्था गरिनेछ । ३. विकास क्रियाकलापको कार्यान्वयनबाट महिला, पुरुष तथा तेस्रो लिंगीले समानुपातिक लाभ पाउने कुराको सुनिश्चिता गरिनेछ र अनुगमन तथा मूल्यांकनबाट यस सन्दर्भमा कार्यान्वयनको अवस्था समीक्षा गरी कमी भएको अवस्थामा थप सुधारका कदम चालिनेछ । ४. विकास प्रक्रियामा कोही नछुटुन् (Leave no one behind) भन्ने विषयलाई विशेष चासोका साथ सम्बोधन गरिनेछ । ५. बैंकहरुसँग सहकार्यमार्फत् घुम्ती बैंकिङ सेवा विस्तार गरी सामाजिक सुरक्षा भत्ता टोलटोलमै वितरण गरी ज्येष्ठ नागरिक तथा अन्य समुदायको जीवनयापनलाई थप सहज बनाइनेछ ।

रणनीति	कार्यनीति
	६. हरेक वडामा प्रतिक्षालय (फुर्सदको समयमा छलफल गर्ने तथा आराम गर्ने सामुहिक स्थल) निर्माण गरी ज्येष्ठ नागरिकहरुको ज्ञान तथा अनुभव नयाँ पीढिमा हस्तान्तरणको वातावरण सिर्जना गरिनेछ ।
२.३.१ लक्ष्यित वर्गको सशक्तिकरण तथा क्षमता विकास गर्ने	१. गाउँपालिकास्तर तथा वडास्तरमा सबै लक्षित वर्गका सञ्जाल गठन गरी कृयाशिल गराइने छ । २. छुवाछुत तथा सामाजिक कुप्रथाको अन्त्य गर्न जनचेतनामुलक कार्यक्रमलाई सञ्चालन गरिनेछ । ३. निर्णायक तहमा लक्षित वर्गको अर्थपुर्ण सहभागिताका लागि नीतिगत तथा व्यवहारिक तहबाट अग्रसरता लिइनेछ । ४. लक्षित वर्गमा अधिकार र कानुनी व्यवस्थाको सम्बन्धमा क्षमता विकासका गतिविधी सञ्चालन गरिनेछ । ५. एकल महिलाहरुका लागि सीपमूलक तालिम तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रमहरुमा प्राथमिकता दिई स्वरोजगारका अवसर वृद्धि गरिनेछ ।
२.३.२ सामाजिक विभेद र कुप्रथाको अन्त्य गर्ने	१. महिला पुरुष समविकास तालिम मार्फत लैङ्गिक विभेद अन्त्य गर्न चेतना अभिवृद्धी गरिनेछ । २. छुवाछुतजन्य विभेद अन्त्य गर्न पालिकास्तरमा सहभोज कार्यक्रम सञ्चालन गरिनेछ । ३. बालश्रम तथा बालविवाह अन्त्यका लागि जनचेतामुलक तथा प्रचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
२.३.१ लक्षित वर्गलाई स्वरोजगारका अवसर उपलब्ध गराइ हित प्रर्वद्धन गर्ने ।	१. महिला, दलित, अपाङ्गता भएका व्यक्ति र जनजातिको स्थानीयस्तरमा रोजगारीका अवसरका सृजन ।गर्न आवश्यक तालिम तथा प्रोत्साहनका अवशर उपलब्ध उपलब्ध गराइनेछ । २. लैङ्गिक हिंसाका घटना पिडितका लागि सुरक्षित आप्रवासन गृहको व्यवस्था गरिनेछ । ३. जेष्ठ नागरिकका लागि परिचय पत्र वितरण कार्यलाई सहज र प्रभावकारी गराइने छ । ४. अनाथ तथा असहाय जेष्ठ नागरिकको लागि उचित व्यवस्था सहितको आवासिय सेवा उपलब्ध गराइने छ ।
२.४ खानेपानी तथा सरसफाई	
२.४.१ सबै घरपरिवारमा स्वच्छ खानेपानीको सुविधाको विस्तार गरी सहज पहुँच स्थापित गर्ने ।	१. खानेपानीको सुविधा हरेक घरमा पुऱ्याउन एक घर एक धारा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । २. खानेपानी तथा सरसफाई समिति गठन तथा तिनको प्रभावकारी परिचालनमार्फत् खानेपानी आयोजनाको नियमित मर्मत संभार तथा दिगोपना कायम गरिनेछ । ३. खानेपानी परिक्षणको व्यवस्था गरी स्वच्छ खानेपानीको लागी पानी स्वच्छता र प्रसोधन विधिको वारेमा जनचेतना अभिवृद्धि गरिनेछ । ४. खानेपानी प्रणालीको नियमित मर्मतसम्हारको व्यवस्था मिलाइने छ । ५. खानेपानी आयोजना निर्माण तथा दिगोपनाका लागि उपभोक्ता समिति गठन र परिचालनलाई प्रभावकारी गराइने छ ।
२.४.२ व्यक्तिगत तथा घसायसी सरसफाइको प्रवर्द्धन गरी	१. सरसफाइका दृष्टिले बढी संवेदनशील क्षेत्रमा सरसफाइ सम्बन्धी कार्यक्रम केन्द्रित गरिनेछ २. सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाउँपालिकामा काम गर्ने संघसंस्थासँग समन्व गरिनेछ ।
२.४.२ घरपरिवार तथा टोलस्तरमा सरसफाई कार्यलाई नियमित तथा व्यवस्थित गर्ने ।	१. खुला दिशामुक्त क्षेत्र कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । २. व्यक्तिगत तथा सामुदायिक सरसफाइजन्य जनचेतना विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ । ३. फोहोर व्यवस्थापनका लागि कुहिने फोहोरवाट मल र नकुहिने प्लास्टिकजन्य तथा शिशाजन्य फोहोरलाई पुनः प्रयोगको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ । ४. फोहोर व्यवस्थापनका लागि पालिकास्तरमा डपिङ्ग साइडको निर्माणलाई छिटो तुल्याई उचित व्यवस्थापन गरिनेछ । ५. आफ्नो फोहोरको आफै व्यवस्थापन गर्न सफा टोल अभियान सञ्चालन गरिनेछ । ६. सार्वजनिकस्थलमा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
२.५ युवा तथा खेलकुद	
२.५.१ पूर्वाधार तथा अवसर उपलब्ध गराई खेलकुद क्षेत्रको विकास गर्ने ।	१. हरेक वडामा खेल मैदानको निर्माण गरी युवा वर्गलाई नियमित खेलकुदको लागि प्रोत्साहन गरिनेछ । २. नियमित खेल प्रशिक्षण तथा प्रोत्साहनको उचित अवसर प्रदान गरिनेछ । ३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई नियमित रुपमा सञ्चालन गरिनेछ ।

रणनीति	कार्यनीति
	३. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा संलग्न खेलाडीको सम्मान र प्रोत्साहनको व्यवस्था गरिनेछ ।
२.५.२ सीप तथा सुलभ ऋणको व्यवस्था गरी युवा वर्गलाई उद्यमशीलतातर्फ आकर्षित गर्ने ।	१. युवा पलायन रोक्न प्राविधिक तथा अप्रविधिक क्षेत्रमा तालिम, कर्जालगायत प्रोत्साहनको व्यवस्था गरी युवा स्वरोजगारीका अवसरको सृजना गरिनेछ । २. सामाजिक, आर्थिक र राजनितिक क्षेत्रमा युवाका भूमिकालाई सुनिश्चित गरिनेछ ।

परिच्छेद ६ : पूर्वाधार विकास योजना

६.१ पृष्ठभूमि

भौतिक संरचना तथा पूर्वाधार विकास क्षेत्रको विकासले गाउँपालिकाको सामाजिक, आर्थिक, वन तथा वातावरण लगायतका क्षेत्रमा सेवा प्रवाह गर्न महत्वपूर्ण स्थान ओगटेको हुन्छ । गाउँपालिकालाई समृद्धिको दिशातर्फ अघि बढाउनका लागि सडक तथा यातायात, परम्परागत गोरेटो बाटो, पदमार्ग, पक्की तथा झोलुङ्गे पुल आवास, भवन तथा वस्ती विकास, विद्युत् तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषयहरू पर्दछन् । दुप्चेश्वर गाउँपालिकाको समग्र विकासमा योगदान दिने यस क्षेत्रको संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने रणनीतिक कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

६.२ सडक तथा यातायात

क) संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकालाई गंगटे, समुद्रटार गोल्फुभञ्ज्याङ्ग जोड्ने सडकले छोएर गएको छ । समुद्रटारदेखि तादी गाउँपालिकाको सिमानासंमको बाटो पीच गरिएको भएता पनि हाल भत्केर नाजुक अवस्थामा पुगेको छ । यस गाउँपालिकामा ०.५ कि.मी. सडक पक्की रहेको छ । समुद्रटारदेखि राउतबेसीसम्म र समुद्रटारदेखि रामतिसम्मको बाटो गरी जम्मा ११.५ कि.मी. सडक नाली सहितको ग्राभेल गरिएको छ । यस गाउँपालिकाले नुवाकोट जिल्लाको तादी गाउँपालिका र पञ्चकन्या गाउँपालिकालाई जोडेको छ । प्रायः सबै टोल तथा बस्तीमा सडक सञ्जालले छोएको यस गाउँपालिकामा करीब २७० कि.मी बाटो कच्ची अवस्थामा रहेको छ । यस गाउँपालिकामा ४ वटा पक्की पुल तथा ४८ वटा झो.पु. निर्माण भएका छन् । समुद्रटार, रामति, राउतबेशी र गोल्फुभज्याङ्ग गरी ४ वटा ससाना व्यापारिक केन्द्रहरू रहेको छ । यस गाउँपालिकाबाट जिल्ला सदरमुकाम विदुर तथा काठमाण्डौसम्म आवातजावत गर्नका लागि बस तथा जीपहरू गरी ३१ वटा सवारी साधनले सेवा प्रदान गरिरहेका छन । वर्षायाममा गाउँपालिकाको केन्द्र समुन्द्रटारसम्म १२ ह्रै महिना यातायात सेवा सुचारु हुने गर्दछ भने अन्य स्थानमा वर्षायाममा यातायात सेवा अवरुद्ध हुने गर्दछ ।

ख) समस्या तथा चुनौती

यस गाउँपालिकामा पक्की बाटो ०.५ कि.मी. र ११.५ कि.मी. ग्राभेल सडक भएकोले बाह्रै महिना यातायातका साधन चलाउन सकिने अवस्था छैन । यातायात गुरुयोजना तयार नभएकोले जथाभावी रुपमा सडक निर्माण हुने गरेको छ । सबै सडकहरू विस्तृत अध्ययन प्रतिवेदन तयार पारी निर्माण गरिएका छैनन् । कच्ची सडकमा नालीको व्यवस्था नभएकोले वर्षाको बेला सडक बिग्रने कारणले गर्दा यातायात सेवा १२ ह्रै महिना नियमित गर्न सकिएको छैन । सबै सडकमा नियमित मर्मत संभार हुन नसक्दा वर्षेनी ठूलो मात्रामा बजेट बाटो सफा गर्ने शिर्षकमा खर्च भइरहेको छ । सडकको निर्माण गर्दा विस्तृत अध्ययन प्रतिवेदन विना नै गर्ने गरिएकाले सडकको ग्रेडिङ्ग नमिलेर बढी भूक्षय हुने गरेको छ । कतिपय ठाउँमा बाटोको ट्र्याक नै बदल्नु पर्ने अवस्था आउने गर्दछ । खहरे खोलाहरूमा कल्भर्ट नहुँदा वर्षायाममा आवागमनका समेत कठिनाई हुने गरेको छ । सडकको दाँया बाँया भूक्षय रोकथाम हुन नसक्दा एकातर्फ हरेक वर्ष सोही कामका लागि दोहोरो खर्च गर्नुपर्ने अवस्था रहेको छ भने अर्कातर्फ नागरिकले वर्षैभरि नियमित यातायात सेवा उपभोग गर्न पाएका छैनन् । सडक निर्माण कार्य बढी खर्चिलो हुनु, पर्याप्त बजेटको कमी हुनु तथा नियमित मर्मत सम्भार हुन नसक्दा सडक सञ्जालको विस्तार र गुणस्तर अपेक्षित हुन सकेको छैन ।

६.३ आवास, भवन तथा शहरी विकास

क) संभावना, अवसर र विद्यमान अवस्था

भूकम्पबाट अति प्रभावित १४ वटा जिल्लामध्ये नुवाकोट जिल्लाको उत्तर पूर्वी क्षेत्रमा अवस्थित यस गाउँपालिकामा भूकम्प प्रतिरोधी मापदण्ड अनुसार हाल ९० प्रतिशत घरहरू निर्माण सम्पन्न भइसकेको अवस्था छ । भवन निर्माण मापदण्ड तयार गरी नक्सा पास गरी घर बनाउने पद्धतिको विकास गरिएको छ । वडा नं ७ स्थित भोटेरुम्टामा एकीकृत वस्ती बसाइएको छ । गोल्फुभञ्ज्याङ्गमा २ वटा सार्वजानिक शौचालय निर्माण गरिएको छ । यस क्षेत्रमा १ वटा इलाका वन कार्यालय भवन

रहेको छ। गाउँपालिका लगायत सातवटै वडाहरूमध्ये वडा नं ४ को वडा कार्यालय अस्थायी भवनमा सञ्चालनमा ल्याइएको छ। अन्य वडा कार्यालय भाडामा सञ्चालन गरिएका छन।

ख) समस्या तथा चुनौती

भूकम्पको कारणले वस्ती नै असुरक्षित भई चेताङ, नेगी काउले, कटुञ्जे, चेम्दुङ बस्तीका ८० घरधुरी स्थानान्तरण गर्नुपर्ने स्थिति रहेको छ। असुरक्षित स्थानमा बसेका सबै बासिन्दालाई सुरक्षित स्थानमा सार्न सकिएको छैन। भूउपयोग योजना नभएकोले व्यवस्थित रुपमा वस्ती बसाउने कार्य हुन सकेको छैन। यसैगरी अव्यवस्थित बसोबासले गर्दा सामान ढुवानीमा कठिनाई भएको छ। आवश्यक स्थानहरूमा विश्राम स्थलहरू तथा सार्वजानिक शौचालय तथा पानीको व्यवस्था गर्न सकिएको छैन। एकिकृत वस्ती नहुँदा बाटो लगायतका अन्य पूर्वाधारहरूको विकास गर्न कठिनाई हुने गरेको छ। ४ स्थानमा बजार केन्द्र भएता पनि व्यवस्थित बजारको पूर्वाधार निर्माण भएको छैन।

६.४ सूचना तथा संचार

क) संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा नेपाल टेलिकम, एन सेल तथा स्मार्ट सेलबाट टेलिफोन सेवा उपलब्ध हुने गरेको छ। गाउँपालिकाका ७ वटै वडामा इन्टरनेट सुविधा उपलब्ध गराइएको छ। सबै स्वास्थ्य चौकीहरूमा इन्टरनेट सुविधा पुगेको छ। गोरखापत्र, कान्तिपुर लगायत स्थानीय पत्रिका गाउँपालिकासम्म उपलब्ध हुने गरेको छ। १५ वटा विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ।

ख) समस्या तथा चुनौती

नेपाल टेलिकम, एन सेल तथा स्मार्ट सेलबाट टेलिफोन सेवा प्रदान गरेको भएता पनि आवश्यक स्थान तथा संख्यामा टावर नभएकोले मोबाइल फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन। अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयता कम छ। सरकारी भवन, सडक, तथा सार्वजानिक स्थलहरूमा सी.सी क्यामेरा जडान गरिएको छैन। सबै विद्यालयमा इन्टरनेट सुविधा पुगेको छैन। इन्टरनेट सेवा भरपर्दो अवस्थामा छैन।

६.५ उद्देश्य

- सडकको गुणस्तर, सञ्जालीकरण तथा अन्य यातायात पूर्वाधारमा वृद्धि गर्नु तथा सेवा सुविधा र बजार पहुँचमा विस्तार गरी आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउनु।
- व्यवस्थित बजारको संख्या तथा सार्वजनिक सुविधामा वृद्धि गर्नु तथा आर्थिक सामाजिक बिकासमा टेवा पुऱ्याउनु।

६.६ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रम विवरण
		आधार वर्ष (०७५/०७६)	कुल लक्ष्य (२०८१/८२)		
१.१ सडक तथा यातायात					
यातायात गुरुयोजना तर्जुमा	वटा	०	१	२०००	
कालोपत्रे सडक	कि.मी.	०.५	१२	६०००००	
ग्राभेल सडक	कि.मी.	११.५	१५	१५००००	
पक्की पुल निर्माण	वटा	४	५	४३७५००	घ्याङखोला, तादी खोला, गोल्फुखोला, झगडे खोला, दुप्चेश्वर मन्दिर

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रम विवरण
		आधार वर्ष (०७५/०७६)	कुल लक्ष्य (२०८१/८२)		
आर.सी.सी. ढलान	कि.मी.	०.५	१.५	३००००	आवश्यक स्थानहरूमा
सोलिङ्ग गरिएको सडक	मी.	०.५	२.५	२५०००	आवश्यक स्थानहरूमा
झोलुङ्गे पुल नयाँ निर्माण	संख्या	०	१५	६४२९	आवश्यक स्थानहरूमा
कज्वे निर्माण	संख्या	१	२०	१००००	आवश्यक स्थानहरूमा
बस पार्क निर्माण	संख्या	०	२	२५००	समुन्द्रटार र रामति बजार
प्रतिक्षालय निर्माण	संख्या	०	१०	३०००	समुन्द्रटार, रामति बजार, नया हेपार, सानोगोण्डुलगायत अन्य आवश्यक स्थानमा
सी.सी. क्यामेरा जडान	संख्या	०	१९	१०००	गाउँपालिका, ७ वटा वडाहरू, ४ वटा बजार केन्द्रहरू र ८ स्वास्थ्य चौकीहरू
सडक किनारामा बायोइन्जिनियरिङ्ग	कि.मी.	०	५	२००००	
नियमित मर्मत संभार				३२५००	
कुल				**१३१९९२९**	
१.२ आवास, भवन तथा शहरी विकास					
१.२.१ भूउपयोग योजना तयारी	संख्या	०	१	१५००	
१.२.२ एकीकृत वस्ती विकास निर्देशित जग्गा विकास	संख्या	१	१	८००००	
१.२.३ गाउँपालिका भवन निर्माण	संख्या	०	१	४००००	
१.२.४ वडा कार्यालय भवन निर्माण	संख्या	०	७	७००००	
१.२.५ बजार/ढल व्यवस्थापन	संख्या	०	४	१२०००	समुद्रटार, रामति, राउतबेशी, गोल्फुभज्याङ्ग र जिम्नाङ
१.२.६ वृद्धाश्रम प्रतिक्षालय निर्माण	संख्या	०	७	७०००	७ वटै वडाहरूमा
कुल				**२१०५००**	
१.३ विद्युत् तथा ऊर्जा					
१.३.१ प्रत्येक टोल तथा सडकमा सौर्य बत्तीको व्यवस्था गर्ने	स्थान	०	२१	३०००	७ वटै वडाका आवश्यक स्थानहरूमा
१.३.२ सोलार जडान वडा कार्यालय	स्थान	०	७	३५०	७ वटै वडा कार्यालयहरू
१.३.३ विद्युत् विस्तार कार्यक्रम	कि.मी.		२५	१००००	वडा नं १, बेतिनी, कोजुङ, गाउँखर्क र अन्य

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रम विवरण
		आधार वर्ष (०७५/०७६)	कुल लक्ष्य (२०८१/८२)		
१.३.४ जलाशययुक्त हाइड्रो पावर निर्माण	संख्या	०	१	५००००	वडा नं ३, ४ र ५ (गाउँखर्क, गोल्फुखोला आदि) मा निजी क्षेत्रको लगानीमा गापाको सेयर
कुल				**६३३५०**	
१.४ सूचना तथा संचार					
१.४.१ ल्याण्डलाइन टेलिफोन जडान	वडा	०	८		गाउँपालिका तथा ७ वटै वडाहरू, नेपाल टेलिकमको लगानी
१.४.२ फ्री वाइफाई क्षेत्र निर्धारण गर्ने	स्थान	०	११	५०००	७ वटै वडाहरू, गाउँपालिका कार्यालय तथा अन्य सार्वजानिक स्थानहरू
१.४.३ एफ. एम रेडियो स्थापना	संख्या	०	१	८०००	
कुल				**१३०००**	
पूर्वाधार विकास क्षेत्रको कुल				**१६०६७७९**	

६.७. रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

रणनीति	कार्यनीति
सडक तथा यातायात	
१. कृषि, पर्यटन, तथा सामाजिक क्षेत्रमा प्रत्यक्ष फाइदा पुग्ने गरी गुणस्तरीय पूर्वाधार तथा यातायात सेवा विस्तार गर्ने ।	• बाटोको सुविधा नपुगेका टोल तथा बस्तीहरूमा नाला सहितको नयाँ ट्र्याक खोलेर स्तरोन्नति गरिने छ । • गाउँपालिकाको भूगोलभित्र पर्ने मध्यवर्ती क्षेत्रमा सडक निर्माण गर्दा लामटाङ्ग राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसंग समन्वय गरिने छ । • सबै सडकहरूमा नियमित रुपमा मर्मत संभारको व्यवस्था मिलाइनेछ । • पैरो जाने स्थानमा बायोइन्जिनियरिङ्ग प्रविधिबाट रोकथाम गरिने छ । • नयाँ ट्र्याक खोल्दा पूर्व वातावरणीय परिक्षण वा बातातावरणीय प्रभाव मुल्यांकन पश्चात विस्तृत अध्ययन प्रतिवेदन तयार गरी खोलिनेछ । • निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा दुप्चेश्वर गोसाइकुण्ड केबलकार निर्माणका लागि पहल गरिनेछ ।
२. सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम सहितको यातायात गुरुयोजना तर्जुमा गरी सडक निर्माण गर्ने	• गाउँपालिकाभित्र निर्माण गरिने सबै भौतिक पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनिवार्य गर्ने व्यवस्था गरिनेछ । • भौतिक योजना तथा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, वर्गीकरण, नामाकरण तथा प्राथमिकता निर्धारण गरिनेछ ।

रणनीति	कार्यनीति
	● प्राथमिकताका आधारमा सडक निर्माण, मर्मत संभार र यातायात सेवा संचालन गरिनेछ ।
आवास, भवन तथा शहरी विकास	
१. सुरक्षित आवास तथा एकिकृत वस्तीको विकास गर्ने	● भूउपयोग क्षेत्रको योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । ● असुरक्षित स्थानमा बसोबास गरिरहेका बासिन्दालाई एन आर ए लगायत अन्य सम्बद्ध संघसंसस्थाहरूसंग समन्वय गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गरिने छ । ● नयाँ घरहरू बनाउँदा भवन निर्माण आचारसंहिता अनुसार नक्सापास सहित निर्माण गर्ने परिपाटी बसाइने छ ।
२. गाउँपालिकाको बजार उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने	● बजार व्यवस्थापनका लागि खानेपानी, बाटो तथा अन्य आवश्यक पूर्वाधारहरूको निर्माण गरिनेछ ।
विद्युत् तथा ऊर्जा	
१.सबै घर तथा सार्वजानिक स्थानहरूमा विद्युत सेवाको पहुँच अभिवृद्धि गर्ने	● समुद्रटारमा ट्रान्सफर्रसहितको विद्युत् प्रशारणलाइन निर्माण गरी गाउँपालिकामा नियमित विद्युत् आपूर्तिको सुनिश्चिता गरिनेछ । ● जलाशययुक्त हाइड्रोपावर निर्माणका लागि प्रदेश तथा संघ सरकारसंग पहल गरिनेछ । ● बढी क्षमताको ट्रान्सफर्मरको जडान तथा जीर्ण भएका तार तथा खम्बाहरूलाई हटाएर नयाँ तार तथा खम्बाको व्यवस्था गरिनेछ । ● विजुलीको तारलाई रुखले छुने स्थानमा इन्सुलेटरले ढाकिएको कालो तार प्रयोग गरिने छ । ● हिउँ पर्ने स्थानहरूमा विद्युतका खुला तार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको व्यवस्था गरिनेछ ।
सूचना तथा संचार	
१. इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने	● पार्क तथा पर्यटकीय क्षेत्रहरूमा निशुल्क वाइफाईको व्यवस्था गरिनेछ । ● गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ ।
२. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने	● टेलिफोन सेवा प्रदायक संस्थासंग समन्वय गरी आवश्यक स्थानमा टेलिफोनका टावर राख्न पहल गरिनेछ । ● विद्यालय लगायत सरकारी कार्यालयहरूमा ल्याण्डलाइन टेलिफोन जडानकालागि सेवा प्रदायक संस्थासंग पहल गरिनेछ । ● एफ. एम रेडियो स्थापना गरी सञ्चारको पहुँच बढाइनेछ ।

परिच्छेद ७ : विद्युत् तथा ऊर्जा

७.१ पृष्ठभूमि

ऊर्जाले सम्पूर्ण विकास गतिविधि संचालन गर्न इन्धनको काम गर्दछ । ऊर्जा विना आर्थिक विकास सम्भव हुँदैन तथा सामाजिक जीवन असहज हुन जान्छ । नेपालमा विद्युत उत्पादनको इतिहास फर्पिङ्ग विद्युत आयोजनाबाट सुरुवात भएको तथ्यबाट देखिन्छ । ऊर्जाका परम्परागत स्रोतमा दाउरा, कोइला र गुईंठा हुँदै विद्युत् र अन्य नवीकरणीय ऊर्जाको उपयोग विस्तार भरहेको छ । गाउँपालिकामा खासगरी खाना पकाउनका लागि, रात्रीकालीन ऊज्यालोका लागि, दैनिक यातायातका लागि तथा विकासका विभिन्न कार्य संचालनका लागि ऊर्जाको आवश्यकता पर्ने गरेको छ । यस योजनामा गाउँपालिकाले काम गर्न सक्ने क्षेत्र खासगरी खाना पकाउनका लागि तथा रात्रीकालीन ऊज्यालोका लागि प्रयोग हुने इन्धनको उपयोग तथा स्वच्छ ऊर्जाको उत्पादन तथा प्रयोग बढाउने सम्बन्धमा योजना तयार गरेको छ ।

परम्परागत ऊर्जाको प्रयोगदेखि विद्युत, सौर्य तथा उर्जाका अन्य उर्जाको प्रयोगमा भएको बढोत्तरीसँगै विद्युत्को उपयोगको २० घण्टे लोडसेडिङ बेहोर्दै अब विद्युत् ऊर्जाको प्रमुख स्रोत बनको छ । यसबाट गाउँपालिकाले प्रशस्त लाभ लिन सक्ने अवसर रहेको छ । संघीय संरचना अनुसार १ मेगावाट सम्मको विद्युत गाउँपालिका आफैंले उत्पादन र विक्री तिवरण गर्ने सक्ने संवैधानिक तथा कानूनी अधिकार रहेको छ । सो अधिकार समेत गाउँपालिकाको विद्युत् तथा वैकल्पिक उर्जाको संभावना, विद्यमान अवस्था, असर तथा समस्या र चुनौती, ऊर्जा विकाससम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यस क्षेत्रगत योजना तर्जुमा गरिएको छ ।

क) संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा करीब ८० प्रतिशत घरहरूमा राष्ट्रिय प्रसारणबाट उत्पादित बिजुलीबाट विद्युतीकरण भएको छ । सूर्यमती र चन्द्रमती जस्ता ठाडा खोलाहरूमा विद्युत् उत्पादनका लागि प्रशस्त संभावना रहेको छ । सूर्यमती खोलाबाट ५ मेगावाटको बुद्धभूमि हाइड्रो पावर र ११ मेघावाटको सूर्यकुण्ड हाइड्रोपावर तादी खोलामा निर्माणाधीन अवस्थामा रहेका छन । वडा नं १ मा १ किलोबाट सोलार सामुहिक रुपमा उत्पादन गरिएको छ । करबि ८० प्रतिशत घरधुरीमा सोलार सुविधा पुगेको छ । करीब ४० प्रतिशत घरहरूमा धुवाँरहित चुलो निर्माण गरिएको छ । बिजुलीको पहुँच पुगेको वस्तीमा ३ फेजको लाइन पुगेको छ । मुख्य पेशा कृषि तथा पशुपालन भएकाले बायोग्याँसको सम्भावना रहेको छ । यस्तै सौर्य ऊर्जा तथा लघुजलविद्युत् यहाँ वैकल्पिक ऊर्जाका अन्य सम्भाव्य क्षेत्र हुन् ।

ख) समस्या तथा चुनौती

भौगोलिक विकटताले गर्दा विद्युतीकरणमा कठिनाई हुने गरेको छ । ट्रान्सफर्मरको क्षमता कम हुँदा भोल्टेज कम हुन गई बेला बेलामा विद्युत् आपूर्ति अवरुद्ध हुने गरेको छ । हावाहुरीको कारणले विद्युत् आपूर्तिमा समस्या हुने गरेको छ । धुँवारहित सुधारिएको चुलो सबै घरहरूमा बनाउन कठिनाई हुने गरेको छ । २०७५ को भूकम्पको समयमा क्षतिग्रस्त अधिकांश सौर्य ऊर्जा प्रणालीहरु पुनर्स्थापित हुन सकेका छैनन् । परम्परागत कृषि र पशुपालनप्रतिको आकर्षिक घट्दै गएको हुँदा बायोग्याँस विस्तारमा चुनौति पनि रहेको छ ।

७.२ उद्देश्य

सबै घरपरिवार, व्यवसायिक तथा ओद्योगिक क्षेत्रमा ऊर्जाको सहज र पर्याप्त पहुँच सुनिश्चित गर्नु

७.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य (२०८१/८२)		
१.३.१ प्रत्येक टोल तथा सडकमा सौर्य बत्ती जडान	स्थान	०	३००	३०००	७ वटै वडाका आवश्यक स्थानहरूमा
१.३.२ वडा कार्यालयमा सोलार जडान	स्थान	०	७	३५०	७ वटै वडा कार्यालयहरू
१.३.३ विद्युत् विस्तार कार्यक्रम	कि.मी.		१५	३००००	वडा नं १ का विद्युत् नपुगेका स्थानहरू
१.३.४ जलाशययुक्त हाइड्रो पावर निर्माण	संख्या	०	१		वडा नं १, ७ र ६ मा ।
सालबसाली					
कुल				३३३५०	

७.४ रणनीति तथा कार्यनीति

माथि उल्लेख गरिएअनुसारका ऊर्जा र विद्युत् विकाससम्बन्धी उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अपाइने छ :

रणनीति	कार्यनीति
जलाशययुक्त ठूला आयोजनाका लागि प्रदेश तथा संघ सरकारसँग पहल गर्ने तथा आफ्नो तथा स्थानीय साझेदारहरुको लगानीबाट साना जलविद्युत् आयोजना निर्माण गर्ने	• बढी क्षमताको ट्रान्सफर्मरको जडान तथा जीर्ण भएका तार तथा खम्बाहरूलाई हटाएर नयाँ तार तथा खम्बाको व्यवस्था गरिनेछ । • विजुलीको तारलाई रुखले छुने स्थानमा इन्सुलेटरले ढाकिएको कालो तार प्रयोग गरिने छ । • हिउँ पर्ने स्थानहरूमा विद्युत्का खुला तार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको व्यवस्था गरिनेछ । • गाउँपालिकाअन्तर्गत निर्माण हुने साना विद्युत् आयोजनाहरु समयमै निर्माण सम्पन्न गर्न कार्यतालिका बनाइ कडाइका साथ कार्यान्वयन गरिनेछ । • जलविद्युत् आयोजना निर्माणमा विभिन्न स्थानमा छरिएर लगानी नागरिक तथा निजी लगानीकर्तालाई आकिर्षित गरिनेछ ।
विद्युत्का केन्द्रीय प्रशारण पुऱ्याउन कठीन स्थानहरुमा वैकल्पिक ऊर्जाको विस्तारमा जोड दिई सबै भूभागमा विद्युतीकरण सुनिश्चित गरिनेछ ।	• वैकल्पिक ऊर्जाका लागि संघीय सरकारले प्रदान गर्ने अनुदान प्राप्तीको सुनिश्चिता गरिनेछ तथा अन्य क्षेत्रबाट थप अनुदानका लागि समेत पहल गरिनेछ । • स्थानीय परिवेश अनुसार सौर्य ऊर्जा, बायोग्याँस, लघुजलविद्युत् आदि वैकल्पिक ऊर्जाका उपयुक्त विधिहरुको प्रवर्द्धन गरिनेछ । • गाउँपालिकामा वितरण केन्द्र स्थापना गरी विद्युत् आपूर्तिलाई नियमित बनाइने छ ।

परिच्छेद ८ : वन तथा वातावरण

८.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३, धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको मौलिक हक प्रदान गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ ।

वर्तमान संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । अनुसूची ६ ले प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकार सूची अन्तर्गत राखेको छ । यस परिवेशमा यस योजनामा प्रस्तावित कार्यक्रमहरू स्थानीय वन समूहहरूलाई क्षमता विकासमा सहयोग गर्ने तथा सम्बन्धित तह, निकायसँग सहकार्य गर्ने दृष्टिकोणले तय गरिएका छन् ।

गाउँपालिकाले दीगो विकासको लक्ष्यसहितको दीर्घकालीन सोच कायम गरेर अगाडि बढिरहेको तथा संविधान तथा प्रचलित ऐन, कानुनले लिएका लक्ष्य तथा दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरूसमेत हासिल गर्न वर्तमान संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन, क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न आवधिक योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जुमा गरिएको छ । यस योजनामा उल्लिखित क्षेत्रहरूमा यस दुप्चेश्वर गाउँपालिकाका संभावना तथा अवसर र समस्या तथा चुनौती सहित विद्यमान अवस्था तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यो योजना तर्जुमा गरिएको छ ।

८.२ वन तथा जैविक विविधता

क) संभावना, अवसर र विद्यमान अवस्था

नेपालको वन क्षेत्रलाई ४० प्रतिशतमा कायम गर्ने नेपाल सरकारको नीति रहेको छ । यस गाउँपालिकाको ठूलो हिस्सा (कुल भूभागको ६६%) मा वन क्षेत्र रहेको छ । जडीबुटीको प्रचुर सम्भावना रहेको यहाँको वन जैविक विविधताका दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ । यहाँ पाइने वनस्पति प्रजातिहरूमा उत्तीस, चिलाउने, साल, काफल, सल्लो, सिरिश, कटुस, पैंयुँ, लालीगुराँस, बकाइनो, अँगेर, बडहर, खनियो प्रमुख रहेका छन् ।

यहाँका प्रमुख वन्यजन्तुमा बाँदर, स्याल, दुम्सी, लोखर्के, वन विरालो, मृग, सालक, घोरल, चित्तल, भालु, हाब्रे रहेका छन् भने चराचुरुङ्गीअन्तर्गत ढुकुर, जुरेली, ढ्याप्सी, परेवा, मलेवा, सारौ, भँगेरा, काग, कोइली, चिल, बकुल्ला, बट्टाइ, चिवे, कल्चौंडा, पातिफिस्टो, लाटोकोसेरो, कालिज, तित्रा प्रमुख रहेका छन् ।

गाउँपालिकामा कुल ३० वटा सामुदायिक वन रहेका छन् भने कबुलियती वन १ वटा, निजी वन १ वटा तथा सरकारी वन ६ वटा रहेका छन् । वनमा आधारित उद्योगअन्तगर्त १५ वटा फर्निचर उद्योग रहेका पाइन्छ तर यी उद्योगहरू दर्ता भने भएको पाइँदैन ।

वन क्षेत्रले ग्रामीण जीवनमा दैनिक आवश्यक पर्ने घाँस दाउराका अतिरिक्त वर्षाको पानीले निम्त्याउन सक्ने भूक्षयको नियन्त्रण गरेको छ । वन क्षेत्रको हरियाली, स्वच्छता तथा जैविक विविधतायुक्त यहाँका सुन्दर क्षेत्रहरूमा पर्यापर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ । जडीबुटी, फलफूल, रेसालगायत अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन वृद्धि गरी आयआर्जनका अवसर वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

ख) समस्या तथा चुनौती

गाउँपालिकाको वडा नं. १, २ र ३ का उत्तरी क्षेत्रको अग्लो भूभागको धेरै स्थानमा नाङ्गा पाखा तथा भूस्खलन भएका क्षेत्रहरू रहेका छन् । यस्ता स्थानहरूमा भूक्षय/पहिरोका कारण रुख विरुवाले ढाकेको क्षेत्रफल क्रमशः घट्दै गएको छ । वार्षिक रुपमा हुने अनियन्त्रित वन डढेलोले जैविक विविधता तथा वनको गुणस्तर ह्रास हुँदै गएको छ तर वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा पालिकास्तरीय कार्ययोजना समेतको अभाव रहेको छ । भूकम्पपश्चात्का सुरुका वर्षहरूमा वन विनास थपियो । उपलब्ध वन तथा जैविक विविधताको विस्तृत अभिलेखको कमी रहेको छ । यस्तो अभिलेख नहुँदा लोपोन्मुख प्रजातिको पहिचान तथा संरक्षणको कार्य अघि बढाउन कठीन अवस्था रहेको छ । आँखु तथा मनपाङलागयतका खोलामा करेन्ट तथा विषादी लगाई माछा मार्ने प्रवृत्ति कायम रहेको हुँदा जलचर प्रजातिको विनाश हुने खतरा कायमै छ ।

वन व्यवस्थापनमा वैज्ञानिकता नभएको हुँदा वन क्षेत्रको उत्पादन, उत्पादकत्व कम रहेको छ । परम्परागत घाँस दाउराबाहेक वन क्षेत्रबाट समुदाय अन्य आयआर्जनका क्रियाकलाप गरी लाभान्वित हुन सकेको छैन । जनचेतना तथा जिम्मेवारीबोधको कमी रहेको छ । चरिचरन क्षेत्र रहेको भए पनि वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन रहेको छ । सम्भाव्य अन्य सरकारी वनमा सामुदायिक वन गठन गरी समुदायलाई हस्तान्तरण गर्ने कार्य हुन नसकेको हुँदा यी क्षेत्र पनि अतिक्रमणको जोखिममा रहेका छन् ।

वन तथा वातावरण र सम्बन्धित सम्पदाप्रति स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिताको वृद्धि गर्नुपर्ने खाँचो रहेको छ । जलवायुजन्य अतिशय परिणाम (ऋषिबतभ भहतचभ्फष्तष्भक) तथा अनिश्चिततालाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन व्यवस्थापन थप प्रभावकारी हुन सकेको छैन । वन सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको अवस्था छ । कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, वनस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनुलगायतका समस्याहरू वन क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

८.३. भूसंरक्षण तथा जलाधार व्यवस्थापन

क) संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा चन्द्रमती र सूर्यमती गरी वर्षैभरि पानी बहने दुईवटा नदी रहेका छन् भने अन्य १५ भन्दा बढी खोला, खोल्सा रहेका छन् । उक्त खोला, खोल्सामध्येमा कुतुङ, नागी, पाहा, घ्याङ खोला, सिंगारे खोला, डुँडे खोला, बन्छारे खोला, झुले खोला, पुत्ले खोला, रम्भु खोला, मागन खोला, प्लेन्यूड प्रमुख छन् । सागर कुण्ड, भैंसी कुण्ड, झ्यापुङ कुण्ड, कामे कुण्डलगायत पोखरी/ताल रहेका छन् । करिब ३०० भन्दा बढी स्थानमा पानीका मुहानहरु रहेका छन् । जैविक विविधताको दृष्टिकोणले समेत धनी क्षेत्र रहेको हुँदा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

ख) समस्या तथा चुनौती

गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिचित हुन सकेको छैन । भूसंरक्षणका लागि पर्याप्त बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन । नदी खोलाको कटानी नियन्त्रणका लागि पर्याप्त काम हुन सकेको छैन । सूक्ष्म तथा उपजलाधार क्षेत्रहरू पहिचान गरी संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने खाँचो रहेको छ । जमिन र पानीको व्यवस्थापन गरी पानीको भण्डारण बढाउनुपर्ने तथा जमिनको उर्वराशक्ति बढाउनुपर्ने खाँचो रहेको छ । प्रारम्भिक वातावरणीय परिक्षण सबै निर्माण कार्यमा कार्यान्वयनमा आउन सकेको छैन । सडक निर्माणमा क्रममा कटान भएको क्षेत्रमा उचित संरचनायुक्त टेवा पर्खाल नलगाइनु तथा त्यस्ता क्षेत्रलाई नाङ्गै छोड्नाले भूक्षयका साथै निर्मित सडकहरू समेत हरेक वर्ष क्षय हुने गरेको छ ।

८.४. वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन

क) संभावना, अवसर र विद्यमान अवस्था

जल, जमिन, वायु सामान्यतया स्वच्छ अवस्थामा रहेको छ । प्रदूषण प्रारम्भिक अवस्थामा रहेको हुँदा समयमै उपयुक्त व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था रहेको छ । घाँसे भूमि तथा झाडीयुक्त सुन्दर बन वन क्षेत्र रहेको छ । ग्याँसको प्रचलन बढ्दै गएको हुँदा वन क्षेत्रमाथिको चाप घट्दै गएको छ । विभिन्न वस्ती तथा बाटोमा फोहोर फाल्ने टोकरीको व्यवस्था गरिएको छ । ल्याण्डफिल साइटका लागि सम्भाव्य जमिन रहेको छ । खुला दिशामुक्त ठाउँ भएको हुँदा स्वच्छ वातावरण कायम राख्न सहयोग पुगेको छ ।

ख) समस्या तथा चुनौती

गाउँमा प्लाष्टिक तथा बोतलहरूको मात्रा निरन्तर बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतलहरू जथाभावी फाल्ने प्रचलन रहेको हुँदा वस्ती तथा बाटोमा फोहोर बढ्दै गएको छ । दैनिक उत्पादन हुने फोहोर वर्गीकरण गर्ने तथा व्यवस्थापन गर्ने आनाबानीको कमी रहेको छ । गाउँमा प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरू डढाउने परिपाटी रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने अवस्था छ । पशुपालनको कमी हुँदै जाँदा कृषि भूमिमा जैविक मलको प्रयोग घट्दै गएको छ र रासायनिक मलको प्रयोग अनियन्त्रित रुपमा बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापनका लागि प्रभावकारी पद्धति नहुँदा प्रदूषण बढ्दै गएको छ । खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर नदी, खोलामा बगाउने चलन रहेको हुँदा प्रदूषित हुने क्रम बढ्दो छ ।

८.५ उद्देश्य

वनको सञ्चिती, वन पैदावारको उत्पादन तथा वनमा आधारित जीविकोपार्जनका अवसरमा वृद्धि गर्नु

८.६ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रम विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८१/८२		
१.१ वन संरक्षण तथा व्यवस्थापन					
१.१.१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम (वन संरक्षण तथा गुणस्तर वृद्धिलगायत वैज्ञानिक वन व्यवस्थापनसँग सम्बन्धित अन्य क्रियाकलाप)	समूह	०	१५	१५०००	कुल १५ वन समूह
१.१.२. जडीबुटी व्यवसायिक खेती प्रवर्द्धन (सम्भाव्यता अध्ययन, कार्ययोजना तयारी, उत्पादन, संकलन, प्रशोधन)	समूह	०	१०	६०००	सम्भाव्यता अध्ययनका आधारमा
१.१.३. गैरकाष्ठ वन पैदावार कार्यक्रम (सम्भाव्यता अध्ययन, कार्ययोजना तयारी, उत्पादन, संकलन कार्यक्रम)	हे.	०	२००	३०००	अध्ययन प्रतिवेदनका आधार
१.१.४. वन, वातावरणसम्बन्धमा वन कार्यालयसँग सहकार्य	निरन्तर			२५००	
१.१.५. वन हेरालु तथा वन व्यवस्थापनसम्बन्धमा संस्थागत क्षमता विकास				१५००	
कुल				**२८०००**	

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रम विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८१/८२		
१.२वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन					
१.१.६. वडा तथा टोल सरसफाइसम्बन्धी समुदायमा आधारित प्रतिस्पर्धामूलक कार्यक्रम	वडा	०	७	७००	सबै टोल
१.१.७. बजार तथा संस्थागत क्षेत्रको फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन	स्थान	०	१	१५००	ढाप बजार,
१.१.८. संस्थागत क्षेत्रबाट उत्सर्जन हुने फोहोर व्यवस्थापन	स्थान	०	२	२०००	
१.१.९. फोहोर मैला व्यवस्थापन कार्यक्रम (सार्वजनिक स्थलहरू मुख्य पदमार्गमा डष्ट विन, कम्पोष्ट विन, तालिम)				१०००	फोहोर
कुल				**५२००**	
१.४ भूसंरक्षण तथा जलाधार व्यवस्थापन					
१.१.१०. नदी, खोल्सा तटबन्धन	किमी		३	२१०००	
१.१.११. पहिरो नियन्त्रण, व्यवस्थापन (आवश्यकताअनुसार)	स्थान		१०	२००००	किस्याप्ती, सिम्ले, अँधेरी खोला, मुसुरे ढाप पहिरो, चोके, किचेत गाउँ, देउराली डाँडा, ताजिम्राड, बसेरी, राईगाउँ
१.१.१२. पानीका मुहान संरक्षण कार्यक्रम	स्थान		२०	२०००	सबै वडा
१.१.१३. पोखरी संरक्षण/निर्माण	स्थान		७	३५००	सबै वडा
१.१.१४. गह्रा सुधार सम्बन्धी चेतनामूलक कार्यक्रम	वडा		७	५००	सबै वडा
१.१.१५. भूउपयोग क्षेत्र पहिचान तथा कार्यान्वयन	पटक		१	१०००	गापाभरि
कुल				**४८०००**	
कुल जम्मा				**८१२००**	

८.७. विषयगत रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकाससम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

रणनीति	कार्यनीति
वन व्यवस्थापन	
वैज्ञानिक विधि मार्फत् वन व्यवस्थापनलाई जीविकोपर्जनसँग आवद्ध गरी वनको संरक्षण, गुणस्तर वृद्धि गरी आम्दानीको स्रोतका रुपमा समेत स्थापित गर्ने	नमुनाका रुपमा सानो क्षेत्रबाट वैज्ञानिक वन व्यवस्थापनको काम सुरु गरिनेछ । जडीबुटीको व्यवसायिक खेती प्रवर्द्धन गर्नका लागि युवा वर्गलाई अनुदानमूलक कार्यक्रम मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल देखाउने युवा व्यवसायीलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ । वन, वन्यजन्तुको संरक्षणलाई पर्यटनसँग आबद्ध गरी थप आयआर्जनका लागि डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समितिहरुसँग समन्वय गरिनेछ । वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । कार्बन व्यापारबाट गाउँपालिकालाई पूँजीगत लाभका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय/पहल गरिनेछ ।
भू संरक्षण तथा जलाधार व्यवस्थापन	

रणनीति	कार्यनीति
वन व्यवस्थापन	
जलाधार क्षेत्रको सहभागितामूलक व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने ।	नदी तटबन्धन तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ । खोला खोल्साको किनारलगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ । स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी नाङ्गाडाँडाहरूमा हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ ।
वातावरणीय स्वच्छता तथा फोहोरमैला व्यवस्थापन	
जनचेतना तथा जिम्मेवारीबोध अभिवृद्धि गरी वातावरणीय स्वच्छता कायम गर्ने ।	टोलस्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका काम नियमित रुपमा सञ्चालन गरिनेछ । जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ । गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ । टोलस्तरीय प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ ।

परिच्छेद ५ : विपद् जोखिम व्यवस्थापन

५.१ पृष्ठभूमि

नेपालको संविधानको प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान राखेको छ। विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ। संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ।

एकातिर विश्वभरि नै विपद्का घटना निरन्तर बढ्दै गएका छन् र परिणामतः विपद् प्रभावितहरूको संख्या पनि हरेक वर्ष बढ्दै गएको छ भने अर्कातिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले सबै व्यक्तिलाई सुरक्षित रहन र बाँच्न पाउने हकको प्रत्याभूत गरेको छ। यसै परिवेशमा सन् २०१५ मा दीगो विकासको मुद्दाअन्तर्गत कोही नछुटुन् (no one leave behind) को अवधारणा पनि अघि सारियो। नेपालमा पनि हरेक वर्षात्को समयमा एक हजारभन्दा बढी व्यक्तिले विपद्का कारण ज्यान गुमाउँदै आएका छन् भने हजारौं परिवार विस्थापित तथा बेघरबार हुने गरेको छन् तर प्रभावित सबैलाई समुचित राहत उद्दार गर्न सकिएको छैन।

दुप्चेश्वर गाउँपालिकाको हकमा बाढीका अतिरिक्त पहिरो, हावाहुरी, चट्याङ, भूकम्प, असिना, हिमपात प्रमुख प्रकोपका रुपमा रहेका छन्। विपद्बाट गाउँपालिकामा वार्षिक २५ देखि ५० जनासम्म घरपरिवार प्रभावित/विस्थापित हुने गरेका छन्। नदी तथा खोलाले हरेक वर्ष औसतमा १०० रोपनी जमिन क्षतिग्रस्त बनाउने गरेको छ भने विपद्बाट जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती गरी वार्षिक औसत रु. ५५ लाख बराबरको क्षति पुग्ने अनुमान रहेको छ।

क) संभावना, अवसर र विद्यमान अवस्था

संविधानले विपद् व्यवस्थापनलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ र स्थानीय तहको निर्वाचन सम्पन्न भई अधिकारसम्पन्न स्थानीय सरकारहरू क्रियाशील रहेका छन्। गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन कोषको स्थापना भएको छ। आ.व. २०७६।७७ को नीति तथा कार्यक्रमले भैपरि आउने प्रकोप तथा महामारी नियन्त्रण गर्न पालिकाभित्रको अन्य शाखाहरू तथा स्वास्थ्यबाहेकका अन्य क्षेत्रहरू, संघसंस्थाहरूसँग समन्व र सहकार्य गरी तत्काल कार्यक्रम सञ्चालन गरिने र पालिकास्तरमा Rapid Response Team गठन गरिने व्यवस्था गरेको छ।

वि.सं. २०७२ को भूकम्पपश्चात् निर्मित घरहरू भूकम्प प्रतिरोधी रहेको हुँदा तुलनात्मक रुपमा सुरक्षित रहेका छन्। गाउँपालिकाअन्तर्गत स्वास्थ्य सेवा रहेको हुँदा विपद्को अवस्थामा उपलब्ध स्वास्थ्यकर्मीहरू तत्काल परिचालन गर्न छिटो निर्णय लिन सकिने अवस्था रहेको छ। गाउँपालिकास्तरमा खोज उद्दारका लागि तालिम प्रदान भएको तथा खोज उद्दारका लागि वडास्तरमा सामग्रीको भण्डारण रहेको हुँदा विपद्का अवस्थामा खोज उद्दार सहज हुन सक्ने अवस्था छ।

ख) समस्या तथा चुनौती

पहिरो, बाढी, चट्याङ, हुरीबतास, असिना, हिमपात प्रमुख प्रकोपका रुपमा रहेका छन् र यी हरेक वर्ष खास समयमा दोहोरिरहन्छन्। यसबाहेक भूकम्प अर्को ठूलो प्रकोपका रुपमा रहेको छ। विभिन्न किसिमका विपद्बाट वर्षेनी जनधनको क्षति भइरहेको छ। आपत्कालीन अवस्थामा खोज, उद्दारका लागि समुदाय तथा गाउँपालिकामा पर्याप्त ज्ञान, सीप र जनशक्तिको कमी रहेको छ। विपद् व्यवस्थापन समिति गठन भए पनि क्रियाशील हुन सकेको छैन। विपद् व्यवस्थापन समिति र यसका क्रियाकलापका बारेमा समुदायको ठूलो हिस्सा अनभिज्ञ रहेको छ। उद्दार, राहत तथा प्राथमिक उपचारका लागि सक्रिय जनशक्तिको कमी रहेको छ। विपद् पूर्वतयारी तथा आकस्मिक प्रतिकार्य योजनाको अभाव रहेको छ। भूकम्पबाट क्षतिग्रस्त

वडा कार्यालयहरु, कतिपय विद्यालय भवन/कक्षा कोठाहरु, सामुदायिक भवन तथा गाउँपालिका भवनको पुननिर्माण हुन सकेको छैन ।

५.२ उद्देश्य

गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेको छ:

विपद् जोखिम तथा विपद्जन्य क्षति नोक्सानी न्यूनीकरण गर्नु

५.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत र कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य (२०८१/८२)		
क. विपद् पूर्वतयारी					
विपद् व्यवस्थापन संस्थागत तथा क्षमता विकास कार्यक्रम	पटक	०	५	२५००	समिति गठन, खोज उद्दार सामग्री, कृत्रिम अभ्यास, प्राथमिक उपचार तथा खोज उद्दार तालिम
हेलिप्याड तथा न्यूनतम पूर्वाधारसहितका आपत्कालीन आश्रयस्थल निर्माण	स्थान	१	७	३५०००	न्यूनतम पूर्वाधारसहितका हरेक वडामा १ स्थानमा
पोखरी निर्माण तथा विपद पूर्व तयारी कार्यक्रम	स्थान	७	७	१४०००	
वन्यजन्तु (बाँदर, दुम्सी) बाट संरक्षण कार्यक्रम	वडा		७	१५००	सबै वडा
कुल				**५३०००**	
ख. विपद् जोखिम न्यूनीकरण/अल्पिकरण					
नदी तटबन्धन कार्यक्रम	कि.मी.		१	१००००	
पहिरो नियन्त्रण कार्यक्रम	वटा		१५	१५०००	
भूउपयोग क्षेत्र निर्धारण	वडा		५	५००	सहभागितामूलक विधि
कुल				**२५५००**	
ग. पुनर्निर्माण/पुनर्लाभ कार्यक्रम					
गाउँपालिका भवन पुनर्निर्माण	वटा		१	३५०००	
वडा कार्यालय भवनहरु पुनर्निर्माण	वटा	०	७	१०५०००	
सामुदायिक भवन पुनर्निर्माण	वटा	०	१	८०००	
विद्यालय भवनहरु पुनर्निर्माण	वटा		१०	२००००	
भूकम्प तथा अन्य विपद्बाट प्रभावित समुदाय सदस्यलक्ष्यित जीविकोपार्जन कार्यक्रम	परिवार		५००	५०००	
कुल				**१७३०००**	
ग. जलवायु परिवर्तन अनुकूलन					
जलवायु परिवर्तनका कारण, असर तथा पूर्वतयारी सम्बन्धी जनचेतनामूलक कार्यक्रम	जना	०	१००००	१०००	
विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना निर्माण	वटा	०	१	५००	
जलवायुमैत्री कृषि (climate smart) का लागि साझेदारीमा आधारित कार्यक्रम	वटा	०	१	१०००	
कुल				**२५००**	
विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनतर्फको जम्मा				**२५४०००**	

५.४ विषयगत रणनीति तथा कार्यनीति

योजनाको विपद व्यवस्थापन विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा कार्यक्रम देहायअनुसार हुनेछ :

रणनीति	कार्यनीति
१. समुदाय तथा सरोकारवालासँगको साझेदारी तथा सहकार्य गर्ने तथा विपद् व्यवस्थापनका अवधारणालाई सबै विषयगत क्षेत्रमा मूल प्रवाहीकरण गर्ने	१. वस्ती/टोलमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू परिचालन गरी विपद् व्यवस्थापन क्रियाकलापलाई प्रभावकारी बनाइनेछ । २. तालिमलगायतका कार्यक्रम सञ्चालन गरी विपद् व्यवस्थापन समिति तथा कार्यदलको क्षमता अभिवृद्धि गरिनेछ । ३. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ । ४. प्रमुख वस्तीहरूमा उद्दार सामग्रीहरू भण्डारण तथा नियमित अद्यावधिकरण गरी आपत्कालीन खोज उद्दारलाई सहज र प्रभावकारी बनाइनेछ । ५. बायोइन्जिनियरिङ तथा स्थानअनुकूलका अन्य उपयुक्त प्रविधिहरू अवलम्बन गरी तटबन्धन तथा पहिरो नियन्त्रणलाई किफायती तथा दिगो बनाइनेछ । ६. आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी प्रभावकारी आपत्कालीन प्रतिकार्यलाई सुनिश्चित गरिनेछ । ७. कार्बन व्यापारबाट मुलुकलाई प्राप्त हुने लाभ तथा वातावरणीय सेवा भुक्तानीबाट प्राप्त हुने लाभ प्राप्तीका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ ।

परिच्छेद १० : संस्थागत विकास तथा सुशासन

१०.१ पृष्ठभूमि

संघीय प्रणालीबाट पहिलो पटक निर्वाचित भई नजिक नागरिकको घरदैलोमा रहेका स्थानीय सरकारप्रति आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायका ठूलो अपेक्षा रहेको छ । जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने दायित्व स्थानीय सरकारमा रहेको छ । बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी देखिएको छ । संस्थागत क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैरसरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ स्थानीय सरकारले विशेष ध्यान दिन आवश्यक रहेको छ । यसलाई मध्यनजर गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ ।

१०.१.१ विद्यमान स्थिति तथा संभावना तथा अवसर

गाउँसभाबाट सहकारी ऐन, स्थानीय विवाद निरुपण गर्न बनेको एने, प्रशासकीय कार्यविधि ऐन, आर्थिक तथा विनियोजन ऐन समेत ७ वटा ऐन तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी गाउँ कार्यपालिकाबाट स्थानीय तहको अधिकार क्षेत्रका शिक्षा नियमावली, सार्वजनिक खरिद नियमावली, कार्यविभाजन तथा कार्यसम्पादन नियमावली लगायत ४ प्रकारका नियमावली, गाउँ कार्यपालिका वैठक संचालन, सामुदायिक विद्यालय सुदृढीकरण, विपद व्यवस्थापन कोष, एफएम रेडियो संचालन कार्यविधि लगायत १२ वटा स्थानीय सरकार र सेवा संचालन सम्बन्धी कार्यविधि निर्माण भई र सो को अभ्यासमा रहेका छन् । सभाबाट न्यायिक समिति गठन भई स्थानीय मध्यस्थकर्ताको सहजीकरणमा स्थानीय विवाद समाधान प्रयास भैरहेका छन् । यसका लागि गाउँपालिकामा ३२ जना मध्यस्थकर्ता छनौट गरी तालिम प्रदान गरिएको छ । साथै सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास प्रारम्भ गरिएको छ ।

गाउँपालिका केन्द्र समुन्द्रटारमा ८ कोठा सहितको भवनमा कार्यपालिका कार्यालय वडा नं. ४ को वडा कार्यालय सामुदायिक भवन र अन्य वडा कार्यालयहरू भाडामा संचालन गरी स्थानीय सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ । गाउँपालिका तथा वडा कार्यालयको नाममा ३२ आना जग्गा दर्ता रहेको छ । एकीकृत सेवा सहितको गाउँ कार्यपालिका, सवै वडाको केन्द्रमा वडा कार्यालय भवन, स्वास्थ्य संस्था भवनहरूको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ । कार्यालयमा ४ पाङग्रे १ सवारी साधन, १६ थान मोटरसाईकल र कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । संघीय संरचना अनुार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रगत समेत ९० जना कर्मचारी कार्यरत रहेका छन् ।

स्थानीय तहको योजना तर्जुमा नमुना दिग्दर्शनको व्यवस्था अनुसार संघीय शासन व्यवस्था बमोजिम पहिलो पटक गाउँपालिकाको विषयगत वस्तुस्थिति झल्कने वस्तुस्थिति विवरण तथा गाउँपालिकाको समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गरिएको छ । साथै गाउँपालिको प्रमुख सम्पदाको रुपमा रहेको नेपालको दोश्रो पशुपतीनाथले चिनिने दुप्चेश्वर मन्दिर क्षेत्र विकास गुरुयोजना र गाउँपालिकामा खानेपानी तथा सरसफाईका स्रोत र संभावनालाई व्यवस्थित रुपमा संचालन गरी गाउँपालिकाबासीको स्वस्थ्य र सरसफाई अधिकार सुनिश्चित गर्न खानेपानी तथा सरसफाई गुरुयोजना तयारी कार्य अन्तिम चरण रहेको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा टोल एवं तथा वस्तीबाटै शुरु गरी

सहभागितामूलक प्रक्रिया अभ्यास गरिदै आएको छ । गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा रहेको सडक तथा यातायात क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा संचालन गर्न सडकको मापदण्ड तयार गरिएको छ । गाउँपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालिन आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, भूमि कर, व्यवसाय कर, घरजग्गा वहाल कर लगायत शुल्क, विक्री र दस्तुरका दर निर्धारण गरी सो अनुसार भूमि कर, व्यावसाय कर, अन्य विक्री, दस्तुरबाट चालु आ.व. मा करिब २० लाख आन्तरिक आय संकलन गरिएको छ । गाउँपालिकाको कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र ०.५२ प्रतिशत रहेको छ । आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य संचालन गर्न राजस्ज प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ ।

क) सम्भावना तथा अवसर

यस गाउँपालिकामा कृषि, पर्यटन विकास, जलश्रोत र वन विकास जस्ता अवसरहरू उपलब्ध रहेका छन् । यो गाउँपालिका राष्ट्रिय महत्वको जैविक विविधताले सम्पन्न संरक्षण क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्जका साथै शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । यसबाट पर्यापर्यटन तथा अन्य प्रर्यटनको विकास गरी गाउँपालिकाबासीले प्रत्यक्ष लाभ लिन सक्ने संभावना रहेको छ । यसैगरी यसगाउँपालिका देशको संघीय राजधानीसँग नजिक रहेको हुँदा स्थानीय उत्पादन र उत्पादित जनशक्तिको बजार सहज रहेको छ ।

विद्युत् प्राधिकरण तथा निजी क्षत्रेको लगानीमा बुद्धभूमि लगायतका जलविद्युत आयोजना गाउँपालिका क्षेत्रमा निर्माणाधीन रहेका छन् । यसबाट उद्योग व्यवसाय विकास र विस्तार गरी उत्पादन र रोजगारी वृद्धिको संभावना रहेको छ । यस गाउँपालिकामा पर्यटकीय स्थल, कृषि तथा पशुजन्य उपज, वन र जडिबुटीको विकासको लागि नुवाकोट जिल्लाका विभिन्न बजार र संघीय राजधानी काठमाडौंको बजारसँग सहज पहुँच रहेको छ। यस गाउँपालिका विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा नीजि क्षेत्रको लगानीको आकर्षण केन्द्रको समेत हुने अवस्था रहेको छ ।

ख) समस्या तथा चुनौती

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम गाउँपालिकाले अझै कृषि प्रसार तथा व्यवसाय प्रवर्धन, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तिकरण लगायतका १८ भन्दा बढी विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालनाको स्थिति अपेक्षाकृत कमजोर रहेको छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभै पूर्वाधार विकास खास गरी सडक निर्माण र खानेपानी आयोजनामा बजेटको ठूलो अंश खर्च गर्ने गरिएको छ । रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी ज्यादै कम रहेको छ । आ. व. २०७४/७५ मा वेरुजु अंक २ करोड ८४ लाख २० हजार रहेको देखिन्छ ।

गाउँ कार्यापालिका कार्यालय, विषयष्त शाखा, वडा कार्यालय र इकाईहरूमा आवश्यकता र दरबन्दी अनुसार शाखा प्रमुख तथा वडासचिव लगायतका अन्य कर्मचारीको पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई देखिएको छ । सबै वडाहरूमा कार्यालय भवन नहुँदा सेवा प्रवाहमा असुविधा रहेको छ । गाउँ कार्यापालिका कार्यालयको आफ्नो भवन नहुँदा विषय क्षेत्रको एकीकृत सेवा प्रवाहमा कठिनाई समस्या रहेको छ । गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरू पर्यटन विकास, यातायात र जलश्रोत कृषि सम्बनधी गुरुयोजना आदीको तयार नहुँदा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकता आधार र प्रक्रिया निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले धैरै संख्यामा आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गर्न र ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

गाउँपालिकाको अधिकार क्षेत्रका राजस्वको संभाव्यता विश्लेषण, प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षता तथा अनुभवको कमीको कारण आन्तरिक आयका विषयगत क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, दायरा र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण गाउँपालिकाको विकासमा संघीय र प्रदेश सरकारको अनुदानमा निर्भरता बढ्दै जाने देखिन्छ । आन्तरिक राजस्व तथा स्रोत परिचालनको न्यून क्षममताको कारण गाउँपालिकाको ध्यान आन्तरिक आयको बृद्धी भन्दा पनि खर्च गर्ने तिर यान गएको छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, नीजि क्षेत्र र समुदायको साझेदारी हुन सकेको छैन । गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिपिआर, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक नीजि र गैसस लागयतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन समेत गर्न सकिएको छैन । प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

१०.२ उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

सेवा सुविधा, कार्यसम्पादन र जवाफदेहिता तथा गुणस्तरमा अभिवृद्धि गर्नु

१०.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८०/८१		
कानुन, नीति तथा सुशासन					
५.१.१ ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रवोधीकरण तथा प्रकाशन	संख्या	२२	५२	३०००	– संविधानको अनुसूची ८ र ९ अनुसार – तयार भएका ऐन, नियम, कार्यविधिहरूको प्रवोधीकरण जानकारी, प्रकाशन, प्रसारण र वितरण गर्ने
५.१.२ सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम	पटक	१	१५	२५००	– सेवाग्राही पृष्ठपोषणका लागि सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्ने – आन्तरिक लेखा परीक्षण कार्यविधि तर्जुमा गर्ने – सामाजिक जवाफदेहिता अभिबृद्धीको एकीकृत औजारहरूको मार्गनिर्देशिका तयारी र अभ्यास गर्ने
५.१.३ सूचना प्रविधिमैत्री शासन प्रवर्धन	पटक	०	५	४०००	– घटना दर्ता, योजना, लेखा, जिन्सी, सम्पत्तीको अभिलेख, प्रशासन र प्रतिवेदन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने
५.१.४ विवाद मध्यस्थता, कानुनी साक्षरता, तथा मेलमिलाप कार्यक्रम	पटक	१	५	२५००	– न्यायिक समितिको संयोजनमा मध्यस्थकर्ताद्धारा स्थानीय विवाद समाधान गर्ने, वडा समिति र टोल सुधार समितिको सहयोग कानूनी साक्षरता कक्षा संचालन गर्ने
				१२०००	
संगठन तथा क्षमता विकास					
५.२.१ गाउँपालिका तथा वडा कार्यालयको भवन निर्माण	संख्या	०	८	१०००००	– गाउँपालिका केन्द्र र र वडा केन्द्रमा जग्गा व्यवस्थापन गरी एकीकृत सेवा संचालनको व्यवस्थासहित गाउँ कार्यपालिका तथा वडा कार्यालय भवन निर्माण गर्ने

प्रथम आवधिक विकास योजना (२०७६।७७ - २०८०।८१)

रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८०/८१		
५.२.२ जनप्रतिनिधि तथा कर्मचारीका लागी क्षमता अभिवृद्धि तालिम	पटक	२	१०	५०००	– ऐन, नियम तथा कार्यविधि तर्जुमा प्रक्रिया, विषयवस्तु र सम्पादन प्रक्रिया – योजना तर्जुमा र छनौट, अनुगमन तथा गुणस्तर नियन्त्रण – उपभोक्ता समितिका लागि योजना व्यवस्थापन – शिक्षकका लागि नयाँ प्रविधिमा आधारित शिक्षण विधि र विषयगत तालिम – प्रशासनिक कर्मचारीका लागि खरिद तथा जिन्सि व्यवस्थापन – प्राविधिक कर्मचारीका लागि विद्युतीय खरिद प्रक्रिया, नयाँ, निर्माण गुणस्तर र आयोजना व्यवस्थापन – जनप्रतिनिधि तथा कर्मचारीका लागि सफ्टवयर, इविडिङ्ग, र सूचना प्रविधि प्रयोग
५.२.३ कर्मचारी प्रोत्साहन कार्यक्रम	जना	०	२५	१०००	– कार्यविधि बनाएर बार्षिक ५ जनाको दरले २५ जनालाई पुरस्कृत वा तहगत बढुवा गर्ने – कार्यविधि बनाई थप कार्य लागि कर्मचारीका लागि मासिक सुविधा थप गर्ने
५.२.४ अन्तर स्थानीय तह अध्ययन, परामर्श तथा टिम विल्डिङ	पटक	०	५	३०००	– पदाधिकारी र कर्मचारीलाई सम्बन्धित तथा अन्य जिल्ला, प्रदेशका स्थानीय सरकारसँग परामर्श गर्ने र गाउँपालिका भित्र पदाधिकारी र कर्मचारी टिम विल्डिङ्ग सेसन संचालन गर्ने
५.२.५ संगठन विकास तथा सुदृढीकरण कार्यक्रम	पटक	०	५	५००	– कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गर्ने – समिति, शाखा, इकाई तथा वडा कार्यालय तथा कर्मचारीको कार्यविवरण तयार गर्ने – एकीकृत सेवालागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिछालय सहित कार्यकक्षको व्यवस्था गर्ने – संगठन तथा क्षमता विकासको विस्तृत योजना तयार गर्ने
५.२.६ टोल सुधार समिति गठन र परिचालन	संख्या	१८	७०	५२०	– वडा भित्रका प्रमुख टोलहरूमा टोल सुधार समिति गठन गरी गाउँपालिकामामा दर्ता तथा नविकरण गर्ने – साविक गाविसका वडामा कम्तिमा १ वटाका हुने गरी ७० वटा टोल सुधार समिति गठन गर्ने – नमूना विधान र दर्ता तथा अभिलेख, नियमन र क्षमता विकास सम्बन्धी कार्यविधि तयार गर्ने
कुल				११००२०	
स्रोत परिचालन तथा व्यवस्थापन				**६४००**	
५.३.१ आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण तथा सुधार कार्ययोजना	पटक	०	२	२५००	– राजश्व सुधार कार्ययोजना अद्यावधिक गर्ने – करदाता शिक्षा र राजस्व संकलन अभियान गर्ने – व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गर्ने – नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गर्ने
५.३.२ करदाता शिक्षा कार्यक्रम	पटक	०	३५	२०००	– कर, शुल्क, दस्तुरको दर, संकलन प्रक्रिया, छुट तथा दण्डको व्यवस्थाबारे वडा तथा समुदायस्तरमा टोल सुधार मार्फत करदाता शिक्षा कक्षा संचालन गर्ने
५.३.३ उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम	जना	०	१०	५००	– कार्यविधि तथा आधार बनाएर वार्षिक ७ जना करदातालाई गर्ने
५.३.४ राजस्व शाखा स्थापना र सुदृढीकरण	पटक	०	१	५००	– कर्मचारी क्षमता विकास, सफ्टवयेर सञ्चालन, कर्मचारी तथा भौतिक सामग्री सहित कार्यकक्ष व्यवस्थापन
५.३.५ आन्तरिक लेखा परीक्षण शाखा स्थापना तथा व्यवस्थापन	शाखा	०	५	३००	– आन्तरिक नियन्त्रण व्यवस्थापन गर्न आलेप कार्यविधि, कर्मचारी र कार्यकक्षको व्यवस्था गर्ने
५.३.६ अन्तर स्थानीय तह तथा सरकार समन्वय कार्यक्रम	पटक	०	५	६००	– सम्भावित छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका कार्यालय तथा निकायसँग नियमित बैठक तथा छलफल गर्ने

रणनीतिक कार्यक्रम तथा आयोजना	इकाई	योजनाको लक्ष्य		अनुमानित लागत (रु. हजार)	स्थानगत/कार्यक्रमगत विवरण
		आधार वर्ष ०७५/०७६	कुल लक्ष्य २०८०/८१		
विकास व्यवस्थापन				**१८५००**	
५.४.१ योजना तथा कार्यक्रम अनुगमन, मुल्याङकन निर्देशिका तर्जुमा र अभिमुखीकरण कार्यक्रम	पटक	०	५	१०००	– पदाधिकारी र कर्मचारीलाई प्रभावकारी योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका लागि क्षमता विकास कार्यक्रम संचालन गर्ने
५.४.२ प्राविधिक परीक्षण कार्यक्रम	आयोजना	०			– १० लाख भन्दा भन्दा लागतका आयोजनाहरूको स्वतन्त्र तेश्रो पक्ष प्राविधिक परीषकद्धारा परीक्षण गर्ने
५.४.३ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम	विषय	१	६	६०००	– पर्यटन, यातायात, जलश्रोत, कृषि सम्बन्धी गुरुयोजना स्वास्थ्य र शिक्षा सम्बन्धी विषय क्षेत्र रणनीतिक योजना तर्जुमा, मद्यावधी तथा अन्तिम समीक्षा र अद्यावधिक गर्ने
५.४.४ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम	पटक	०	५	२५००	– वडास्तरमा योजना व्यवस्थापन तालिम संचालन गर्ने
५.४.५ आवधिक योजना, मद्यकालिन खर्च संरचना तयारी तथा अद्यावधिक कार्यक्रम	पटक	०	५	३०००	– आवधिक योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने र मध्यकालिन खर्च संरचना तयार र वार्षिक अद्यावधिक गर्ने
५.४.६ बस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक कार्यक्रम	पटक	०	२	३०००	– प्राथमिक श्रोत (घरधुरी सर्वेक्षण), संस्थागत सूचना तथा श्रोत नक्शा सहितको डिजिटल प्रोफाईल तयार गर्ने
५.४.७ नतिजामा आधारित वार्षिक योजना तथा बजेट तर्जुमा	पटक	०	५	२५००	– आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक योजना तजुमाको अभ्यास गर्ने
५.४.८ गैसस, निजी क्षेत्र तथा सहकारी डेस्क संचालन, समन्वय र साझेदारी	पटक	०	५	५००	– गैसस तथा समुदायमा आधारित संस्था समन्वय कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया संचालन गर्ने
सुशासन तथा संस्थागत विकासतर्फको जम्मा				**१४०२५०**	

१०.४ विषयगत रणनीति तथा कार्यनीति

योजनाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

रणनीति	कार्यनीति
कानुन, नीति तथा सुशासन	
स्थानीय कानुन, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने	१. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण, प्रकाशन र प्रवोधीकरण गरी परिपालनामा अभिवृद्धि वृद्धि गरिनेछ । २. स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धी सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ । ३. आयोजनाको गुणस्तर कायम गर्न स्तरीय ४. आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल सुधार समिति, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिबृद्धि गर्ने
स्थानीय नीति, कानून तथा निर्णय प्रक्रियामा लक्ष्यित समुदाय तथा आम नागरिकको	५. गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।

रणनीति	कार्यनीति
सुझाव प्राप्त गर्ने र अपनत्व वृद्धि गर्ने	६. स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।
संगठन तथा क्षमता विकास	
स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने	१. सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री रुपमा निर्माण गरिनेछ । २. सेवा प्रवाह र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः बृद्धि गरिनेछ । ३. सेवा प्रवाहको सहजता र सुविधाकोलागी सरोकारवालाको समन्वयमा कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिने छ । ४. विकास कार्यमा समुदायको सहभागिता बृद्धि गर्न, वडास्तरका आयोजना संचालन गर्न र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ । ५. उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा संचालन गरिनेछ । ६. वितीय संस्थाको झन्झटिलो प्रक्रियालाई सरल बनाउन नीतिगत पैरवी गरिनेछ ।
सरकारी सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने	१. स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोत लागि व्यवस्थापन गरिनेछ ।
	२. कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।
	३. सरकारी जग्गाहरू पहिचान गरी हालसाविक गरिनेछ ।
स्रोत परिचालन तथा व्यवस्थापन	
राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने	१. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि बारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ । २. स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ । ३. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गर्ने ४. नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गर्ने
आन्तरिक राजस्व बृद्धिमा जोड गर्ने	५. राजस्व व्यवस्थापनसम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । ६. सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । ७. राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ बृद्धि गरिनेछ ।
गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने	१. नीजि क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक, छलफल र संचार समन्वय र साझेदारी गरी स्रोत परिचालनमा बृद्धि गरिनेछ । २. करदाता शिक्षा र राजस्व संकलनलाई अभियान रुपमा संचालन गरिनेछ । ३. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गरिनेछ । ४. निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरी सेवाग्राहीलाई सहजीकरण गरिनेछ ।
विकास व्यवस्थापन	
योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने	१. पुर्वाधार विकास गर्दा अपाङ्ग तथा वालमैत्री अवधारणा लागु गरिनेछ । २. योजना तर्जुमा तथा संचालन गर्दा जनसहभागिता अभिवृद्धि गरिनेछ । ३. आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ । ४. आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा बार्षिक योजना तजुमाको गरिनेछ ।

रणनीति	कार्यनीति
	५. रु. १० लाख भन्दा भन्दा लागतका आयोजनाहरूको स्वतन्त्र तेश्रो पक्ष प्राविधिक परीक्षकद्धारा परीक्षण गर्ने
सडक तथा भवन निर्माण मापदण्ड तयार गर्ने	१. जमीनको भूबनौट, क्षमता, वर्तमान उपयोग तथा गाउँपालिकाको आवश्यकता अनुसार भूक्षेत्र निर्धारण गरी भुउपयोग क्षेत्र निर्धारण र योजना तर्जुमा गरी लागु गरिनेछ । २. भूउपयोग योजना र निर्धारित क्षेत्र अनुसार वस्ती विकास तथा पूर्वाधार विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । ३. सडकको वर्गीकरण, नामाकरण र मापदण्ड सहित प्राथमिकता निर्धारण गर्ने
गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने	१. गैसस तथा समुदायमा आधारित संस्था समन्वय कार्यविधि तयार गरी नियमित बैठक तथा अन्तरक्रिया संचालन गरिनेछ । २. गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्र बारे अन्तरक्रिया गरिनेछ ।

परिच्छेद ११ : स्रोत व्यवस्थापन

यो आवधिक योजना कार्यान्वयनका लागि वित्तीय, मानवीय तथा भौतिक स्रोतको व्यवस्थापन महत्वपूर्ण छ । आवश्यकताअनुसार वित्तीय र मानवीय स्रोत उपलब्ध हुन नसक्दा यो योजनाले साकार रुप लिन सम्भव हुँदैन । परिच्छेदमा यो योजना कार्यान्वनका लागि आवश्यक पर्ने तथा उपलब्ध वित्तीय स्रोतको अवस्थाका बारेमा चर्चा गरिएको छ ।

१०.१ वित्तीय स्रोत

१०.१.१ विषयगत क्षेत्रअनुसार आवश्यक अनुमानित रकम

यस आवधिक योजनामा संवोधन गरिएका विकासका आठ वटा विषयगत क्षेत्र तथा २८ वटा उपक्षेत्र अन्तर्गत तय गरिएका कार्यक्रम कार्यान्वन गर्न कुल रु. तीन अर्ब १६ करोड १७ लाख २९ हजार आवश्यक पर्ने अनुमान गरिएको छ। उपरोक्तअनुसारको विषयगत क्षेत्र तथा उपक्षेत्रका लागि अनुमानि रकम देहाय अनुसार रहेको छ :

(रकम रु. हजारमा)

विषयगत क्षेत्र	अनुमानित लागत	प्रतिशत
१.१ कृषि विकास कार्यक्रम	१३६५००	४.३
१.२ सिंचाई	१०००००	३.२
१.३ पशु विकास	१०१५००	३.२
१.४ उद्योग र व्यापार	२९५००	०.९
१.५ बैंक, सहकारी तथा वित्तीय सेवा	१००००	०.३
१.६ श्रम, आय र रोजगारी	४०००	०.१
आर्थिक विकास योजना	**३८१५००**	**१२.१**
संस्कृति तथा पर्यटन विकास	**१५२७५०**	**४.८**
२.१ शिक्षा तथा सीप विकास	४७८०००	१५.१
२.२ स्वास्थ्य तथा पोषण	६३५००	२.०
२.३ खानेपानी तथा सरसफाई	१५९५००	५.०
२.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	४९१००	१.६
२.५ युवा तथा खेलकुद	१५८००	०.५
सामाजिक विकास योजना	***७६५९००***	***२४.२***
सडक तथा यातायाततर्फ कुल	१३१९९२९	४१.७
आवास, भवन तथा शहरी विकास	२१०५००	६.७
विद्युत् तथा ऊर्जा	६३३५०	२.०
सूचना तथा संचार	१३०००	०.४
पूर्वाधार विकास क्षेत्रको कुल	***१६०६७७९***	***५०.८***
विद्युत् तथा ऊर्जा क्षेत्रको कुल	***३३३५०***	***१.१***
वन संरक्षण तथा व्यवस्थापन	२८०००	०.९
वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन	५२००	०.२
भूसंरक्षण तथा जलाधार व्यवस्थापन	४८०००	१.५
वन, वातावरण क्षेत्रको कुल	***८१२००***	***२.६***
कानुन, नीति तथा सुशासन	**१२०००**	०.४

विषयगत क्षेत्र	अनुमानित लागत	प्रतिशत
संगठन तथा क्षमता विकास	११००२०	३.५
स्रोत परिचालन तथा व्यवस्थापन	६४००	०.२
विकास व्यवस्थापन	१८५००	०.६
सुशासन तथा संस्थागत विकासतर्फको जम्मा	***१४०२५०***	***४.४***
योजनाको कुल बजेट	**३१६१७२९**	**१००.०**

नोट : यस तालिकामा आव २०७५/७६ को संशोधित आयलाई आधार वर्षको आय र आ.व. २०७६/७७ को लागि प्रस्तावित आयलाई नै सो वर्षको अनुमानित आयको रुपमा गणना गरिएको छ। कुल आयमा आ.व २०७५/७६ को संशोधित आयलाई समावेश गरिएको छैन। २०७६/७७ देखि २०८०/८१ (५ वर्षको) आयलाई मात्र कुल अनुमानित आयमा समावेश गरिएको छ र हरेक वर्ष अघिल्लो वर्षको तुलनामा सामान्यतया १० प्रतिशत रकम वृद्धि गरिएको छ। सामाजिक सुरक्षातर्फको आय एवं अन्य स्थानीय तह, जिल्ला समन्वय समितिबाट प्राप्त हुनसक्ने आयलाई यस प्रक्षेपणमा समावेश गरिएको छैन।

१०.१.२ वित्तीय स्रोत परिचालन

यो योजना कार्यान्वयनका लागि कुल रु. तीन अर्ब १९ करोड ६६ लाख ७० हजार आवश्यक पर्ने अनुमान गरिएको र गाउँपालिकामा यसको आफ्नो आन्तरिक स्रोत, संघ तथा प्रदेशबाट प्राप्त हुन सक्ने कुल अनुदान, विभिन्न संघसंस्थाबाट कार्यान्वयन हुने बजेट, निजी क्षेत्र तथा समुदायबाट प्राप्त हुनसक्ने जनश्रमदानसमेतलाई मध्यनजर गरी प्राप्त हुन सक्ने प्रक्षेपित कुल बजेट रु. दुई अर्ब ७४ करोड चार लाख ३९ हजार प्राप्त हुन सक्ने अनुमान गरिएको हुँदा यो योजना कार्यान्वयनका लागि कुल रु. ४५ करोड करोड ६२ लाख ३१ हजार अर्थात् कुल आवश्यक बजेटमा १४.२७ प्रतिशत बजेट अपुग हुने देखिन्छ।

१०.१.३ वित्तीय स्रोत परिचालनका उपाय

उपरोक्त अनुसारका अपुग स्रोत पूर्तिका लागि गाउँपालिकाकाले निम्नअनुसार उपाय अवलम्बन गर्नेछ :

- ठूला र विशेष परियोजनाहरुका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गर्ने। संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने। संघ तथा प्रदेश सरकारसँग समपुरक गरी आयोजना संचालन गर्ने
- उत्पादनमूलक आयोजनामा नेपाल सरकारको स्वीकृती लिई ऋण परिचालन गर्ने
- स्थानीय सरकार सञ्चालन ऐनले अख्तियारी प्रदान गरेमुताविक आन्तरिक स्रोत (सम्पत्ती कर, व्यवसाय कर, सेवा शुल्क, नदीजन्य पदार्थ विक्री) संकलन गर्ने, दायरा र दर बढाउने तथा राजस्व व्यवस्थापन प्रक्रिया व्यवस्थित गर्ने। राजस्व संकलन गरी गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गर्ने
- निजी क्षेत्रको लगानी र साझेदारी अभिवृद्धी गर्ने
- स्थानीय स्तरमा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थासँग साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने। स्थानीय स्तरमा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थालाई आवधिक योजनाको लक्ष्य उद्देश्यमा योगदान पुग्ने गरी कार्यक्रम/परियोजना तर्जुमा गरी सोहीअनुसार कार्यान्वयन गर्न लगाउने
- पर्यटन प्रवर्द्धनलगायतका सम्भाव्य क्षेत्रमा निजी क्षेत्रको योगदान आकर्षित गर्नेखालका नीति तथा कार्यक्रमहरु ल्याउने
- नागरिक प्रत्यक्ष लाभान्वित हुने क्रियाकलापमा नागरिकको न्यूनतम आर्थिक हिस्सा सुनिश्चित गर्ने
- निर्माण प्रक्रियामा स्थानीय स्तरमा उपलब्ध सामग्री प्रयोगमा जोड दिने नीति कार्यान्वयमा ल्याउने। जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा वृद्धि गर्ने
- गैरआवासीय नेपालीसँग समन्वय गरी विशेष कार्यक्रम/आयोजनामा लगानी गर्न प्रोत्साहन गर्ने
- महोत्सवलगायतका कार्यक्रम गरी थप रकम जुटाउने
- अन्य स्थानीय तहहरुसँग सहकार्य गर्ने

१०.२ मानवीय स्रोत

१०.२.१ मानव संशाधनको अवस्था

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस गाउँपालिकाको २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य संचालन हुदै आएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित संगठन संरचना अनुसार गाउँपालिकामा ५ वटा शाखाहरू, १ आन्तरिक लेखा परिक्षण ईकाई र सात वटा वडा कार्यालय समेत ११ वटा इकाईहरु प्रस्ताव गरिएको छ । संगठन संरचनामा गाउँपालिकामा प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत राजस्व उपशाखाको व्यवस्था रहेको छ । तर हालसम्म प्रस्तावित संगठन संरचना अनुसार कर्मचारीको व्यवस्था भएको छैन । यस गाउँपालिकामा २०७६ साउनसम्ममा गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालय समेत गरी ३६ जना कर्मचारी कार्यरत रहेका छन् ।

गाउँपालिकामा पदाधिकारी तथा कर्मचारीका अतिरिक्त स्थानीय स्तरमा कार्यरत अन्य संस्थाका कर्मचारी, उपभोक्ता समिति तथा आमनागरिकसमेत यस गाउँपालिकाका मानव संशाधनका रुपमा रहेका छन् ।

आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संघीय शासन व्यवस्था अनुसार संवैधानिक अधिकारसहित स्थापित यस गाउँपालिकाले तत्काल संवैधानिक व्यवस्था बमोजिमको कार्यविभाजन तथा कार्यसम्मादन नियमावली तयार तथा स्वीकृत गरी लागू गर्नु पर्ने देखिन्छ । यसैगरी वडा कार्यालय समेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गरिनेछ ।

१०.२.२ प्रस्तावित मानव संशाधन

गाउँपालिकाको प्रथम आवधिक योजना लक्ष्य, उद्देश्य एवम् विषय क्षेत्रगत लक्ष्य, उद्देश्य प्राप्त गर्न प्रस्तुत कार्यक्रम संचालन गर्न देहायअनुसार कुल १०४ जना मानव संशाधनको आवश्यकता रहने प्रस्ताव गरिएको छ । उक्त मानव संशासन स्थानीय सेवा संचालनको नियमित प्रक्रिया, सेवा करार र सेवा खरिद गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

सेवा/शाखा वा पद	स्तर अनुसार आवश्यक मानव संशाधन (जना)						
	अधिकृत स्तर आठौं	अधिकृत स्तर सातौ	अधिकृत स्तर छैटौ	सहायक स्तर पाँचौ	सहायक स्तर चौथो	श्रेणी विहिन वा अन्य	जम्मा
प्रशासन	१	१	१	८	१	१२	२४
लेखा तथा राजस्व	०	०	१	३	१	०	५
कृषि, पशु विकास तथा पर्यटन	०	०	१	३	१४	०	१८
शिक्षा, युवा तथा खेलकुद विकास	१	१	२	१	०	०	५
जनस्वास्थ्य तथा पोषण	१	०	१	७	१४	७	३०
महिला बालबालिका र समाज कल्याण	०	०	०	१	१	०	२
सामाजिक सुरक्षा तथा पञ्जिकरण	०	०	०	१	७	०	८
पूर्वाधार विकास, योजना तथा अनुगमन	०	०	१	२	७	०	१०
वातावरण तथा विपद् व्यवस्थापन	०	०	१	१	०	०	२
जम्मा	**३**	**२**	**८**	**२६**	**४५**	**०**	**१०४**

नोटः यस प्रस्तावमा विद्यालयमा अध्यापन गराउने शिक्षक संख्या समावेश गरिएको छैन ।

१०.३ भौतिक स्रोत

गाउँपालिकाको स्वामित्वमा कुल १४ आना जग्गा, एकवटा बोलेरो जीप, १५ वटा मोटरसाइकल रहेको छ । कार्यालय भवन भाडामा सञ्चालन भइरहेको छ । साविक गाविसका कार्यालयहरु भूकम्पबाट क्षतिगस्त भएका छन् । वडा नं. १ को कार्यालय भवन निर्माणाधीन अवस्थामा रहेको छ । कार्यालय सञ्चालका लागि आवश्यक पर्ने कम्प्युटर, ल्यापटप, कुर्सी, टेवल, दराज, प्रिन्टर, फोटोकपी, स्क्यानर, इन्टरनेटलगायतका सामग्री तथा सुविधाहरु रहेका छन् ।

परिच्छेद १२ : अनुगमन तथा मूल्याङ्कन विधि

१२.१ पृष्ठभूमि

सञ्चालित विकासका प्रयासहरु गाउँपालिकाले तय गरेका लक्ष्य उद्देश्यहरु हासिल दिशातर्फ उन्मुख छन् छैनन् अथवा अपेक्षित प्रतिफलहरू कुन हदसम्म प्राप्ती भइरहेका छन् भन्ने जानकारी पाउन अनुगमन तथा मूल्याङ्कन प्रणालीले महवपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नुपर्ने देखिन्छ । कार्यान्वयनका दौरान आइपर्ने समस्याहरूको समस्या समाधान एवं गरिएको लगानी तथा साधनको प्रवाह आशातीत ढंगबाट भए नभएको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । तसर्थ गाउँपालिकाले आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने एवं सोका लागि वार्षिक योजना कार्यान्वयन तालिका समेत तयार गर्नेछ । यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनेछ ।

११.२ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी

आवधिक विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नेछ । गाउँपालिका स्थानीय सरकार समेत भएको हुँदा अनुगमन मूल्यांकन शाखा गठन गरी छुट्टै कर्मचारीको व्यवस्था गर्नु उपयुक्त देखिन्छ । प्रस्तावित यस शाखाले निम्नअनुसार समितिसँगको समन्वयमा आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी वहन गर्नेछ ।

- गाउँ कार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ, संस्था
- तेश्रो पक्ष (नागरिक समाज संस्था तथा व्यक्ति)

११.३ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा तथा प्रक्रिया देहायअनुसार हुनु पर्नेछ ।

तालिका : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया

के अनुगमन गर्ने?	कसले अनुगमन गर्ने?	कहिले अनुगमन गर्ने?	कसरी अनुगमन गर्ने?
प्रभाव तह अनुगमन	सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष	मध्यावधि र अन्तिम वर्ष	• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने • सहभागितामूलक छलफल गर्ने • अध्ययन तथा सर्वेक्षण गर्ने
असर तह अनुगमन	सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष	बार्षिक, मध्यावधि र अन्तिम बर्ष	• सहभागितामूलक छलफल गर्ने • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने • नमूना सर्वेक्षण गर्ने
प्रतिफल अनुगमन	गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति	चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि	• स्थलगत अनुगमन गर्ने • बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने
कार्यक्रम वा प्रक्रिया अनुगमन	सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना	पटके, मासिक, चौमासिक र बार्षिक	• स्थलगत अनुगमन गर्ने • चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने

११.४ अनुगमन तथा मूल्याकंनका साधन

अनुगमन गरिने क्रियाकलापका प्रकृतिका आधारमा अनुगमन मूल्यांकनका साधन चयन गरिनेछ । स्थलगत अवलोकन भ्रमण अथवा विभिन्न दस्तावेज जस्तै गाउँपालिकाका विभिन्न शाखाका प्रगति प्रतिवेदन, डिभिजन वन कार्यालयको प्रतिवेदन, लेखा शाखाको प्रगति प्रतिवेदन, गाउँपालिका आफैंले सञ्चालन गरेका अथवा विभिन्न निकायका सर्भेक्षण प्रतिवेदन आदिलाई अनुगमन मूल्यांकनका साधनका रुपमा प्रयोग गरिनेछ ।

अनुसूची

अनुसूची १ : योजन तर्जुमा गोष्ठीको उपस्थिति

मिति २०६६।०९।०८ देखी २०६६।०३।२१ गते सम्म प्रचेश्वर गाउँपालिका कार्यालय मा.वि. मा गा.वि. उपाध्यक्ष श्री अन्जु आचार्यको अध्यक्षतामा तयारिल बनोजिम को उपस्थितिमा एस.डी.आई. को को प्राविधिक सहयोग तथा UK Aid र नोर एयाक्डेनान्ड को सहयोगमा आवधिक विकास योजना तर्जुमा कार्यक्रम सम्पन्न गरियो।

क्र. स.	नाम	शाखा /पद	पहिलो दिन	दोस्रो दिन	तेस्रो दिन	चौथो दिन	हस्ताक्षर	कैफियत
१	गोविन्द सिंह तामाङ	अध्यक्ष						
२	अन्जु आचार्य	उपाध्यक्ष						
३	नागसाङ तामाङ	का.वडाध्यक्ष (वडा नं.-१)						
४	दावा तामाङ	वडाध्यक्ष (वडा नं.-२)						
५	धुर्बेकर के.सी	वडाध्यक्ष (वडा नं.-३)						
६	इरमान तामाङ	वडाध्यक्ष (वडा नं.-४)						
७	संजय तामाङ	वडाध्यक्ष (वडा नं.-५)						
८	किशोर आचार्य	वडाध्यक्ष (वडा नं.-६)						
९	भेष बहादुर सिर्दोला	वडाध्यक्ष (वडा नं.-७)						
१०	सानुमाया वि.क.	कार्यपालिका सदस्य						

११	उमा थापा	कार्यपालिका सदस्य						
१२	सविता तामाङ	कार्यपालिका सदस्य						
१३	सिलामाया तामाङ	कार्यपालिका सदस्य	सिता	सिता	सिता	सिता		
१४	कमी शेर्पा	कार्यपालिका सदस्य						
१५	रामकृष्ण सुनार	कार्यपालिका सदस्य						
१६	रामहरि राजुरेल	प्र.प्र.अ.						
१७	सर्वदा गौतम	लेखा अधिकृत						
१८	प्रदिप थि.सी.	सूचना अधिकृत						
१९	सागर घरतल	इन्जिनियर						
२०	बिहारी शरण कुईकेल	स्वास्थ्य संयोजक						
२१	मिन बहादुर श्रेष्ठ	शिक्षा शाखा प्रमुख						

२२	[illegible]	योजना शाखा						
२३	राजु अधिकारी	सा.वि. शाखा						
२४	चक्रराम घिमिरे	लेखापाल						
२५	रमानन्द चौधरी	सब-इन्जिनियर						
२६	रोशन केसी	सब-इन्जिनियर						
२७	विष्णु तामाङ	अ.सब-इन्जिनियर						
२८	इन्द्र पाण्डे	अ.सब-इन्जिनियर						
२९	विजय पाठक	वडा सचिव - (वडा नं.-१)						
३०	नरेन्द्र पोखरेल	वडा सचिव - (वडा नं.-२)						
३१	रामराजा केसी	वडा सचिव - (वडा नं.-३)						
३२	कृष्ण नाथिल	वडा सचिव - (वडा नं.-४)						

२३	रुद्रबहादुर खनाल	वडा सचिव -(वडा नं.-५)						
२४	राजेन्द्र थापा	वडा सचिव -(वडा नं.-६)						
२५	रुद्र प्रसाद भट्टराई	वडा सचिव -(वडा नं.-७)						
२६	निर्मला नेपिछाने	महिला तथा बालबालिका शाखा						
२७	मन्जु श्रेष्ठ	रोजगार शाखा						
२८	निशा जटुवाल	कृषि प्राविधिक						
२९	[illegible]	प्रशासन शाखा						
३०	राम सिंह तामाङ	प्रशासन शाखा						
३१	वासुदेव श्रेष्ठ	हे.व. - राउतभेशी स्वास्थ्य चौकी						
३२	शिवराज पन्त	सहजकर्ता - SDIC						
३३	भीम प्रसाद भण्डारी	शिक्षक - रुक्मागिर मा.वि						

४४	[illegible]	जिल्ला संयोजक- पुर्णिमा						
४५	सुरेन्द्र वान्ते	सहजकर्ता - SDIC						
४६	राम कृष्ण थापा	अगुवा कृषक समुह-						
४७	विरेन्द्रकुमार गिमिरे	सहजकर्ता - SDIC						
४८	हिरामाम भट्ट	SDIC						
४९	सन्तोष श्रेष्ठ	SENTOR GOVERNANCE						
५०	गुणराज श्रेष्ठ	Senior Infrastructure Manager						
५१	बाबुराम पाण्डेय	LSIMA-DRID/FO						
५२	पंकज [illegible]	planning Advisor						
५३	[illegible]	इन्जिनियर -पुर्णिमा						
५४	[illegible]	SDIC– kathmandu						

५५	बसन्त भट्टराई	SDIC						
५६	राम कुमारी थापा	कार्यालय सहयोगी	राम	राम	राम	राम		
५७	सुनिता तामाङ	कार्यालय सहयोगी	सुनि	सुनि	सुनि	सुनिता		
५८	कृष्ण बहादुर स्याङतान	युवा अगुवा- ~~[illegible]~~ [illegible] गा.पा.						
५९	निरन्जन आचार्य	शिक्षक वे.रे.वि. [illegible] उपाध्यक्ष						
६०	बसन्त धिताल	नेलुङ्गिलाप कर्वा संयोजक [illegible] गा.पा.						
६१	पदम बहादुर रोकाय	प्रतिनिधि राष्ट्रिय निकुन्ज						
६२	उमेश धिताल	पशु सेवा शाखा						
६३	प्रोग्रेस क्रेष्ठ	प्रतिनिधि शाखा						
६४	श्याम के.सी	कार्यालय सहयोगी	श्याम	श्याम	श्याम	श्याम		
६५	[illegible]	सहयोग नेपाल संवाददाता						
६६	रमेश प्रसाद आचार्य (सामुदायिक विकास केन्द्र)							
६७	[illegible]	नेपाल SDIC						

अनुसूची २ : मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला गोष्ठीको उपस्थिति



आज मिति २०७६ माघ महिनाको २ गते का दिन दुर्चेश्वर गाउँपालिका वडा नं. ६ स्थित दुर्गामण्डी भी.वि.मा. दुर्चेश्वर गाउँपालिकाका अध्यक्ष श्री योगेन्द्र सिंह तामाङ्ग को अध्यक्षतामा दुर्चेश्वर गाउँपालिकाका सातवटै वडा अध्यक्ष उपस्थित, गाउँ कार्यपालिकाका सदस्य उपस्थित, विभिन्न क्षेत्रका प्रतिनिधीहरु तथा तपशिल बमोजिम अन्य सहभागिता जनाउनु भएका प्रश्नोत्तर र छलफलपछि आवधिक विकास योजना तर्जुमा मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशालामा निम्न अतिथिहरुको उपस्थिति रहेको ।

क्र.सं. — उपस्थितिहरु

१.	श्री योगेन्द्र सिंह तामाङ	गा.वि.अ. अध्यक्ष
२.	श्री अञ्जु अचार्य	गा.वि.अ. अध्यक्षका
३.	श्री सुन बहादुर तामाङ	वडा नं. १ अध्यक्ष
४.	श्री हिरा तामाङ	वडा नं. २ अध्यक्ष
५.	श्री [illegible]	वडा अध्यक्ष दुर्चेश्वर - ३
६.	श्री समाचे तामाङ	वडा अध्यक्ष दुर्चेश्वर - ४
७.	श्री सन्त तामाङ	वडा अध्यक्ष दुर्चेश्वर - ५
८.	श्री किशोर आचार्य	वडा अध्यक्ष दुर्चेश्वर - ६
९.	श्री प्रेम बहादुर सिर्पाला	वडा अध्यक्ष दुर्चेश्वर - ७
१०.	श्री सानुमाया थिङ	कार्यपालिका सदस्य
११.	श्री उमा घाया	कार्यपालिका सदस्य
१२.	श्री सविता तामाङ	कार्यपालिका सदस्य
१३.	श्री सिर्जामाया तामाङ	कार्यपालिका सदस्य
१४.	श्री [illegible]	कार्यपालिका सदस्य
१५.	श्री रामकृष्ण सुनुवार	कार्यपालिका सदस्य
१६.	श्री नगमाङ तामाङ	कार्यपालिका सदस्य
१७.	श्री रामहरि गुरुङ	प्र.प्र.अ.
१८.	श्री सबिता पाण्डे	लेखा अधिकृत
१९.	श्री मेघनाथ घिमिरे रिसाल	शाखा अधिकृत, आर्थिक
२०.	श्री [illegible]	[illegible]
२१.	श्री [illegible]	स्वास्थ्य संयोजक
२२.	श्री [illegible]	समाज सञ्जालकर्मी

Date
Page

२३, श्री मञ्जु श्रेष्ठ	राजस्व संयोजक	Manju
२४, श्री निर्मला लामिछाने	मानव संसाधन शाखा	निर्मला
२५, श्री निशा खड्वाल	वरिष्ठ प्राविधिक	[illegible]
२६, श्री छेदा पौडेल	[illegible]	[illegible]
२७, श्री महेश्वर ढकाल	"	[illegible]
२८, शिवदुर्गाम शिविर	SDIC, [illegible]	[illegible]
२९ सुरेन्द्र वाउले	SDIC	[illegible]
३०, बसन्त महर्जन	"	[illegible]

अनुसूची २ : योजन तर्जुमा गोष्ठीका तस्वीरहरु

सुझाव संकलन कार्यशालामा गाउँपालिका अध्यक्ष आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै

योजना तर्जुमा कार्यशालामा आफ्नो मन्तव्य राख्दै गाउँपालिका उपाध्यक्ष

सुझाव संकलन कार्यशालामा मस्यौदा प्रस्तुती

योजना तर्जुमा कार्यशालाका सहभागीको सामुहिक तस्वीर

योजना तर्जुमा कार्यशालामा आफ्नो मन्तव्य राख्दै गाउँपालिका कर्मचारी

योजना तर्जुमा कार्यशालामा आफ्नो मन्तव्य राख्दै नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि

■